# आर्थिक वर्ष २०८२/८३ को
# प्रथम अर्धवार्षिक मूल्याङ्कन
# प्रतिवेदन

## लुम्बिनी प्रदेश सरकार
## आर्थिक मामिला तथा योजना मन्त्रालय,
### राप्ती उपत्यका (देउखुरी), नेपाल ।

# आर्थिक वर्ष २०८२/८३ को

# प्रथम अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

## लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

# मन्तव्य

लुम्बिनी प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको अर्धवार्षिक प्रगतिको अवस्था, बजेट तथा कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, स्थानीय तहमा वित्त हस्तान्तरणको स्थिति, आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने काम लगायतका विषय समावेश गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम यो प्रतिवेदन प्रकाशन गरिएको छ।

समीक्षा अवधिमा समग्र खर्च २०.४५ प्रतिशत रहेको छ। यसमध्ये चालु खर्च २४.१ प्रतिशत र पुँजीगत खर्च १८.०४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा भएको समग्र खर्च र पुँजीगत खर्चमा चालु आर्थिक वर्षको सोही अवधीमा केही सुधार भएको छ। पूर्व तयारी सम्पन्न नभएका आयोजना/कार्यक्रम बजेटमा समावेश गर्ने, स-साना टुक्रे आयोजनाको बाहुल्यता, खरिद कानूनमा रहेका जटिलता, प्राविधिक जनशक्तिको कमी, अन्तर निकाय तथा सरकारबीच समन्वयमा कमी लगायतका कारणले पुँजीगत खर्च लक्ष्य अनुरूप हुन सकेको छैन।

संवैधानिक व्यवस्था बमोजिम प्रदेश सरकारको क्षेत्राधिकारबाट उल्लेख्य राजस्व संकलन गर्न सकिने अवस्था छैन । यद्यपि प्रदेश सरकारले समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा प्रदेशले संकलन गर्ने सवारी साधन कर १३.९५ प्रतिशतले बढी राजस्व संकलन गरेको छ। नेपाल सरकारको राजस्व लक्ष्य बमोजिम संकलन हुन नसक्दा प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम समेत घटी प्राप्त हुन गई प्रदेश सरकारको स्रोत व्यवस्थापनमा दवाब पर्न गएको छ। यस्तो अवस्थामा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय/ निकायले मितव्ययी भई खर्च व्यवस्थापन गर्नुपर्ने अवस्था छ । चालु आर्थिक वर्षको बाँकी अवधिमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा तिब्रता ल्याउन सम्बन्धित सबैलाई आग्रह गर्दछु । साथै, यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबै निकाय तथा कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

धनेन्द्र कार्की
आर्थिक मामिला तथा योजना मन्त्री,
लुम्बिनी प्रदेश सरकार

# विषयसूची

## परिच्छेद- एक
## समष्टिगत आर्थिक अवस्था


१.१ विश्व अर्थतन्त्र ........................................ १
१.२ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र ........................................ १
१.३ मुद्रास्फीति ........................................ २
१.४ निक्षेप परिचालन ........................................ २
१.५ कर्जा प्रवाह ........................................ २
१.६ विप्रेषण आप्रवाह ........................................ २
१.७ शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चिति ........................................ ३


## परिच्छेद- दुई
## बजेट विनियोजन तथा खर्च


२.१ समष्टिगत खर्च स्थिति विश्लेषण ........................................ ४
२.२ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको मन्त्रालयगत खर्च ........................................ ५
२.३ पुस मसान्तसम्मको वित्तीय प्रगतिको मन्त्रालयगत प्रवृत्ति ........................................ ५
२.४ प्रदेशको मासिक खर्च प्रवृत्ति ........................................ ६
२.५ स्रोतगत खर्च ........................................ ७
२.६ कार्यगत खर्च स्थिति ........................................ ७
२.७ दिगो विकास सूचक अनुसारको खर्च ........................................ ८
२.८ लैंगिक बजेट विनियोजन र खर्च स्थिति ........................................ ९
२.९ जलवायु बजेट विनियोजन र खर्च ........................................ ९
२.१० चालु र पुँजीगत तर्फ सबैभन्दा बढी खर्च भएका ५ खर्च शीर्षकहरू ........................................ १०
२.११ स्थानीय तह वित्त हस्तान्तरण ........................................ ११
२.१२ बहुवर्षीय ठेक्का सहमति तथा स्रोत सुनिश्चितता ........................................ ११
२.१३ भुक्तानी बाँकीको अवस्था* ........................................ १२
२.१४ प्रदेश गौरवका आयोजनाहरु ........................................ १३


## परिच्छेद- तीन
## मन्त्रालयगत-निकायगत उपलब्धी


३.१ प्रदेश सभा........................................ १९
३.२ प्रदेश लोक सेवा आयोग ........................................ १९
३.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय........................................ २२
३.४ आर्थिक मामिला तथा योजना मन्त्रालय........................................ २८
३.५ उद्योग, पर्यटन तथा यातायात मन्त्रालय........................................ ३२
३.६ ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय........................................ ३९

३.७ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ........ ४१
३.८ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ ४६
३.९ वन तथा वातावरण मन्त्रालय ........ ४९
३.१० भौतिक पूर्वाधार विकास मन्त्रालय ........ ५५
३.११ युवा तथा खेलकुद मन्त्रालय ........ ५९
३.१२ सहरी विकास तथा खानेपानी मन्त्रालय ........ ६२
३.१३ सामाजिक विकास मन्त्रालय ........ ६६
३.१४ स्वास्थ्य मन्त्रालय ........ ७४
३.१५ लुम्बिनी प्रदेश योजना आयोग ........ ८०

## परिच्छेद- चार
## स्रोत व्यवस्थापन

४.१ राजस्व प्राप्ती अनुमान तथा प्रगति ........ ८१
४.२ राजस्व परिचालनको प्रवृत्ति ........ ८१
४.३ प्रदेशको एकल राजस्व ........ ८२
४.४ अन्य प्राप्ती ........ ८२
४.५ सवारी साधन कर ........ ८३
४.६ स्थानीय तहबाट प्राप्त राजस्व ........ ८३
४.७ नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट ........ ८४
४.८ नेपाल सरकारबाट प्राप्त अनुदान ........ ८४
४.९ आय प्रक्षेपण ........ ८५

## परिच्छेद -पाँच
## समस्या तथा चुनौती

५ समस्या तथा चुनौती ........ ८६

## परिच्छेद -छ
## आगामी रणनीति

६.१ बजेट कार्यान्वयन ........ ८८
६.२ पुँजीगत खर्चमा बृद्धि ........ ८८
६.३ राजस्व व्यवस्थाप ........ ८९
६.४ बाँकी अवधिको लागि अवलम्बन गर्नुपर्ने रणनीति ........ ८९
६.५ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू ........ ९०
६.६ निष्कर्ष ........ ९०

**अनुसूची** ........ ९१

| तालिका नं. | शीर्षक |
| --- | --- |
| तालिका २.१ | समष्टिगत खर्चको तुलनात्मक स्थिति (रु.हजारमा) |
| तालिका २.२ | पुस मसान्तसम्मको मन्त्रालयगत खर्च स्थिति (रु.हजारमा) |
| तालिका २.३ | पुस मसान्तसम्मको वित्तीय प्रगतिको मन्त्रालयगत प्रवृत्ति (प्रतिशतमा) |
| तालिका २.४ | स्रोतगत खर्च प्रवृत्ति (रु.हजारमा) |
| तालिका २.५ | कार्यगत खर्च प्रवृत्ति (रु.हजारमा) |
| तालिका २.६ | दिगो विकास सूचक अनुसारको खर्च (रु.हजारमा) |
| तालिका २.७ | लैंगिक उत्तरदायी बजेटको खर्च (रु.हजारमा) |
| तालिका २.८ | जलबायु परिवर्तन बजेटको खर्च (रु.हजारमा) |
| तालिका २.९ | प्रमुख पाँच चालु खर्च शीर्षक (रु.हजारमा) |
| तालिका २.१० | प्रमुख पाँच पुँजीगत खर्च शीर्षक (रु.हजारमा) |
| तालिका २.११ | स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरण (रु.हजारमा) |
| तालिका २.१२ | मन्त्रालयगत भुक्तानी बाँकी (रु.हजारमा) |
| तालिका २.१३ | खर्च शीर्षकगत भुक्तानी बाँकी (रु.हजारमा) |
| तालिका २.१४ | इन्जिनियरिङ्ग तथा सूचना प्रविधि अध्ययन संस्थानमा भर्ना भएका विद्यार्थी सङ्ख्या |
| तालिका २.१५ | प्रदेश गौरवको आयोजनाः रामपुर कपुरकोट सडकको २०८२ पुस मसान्तसम्मको प्रगति |
| तालिका ३.१ | प्रदेश सभाको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.२ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (प्रदेश लोक सेवा आयोग) |
| तालिका ३.३ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (प्रदेश लोक सेवा आयोग) |
| तालिका ३.४ | प्रदेश लोक सेवा आयोगको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.५ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) |
| तालिका ३.६ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) |
| तालिका ३.७ | मुख्यमन्त्री तथा पन्त्रिपरिषद्को कार्यालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.८ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (आर्थिक मामिला तथा योजना मन्त्रालय) |
| तालिका ३.९ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (आर्थिक मामिला तथा योजना मन्त्रालय) |
| तालिका ३.१० | आर्थिक मामिला तथा योजना मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.११ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (उद्योग, पर्यटन तथा यातायात मन्त्रालय) |
| तालिका ३.१२ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (उद्योग, पर्यटन तथा यातायात मन्त्रालय) |

| | |
|---|---|
| तालिका ३.१३ | उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.१४ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय) |
| तालिका ३.१५ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय) |
| तालिका ३.१६ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.१७ | नीति तथा कार्यक्रम र बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय) |
| तालिका ३.१८ | आ.व.२०८२/८३ को पुस मसान्तसम्मको उपलब्धि (कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय) |
| तालिका ३.१९ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.२० | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (आन्तरिक मामिला तथा कानून मन्त्रालय) |
| तालिका ३.२१ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (आन्तरिक मामिला तथा कानून मन्त्रालय) |
| तालिका ३.२२ | आन्तरिक मामिला तथा कानून मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.२३ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (वन तथा वातावरण मन्त्रालय) |
| तालिका ३.२४ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (वन तथा वातावरण मन्त्रालय) |
| तालिका ३.२५ | अपेक्षित उपलब्धीको पुस मसान्तसम्मको प्रगति (वन तथा वातावरण मन्त्रालय) |
| तालिका ३.२६ | वन तथा वातावरण मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.२७ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (भौतिक पूर्वाधार विकास मन्त्रालय) |
| तालिका ३.२८ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (भौतिक पूर्वाधार विकास मन्त्रालय) |
| तालिका ३.२९ | आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मका उपलब्धि (भौतिक पूर्वाधार विकास मन्त्रालय) |
| तालिका ३.३० | भौतिक पूर्वाधार विकास मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.३१ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (युवा तथा खेलकुद मन्त्रालय) |
| तालिका ३.३२ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (युवा तथा खेलकुद मन्त्रालय) |
| तालिका ३.३३ | युवा तथा खेलकुद मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.३४ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (सहरी विकास तथा खानेपानी मन्त्रालय) |
| तालिका ३.३५ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (सहरी विकास तथा खानेपानी मन्त्रालय) |
| तालिका ३.३६ | सहरी विकास तथा खानेपानी मन्त्रालयको अपेक्षित उपलब्धीको प्रगति |
| तालिका ३.३७ | सहरी विकास तथा खानेपानी मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.३८ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (शिक्षा तर्फ) |
| तालिका ३.३९ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (सामाजिक तर्फ) |

| | |
|---|---|
| तालिका ३.४० | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (शिक्षा तर्फ) |
| तालिका ३.४१ | बजेट वक्तव्यको पुस मसान्त सम्मको प्रगति (सामाजिक तर्फ) |
| तालिका ३.४२ | सामाजिक विकास मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.४३ | नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (स्वास्थ्य मन्त्रालय) |
| तालिका ३.४४ | बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (स्वास्थ्य मन्त्रालय) |
| तालिका ३.४५ | स्वास्थ्य मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ३.४६ | लुम्बिनी प्रदेश योजना आयोगको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा) |
| तालिका ४.१ | राजस्व प्राप्ती अनुमान तथा प्रगति (रु.हजारमा) |
| तालिका ४.२ | राजस्व प्रगतिको प्रवृत्ति (रु.हजारमा) |
| तालिका ४.३ | प्रमुख एकल राजस्व सङ्कलन (रु.हजारमा) |
| तालिका ४.४ | अन्य प्राप्ती (रु.हजारमा) |
| तालिका ४.५ | सवारी साधन कर (रु.हजारमा) |
| तालिका ४.६ | स्थानीय तहले संकलन/बाँडफाट गर्ने राजस्व (मालपोत समेत रु.हजारमा) |
| तालिका ४.७ | नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट (रु.हजारमा) |
| तालिका ४.८ | नेपाल सरकारबाट प्राप्त अनुदान (रु.हजारमा) |
| तालिका ४.९ | आय प्रक्षेपण (रु.हजारमा) |

| चित्र नं. | शीर्षक |
|---|---|
| चित्र २.१ | विनियोजनको तुलनामा पुस मसान्तसम्मको खर्च स्थिति (प्रतिशतमा) |
| चित्र २.२ | लुम्बिनी प्रदेशको मासिक खर्च प्रवृत्ति (प्रतिशतमा) |

## परिच्छेद - एक

# समष्टिगत आर्थिक अवस्था

### १.१ विश्व अर्थतन्त्र

सन् २०२४ र सन् २०२५ मा ३.३ प्रतिशतले बृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२६ मा समेत ३.३ प्रतिशतले बृद्धि हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ। सन् २०२५ को अन्त्य र २०२६ को शुरुवातमा विश्वव्यापीरुपमा देखिएका आर्थिक, संरचनात्मक र भू-राजनीतिक विकास क्रमले विश्व आपूर्ति श्रृङ्खलामा पुनर्संरचना भई विकासशील मुलुकहरूका लागि नयाँ अवसर तथा चुनौतीहरू सिर्जना हुने आँकलन छ।

चीन र भारतको आर्थिक बृद्धिदर सन् २०२४ मा क्रमशः ५.० प्रतिशत र ६.५ प्रतिशत रहेकोमा सन् २०२५ मा क्रमशः ५.० प्रतिशत र ७.३ प्रतिशत रहने अनुमान छ। सन् २०२६ मा यी मुलुकहरूको आर्थिक बृद्धिदर क्रमशः ४.५ प्रतिशत र ६.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ। समग्रमा, चीनको अर्थतन्त्र संरचनात्मक पुनर्सन्तुलनको चरणमा प्रवेश गरेको तथा भारत दीर्घकालीन उच्च आर्थिक बृद्धिउन्मुख देखिन्छ।

### १.२ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधिमा मौसमी प्रभाव असमायोजित कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्य) को बृद्धिदर अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.०२ प्रतिशत भएको प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्य) मा यस्तो बृद्धि २.९ प्रतिशत रहेको संशोधित अनुमान छ।

आर्थिक वर्ष २०८१/८२ को उपभोक्ता मूल्यमा राष्ट्रिय आर्थिक बृद्धिदर ४.६१ र लुम्बिनी प्रदेशको आर्थिक बृद्धिदर ४.७ प्रतिशत कायम रहने अनुमान रहेको छ। लुम्बिनी प्रदेशको गत आर्थिक वर्ष २०८०/८१को आर्थिक बृद्धिदर ३.९४ प्रतिशत र आर्थिक वर्ष २०७९/८० मा १.९४ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.८ खर्ब ६९ अर्ब रहने प्रारम्भिक अनुमान रहेको छ भने आर्थिक वर्ष २०८०/८१ मा रु.८ खर्ब १५ अर्ब रहेको संशोधित अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान १४.२ प्रतिशत रहने अनुमान छ।

### १.३ मुद्रास्फीति

२०८२ पुष महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.४२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.४१ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको गत छ महिनाको औसत मुद्रास्फीति १.७० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति ४.९७ प्रतिशत रहेको थियो।

समीक्षा महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति लुम्बिनी प्रदेशको २.६२ प्रतिशत रहेको छ भने सबैभन्दा बढी मधेश प्रदेशको ३.३७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको १.०८ प्रतिशत रहेको छ।

### १.४ निक्षेप परिचालन

समीक्षा अवधिमा बैङ्क तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रू.४ खर्ब १७ अर्ब ४८ करोड (५.७ प्रतिशत) ले बढेर रू.७६ खर्ब ८१ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो निक्षेप रू.२ खर्ब ३९ अर्ब ६ करोड (३.७ प्रतिशत) ले बढेको थियो। बार्षिक बिन्दुगत आधारमा २०८२ पुस मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १४.८ प्रतिशतले बढेको छ।

### १.५ कर्जा प्रवाह

समीक्षा अवधिमा बैङ्क तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.१ खर्ब ९७ अर्ब ४७ करोड (३.६ प्रतिशत) ले बढेर रू.५६ खर्ब ९५ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो कर्जा रू.२ खर्ब ६५ अर्ब ५६ करोड (५.२ प्रतिशत) ले बढेको थियो। बार्षिक बिन्दुगत आधारमा २०८२ पुस मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको छ।

### १.६ विप्रेषण आप्रवाह

चालु आर्थिक वर्षको समीक्षा अवधिसम्ममा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले बृद्धि भई रु.१० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.२ प्रतिशतले बढेको थियो। २०८२ पुष महिनामा विप्रेषण आप्रवाह रु.१ खर्ब ९२ अर्ब ६२ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु.१ खर्ब २२ अर्ब ४४ करोड रहेको थियो।

### १.७ शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चिति

समीक्षा अवधिमा चालु खाता रु.४ खर्ब २९ अर्व ९१ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.१ खर्ब ६५ अर्व ६७ करोडले बचतमा रहेको थियो भने समीक्षा अवधिमा शोधनान्तर स्थिति रू.५ खर्ब १ अर्ब २४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ४९ अर्व २६ करोडले बचतमा रहेको थियो।

२०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्व ६८ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २१.१ प्रतिशतले बृद्धि भई २०८२ पुष मसान्तमा रु.३२ खर्ब ४२ अर्व ४५ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा २०८२ पुष मसान्तमा १५.२ प्रतिशतले बृद्धि भई २२ अर्ब ४७ करोड पुगेको छ।

## परिच्छेद - दुई

# बजेट विनियोजन र खर्च

### २.१ समष्टिगत खर्च स्थिति विश्लेषण

चालु आर्थिक वर्ष २०८२/८३ मा चालु तर्फ रु.१५ अर्ब ४३ करोड ८५ लाख र पुँजीगत तर्फ रु.२३ अर्ब ४७ करोड १५ लाख गरी जम्मा रु.३८ अर्ब ९१ करोड विनियोजन भएकोमा २०८२ पुस मसान्तसम्म जम्मा रु.७ अर्ब ९५ करोड ५५ लाख खर्च भएको छ। यो कुल विनियोजनको २०.४५ प्रतिशत हो। चालुतर्फ रु.३ अर्ब ७२ करोड १४ लाख अर्थात २४.१ प्रतिशत र पुँजीगततर्फ रु.४ अर्ब २३ करोड ४० लाख अर्थात् १८.०४ प्रतिशत खर्च भएको छ।

*तालिका २.१ समष्टिगत खर्चको तुलनात्मक स्थिति (रु.हजारमा)*

| खर्च शिर्षक | विनियोजन | | | पुस मसान्तसम्मको खर्च | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| चालु* | १७२२२७९९ | १४३८४१०० | १५४३८५३५ | ३८०२१८२ | ३४४४६७७ | ३७२१४४७ |
| पुँजीगत | २३२५६९०१ | २४५८५९०० | २३४७१४६५ | ३६८५३८५ | ४०९१३७४ | ४२३४०८६ |
| जम्मा | ४०४७९७०० | ३८९७०००० | ३८९१०००० | ७४८७५६७ | ७५३६०५१ | ७९५५५३३ |

**वित्तीय हस्तान्तरण समेत (स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणबाट भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य एवम् कृषि लगायतका पुँजीगत खर्च प्रदेशमा चालुतर्फ लेखाङ्कन हुँदा यसबाट वास्तविक पुँजीगत खर्च चित्रण हुन सकेको छैन।)*

*चित्र २.१ विनियोजनको तुलनामा पुस मसान्तसम्मको खर्च स्थिति (प्रतिशतमा)*



## २.२ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको मन्त्रालयगत खर्च

समीक्षा अवधिमा लुम्बिनी प्रदेश सरकारको खर्च २०.४५ प्रतिशत हुँदा सबैभन्दा बढी वित्तीय प्रगति स्वास्थ्य मन्त्रालय, प्रदेश सभा र प्रदेश लोकसेवा आयोगको क्रमशः ४२.१०, २४.०३ र २२.२० प्रतिशत रहेको छ। त्यसैगरी सबैभन्दा कम वित्तीय प्रगती युवा तथा खेलकुद मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयको क्रमशः ५.३३, ६.५५ र ७.९५ प्रतिशत रहेको छ।

*तालिका २.२ पुस मसान्तसम्मको मन्त्रालयगत खर्च स्थिति (रु.हजारमा)*

| मन्त्रालय/निकाय | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| स्वास्थ्य मन्त्रालय | ४९५२९७३ | २०८५३९६ | ४२.१० |
| स्थानीय तह वित्त हस्तान्तरण | ३४२३७४९ | ११२२४०७ | ३२.७८ |
| प्रदेश सभा | २६२००० | ६२९५२ | २४.०३ |
| प्रदेश लोक सेवा आयोग | १००००० | २२१९७ | २२.२० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ९९२४५०० | १९२८४७३ | १९.४३ |
| कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | १५०४७५० | २८४८५६ | १८.९३ |
| वन तथा वातावरण मन्त्रालय | २५४७४५० | ४७७१७७ | १८.७३ |
| सहरी विकास तथा खानेपानी मन्त्रालय | ५६२०३८० | ९७९२२६ | १७.४२ |
| प्रदेश योजना आयोग | ३०५०० | ५२०६ | १७.०७ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १६४००० | २७३९६ | १६.७० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५०१८०० | ७१५२८ | १४.२५ |
| उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | १९०४२११ | २३६४६७ | १२.४२ |
| ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | २६८६००० | ३२०६१७ | ११.९४ |
| सामाजिक विकास मन्त्रालय | ३६१७५३७ | २८७७३७ | ७.९५ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३६६९९६ | २४०४८ | ६.५५ |
| युवा तथा खेलकुद मन्त्रालय | ३७२४५० | १९८५० | ५.३३ |
| लुम्बिनी प्रदेशको कुल जम्मा | ३८९१०००० | ७९५५५३३ | २०.४५ |

## २.३ पुस मसान्तसम्मको वित्तीय प्रगतिको मन्त्रालयगत प्रवृत्ति

समीक्षा अवधिका वित्तीय प्रगति प्रतिवेदनका अनुसार लुम्बिनी प्रदेशको खर्च गर्ने क्षमता निरन्तररुपमा सुधार हुँदै गएको देखिन्छ। लुम्बिनी प्रदेशका वित्तीय प्रगति धेरै हुने निकायमा स्वास्थ्य मन्त्रालय, प्रदेश सभा र प्रदेश लोकसेवा आयोग रहेका छन्। त्यसैगरी स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा पनि क्रमिकरुपमा बृद्धि भएको देखिन्छ।

*तालिका २.३ पुस मसान्तसम्मको वित्तीय प्रगतिको मन्त्रालयगत प्रवृत्ति (प्रतिशतमा)*

| मन्त्रालय/निकाय | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| स्वास्थ्य मन्त्रालय | २९.३४ | २४.१४ | ३३.२८ | ३५.१९ | ४२.१० |
| स्थानीय तह वित्त हस्तान्तरण | २८.१६ | २८.६१ | २८.९२ | २९.१९ | ३२.७८ |
| प्रदेश सभा | २४.४८ | २५.०९ | २६.९९ | ३४.६१ | २४.०३ |
| प्रदेश लोक सेवा आयोग | ५४.२७ | ६३.७७ | २२.६० | ३९.०२ | २२.२० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १५.३३ | १४.३० | १२.९८ | १५.३२ | १९.४३ |
| कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ७.४८ | १४.५९ | १७.५५ | २०.१४ | १८.९३ |
| वन तथा वातावरण मन्त्रालय | १५.१७ | २२.४८ | २१.३५ | १९.२३ | १८.७३ |
| सहरी विकास तथा खानेपानी मन्त्रालय | ९.६८ | १९.८४ | २०.४९ | २०.२९ | १७.४२ |
| प्रदेश योजना आयोग | ११.२५ | २०.०१ | १५.७३ | १७.७५ | १७.०७ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १०.२४ | ११.५० | २१.२२ | २७.६० | १६.७० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७.९५ | १४.२० | ५.०२ | १२.६३ | १४.२५ |
| उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | ४८.४० | २०.३८ | १४.१९ | ९.३१ | १२.४२ |
| ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ८.१० | १३.५८ | | १३.४७ | ११.९४ |
| सामाजिक विकास मन्त्रालय | १३.३५ | २०.४८ | १७.१९ | ११.०६ | ७.९५ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १८.०४ | १५.७५ | ३५.२१ | ४.९१ | ६.५५ |
| युवा तथा खेलकुद मन्त्रालय | | | | | ५.३३ |
| महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ०.४३ | १०.८६ | | १.०४ | |
| श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | १०.०० | २५.७५ | | | |
| लुम्बिनी प्रदेश | १५.४६ | १८.४५ | १८.५० | १९.३४ | २०.४५ |

**विभिन्न समयमा मन्त्रालय टुक्रिने, थपिने/गाभिने तथा नाम परिवर्तन भएको अवस्थामा रहेको उक्त मन्त्रालयको वित्तीय प्रगति सम्बन्धित मन्त्रालयमा समाबेश गरिएको छ।*

## २.४ प्रदेशको मासिक खर्च प्रवृत्ति

लुम्बिनी प्रदेश सरकारको गत आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तसम्म र पुस मसान्तसम्म क्रमशः ९.४३ प्रतिशत र १९.३४ प्रतिशत वित्तीय प्रगति भएकोमा चालु आर्थिक वर्षको सोही अवधिसम्म क्रमशः ९.३५ प्रतिशत र २०.४५ प्रतिशत वित्तीय प्रगति भएको छ। पहिलो छ महिनाको खर्चलाई मासिकरुपमा हेर्दा असोज र पुस महिनामा प्रदेश सरकारको बढी खर्च हुने गरेको देखिन्छ।

*चित्र २.२ लुम्बिनी प्रदेशको मासिक खर्च प्रवृत्ति (प्रतिशतमा)*




## २.५ स्रोतगत खर्च

चालु आर्थिक वर्षको समीक्षा अवधिमा लुम्बिनी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान स्रोत तर्फ सबैभन्दा बढी ३१.८९ प्रतिशत खर्च भएको देखिन्छ। प्रदेश सरकारले खर्च गर्न नसकी फिर्ता हुने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान स्रोत तर्फ भने क्रमशः १४.५३, १८.३९ र ३.७० प्रतिशत मात्र खर्च भएको छ।

*तालिका २.४ स्रोतगत खर्च प्रवृत्ति (रु.हजारमा)*

| स्रोत | विनियोजन (रु.हजारमा) | | | पुस मसान्तसम्मको खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| नगद (आन्तरिक स्रोत) | २५०९५५०० | २४९५०६९९ | २४८९०१०० | १९.७४ | १७.६३ | १७.९८ |
| वित्तीय समानीकरण अनुदान | ८१४८३०० | ८२८६४०० | ८४४४४०० | १८.३४ | २८.२२ | ३१.८९ |
| सशर्त अनुदान | ५८३५९०० | ४१९३३०१ | ४६६१५०० | १४.३६ | १६.३० | १४.५३ |
| समपूरक अनुदान | ८४०००० | ७९५००० | ५१४००० | १८.६४ | ९.०६ | १८.३९ |
| विशेष अनुदान | ५६०००० | ७४४६०० | ४००००० | ८.१७ | ५.८८ | ३.७० |
| जम्मा | ४०४७९७०० | ३८९७०००० | ३८९१०००० | १८.५० | १९.३४ | २०.४५ |

## २.६ कार्यगत खर्च स्थिति

चालु आर्थिक वर्षमा प्रदेश सरकारले आर्थिक विकाससँग सम्बन्धित कार्यका लागि सबैभन्दा बढी रु.१४ अर्ब ५५ करोड विनियोजन गरेकोमा पुस मसान्तसम्म १८.१४ प्रतिशत र सार्वजनिक सेवा सञ्चालनमा रु. ७ अर्ब १६ करोड विनियोजन गरेको समीक्षा अवधिमा २४.७७ प्रतिशत खर्च गरेको देखिन्छ। चालु आर्थिक

वर्ष २०८२/८३ मा शिक्षा क्षेत्रको बजेट ३९.२९ प्रतिशतले बृद्धि भएकोमा ८.१९ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी सार्वजनिक शान्ति सुरक्षा र रक्षा क्षेत्रमा समेत बजेट विनियोजन हुँदै आएकोमा चालु आर्थिक वर्षमा सार्वजनिक शान्ति सुरक्षा क्षेत्रमा रु.१८ करोड ७० लाख र रक्षा क्षेत्रमा रु.३० लाख विनियोजन भएको देखिन्छ।

*तालिका २.५ कार्यगत खर्च प्रवृत्ति (रु.हजारमा)*

| कार्यगत वर्गीकरण | २०८०/८१ | | २०८१/८२ | | २०८२/८३ | |
|---|---|---|---|---|---|---|
| | शुरु बजेट | खर्च % | शुरु बजेट | खर्च % | शुरु बजेट | खर्च % |
| ०१ सामान्य सार्वजनिक सेवा | ७६५६७३१ | १९.५४ | ६५१८१९३ | २४.६३ | ७१६२५१० | २४.७७ |
| ०२ रक्षा | ८०००९ | १७.०९ | ७५५११ | १५.६४ | ३००० | ०.०० |
| ०३ सार्वजनिक शान्ति सुरक्षा | ३३३६५० | ३१.१० | २११३०० | ०.०५ | १८७००० | ०.५१ |
| ०४ आर्थिक मामिला | १६४२६९३७ | १४.३१ | १५३२९३४९ | १४.७९ | १४५५९५५७ | १८.१४ |
| ०५ वातावरण संरक्षण | ७२१९०९ | १७.०० | १३८५६६१ | ११.३७ | १२७०८६५ | १०.२३ |
| ०६ आवास तथा सामुदायिक सुविधा | ६१६८९८६ | २०.३९ | ५६५३३२४ | २०.०५ | ५७६२८८१ | १७.२८ |
| ०७ स्वास्थ्य | ४४३४४०२ | ३३.२८ | ५७५५७६९ | ३५.१९ | ४९४२२२४ | ४२.१६ |
| ०८ मनोरञ्जन,संस्कृति तथा धर्म | ११०१२०० | ५.१७ | १२११८५० | २.६८ | १२५०२२६ | २.७१ |
| ०९ शिक्षा | २३२०८७० | १८.५५ | २५०४०४३ | ११.७० | ३४८७९६७ | ८.१९ |
| १० सामाजिक सुरक्षा | १२३५००६ | १४.५१ | ३२५००० | ३.२६ | २८३७७० | ३.९५ |
| जम्मा | ४०४७९७०० | १८.५० | ३८९७०००० | १९.३४ | ३८९१०००० | २०.४५ |

## २.७ दिगो विकास सूचक अनुसारको खर्च

गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा दिगो विकास सूचक अनुसार गरिएको बजेट विनियोजन तथा Treasury Single Account (TSA) को खर्चको प्रतिवेदन अनुसार चालु आर्थिक वर्षको समीक्षा अवधिमा सबैभन्दा बढी खर्च स्वस्थ जीवन लक्ष्यमा ४०.४८ प्रतिशत र दिगो उपभोग तथा उत्पादन लक्ष्य शीर्षकमा २६.९७ प्रतिशत रहेको छ।

*तालिका २.६ दिगो विकास सूचक अनुसारको खर्च (रु.हजारमा)*

| संकेत | दिगो विकास लक्ष्य | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| ० | साङ्केतीकरण नगरिएको | १०६४१८३५ | ११७१६२३१ | २७४४२२८ | ३०४८४६४ | २५.८ | २६.०२ |
| १ | गरिबीको अन्त्य | १२१५७४ | ८११९१ | १२९६५ | ८४६४ | १०.७ | १०.४२ |
| २ | शून्य भोकमरी | २८४६२४८ | २२२१२६९ | ३१०३९१ | २२५९३१ | १०.९ | १०.१७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्वस्थ जीवन | ४४६३०३२ | ३६५३६८१ | १४४७९३० | १४७८८३८ | ३२.४ | ४०.४८ |
| ४ | गुणस्तरीय शिक्षा | १७१७२०४ | २६८८५५३ | ९३८२३ | ९५९९९ | ५.५ | ३.५७ |
| ५ | लैङ्गिक समानता | १२८००० | ६२१०० | ० | ६५७ | ०.० | १.०६ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १५७५१२५ | १५७०३८० | ३३३३०५ | २२६५६३ | २१.२ | १४.४३ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १३५००० | ८९४०० | १४१६५ | ० | १०.५ | ०.० |
| ८ | समावेशी आर्थिक बृद्धि तथा मर्यादित काम | २७०५५९ | ३३२२७४ | ६३३८० | ७२५९३ | २३.४ | २१.८५ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ९५८७८५१ | ८७६६३५१ | १३८४०२८ | १७०९४२३ | १४.४ | १९.५० |
| १० | असमानता न्यूनीकरण | ८८२००० | १३११४९६ | १३२७० | ३५४१४ | १.५ | २.७० |
| ११ | दिगो शहर र वस्तीहरू | ३४५४१८७ | ३९१०६९९ | ६७९०८५ | ६८६६१३ | १९.७ | १७.५६ |
| १२ | दिगो उपभोग तथा उत्पादन | २०४६०० | १८१६५७ | ४६९९५ | ४८९९९ | २३.० | २६.९७ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | १२८०४०६ | ६४२७८९ | ११०६३४ | ७१३१६ | ८.६ | ११.०९ |
| १५ | भूसतह स्रोतको उपयोग | ६१९२९२ | ७४६७७१ | ६७१८३ | ७८७०८ | १०.८ | १०.५४ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १०४३०८७ | ९३५१५८ | २१४६६९ | १६७५४५ | २०.६ | १७.९२ |
| | जम्मा | ३८९७०००० | ३८९१०००० | ७५३६०५१ | ७९५५५२७ | १९.३ | २०.४५ |

## २.८ लैंगिक बजेट विनियोजन र खर्च स्थिति

चालु आर्थिक वर्षमा लैंगिक उत्तरदायी हुने गरी गरिएको बजेट विनियोजन तथा खर्चको प्रतिवेदन अनुसार समीक्षा अवधिमा प्रत्यक्ष लाभ हुने लैंगिक उत्तरदायी बजेटको ३१.४३ प्रतिशत खर्च भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा २७ प्रतिशत भएको थियो।

*तालिका २.७ लैंगिक उत्तरदायी बजेटको खर्च (रु.हजारमा)*

| लैंगिक उत्तरदायी | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| प्रत्यक्ष लाभ | १०४८११२१ | ९६७२२०३ | २८२९६१६ | ३०३९७५९ | २७.० | ३१.४३ |
| अप्रत्यक्ष लाभ | ९६३५०६० | १०७१२५४४ | १५०२८९९ | १२७५४५१ | १५.६ | ११.९१ |
| तटस्थ | १८८५३८१९ | १८५२५२५३ | ३२०३५३६ | ३६४०३१७ | १७.० | १९.६५ |
| जम्मा | ३८९७०००० | ३८९१०००० | ७५३६०५१ | ७९५५५२७ | १९.३ | २०.४५ |

## २.९ जलवायु बजेट विनियोजन र खर्च

गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा जलवायु परिवर्तन अनुसार गरिएको बजेट विनियोजन तथा खर्चको प्रतिवेदन अनुसार समीक्षा अवधिमा प्रत्यक्ष लाभ हुने जलवायु परिवर्तन बजेटको सबैभन्दा कम ५.३६ प्रतिशत खर्च भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा ६.२८ प्रतिशत खर्च भएको थियो।

*तालिका २.८ जलवायु परिवर्तन बजेटको खर्च (रु.हजारमा)*

| जलवायु परिवर्तन तर्फ | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८१/८२२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| प्रत्यक्ष लाभ | १७९०८८३ | १८४५१८३ | ११२४९८ | ९८९३६ | ६.२८ | ५.३६ |
| अप्रत्यक्ष लाभ | १००३४८६३ | ९८९५६१९ | २१७९३४५ | २१७३६२८ | २१.७२ | २१.९७ |
| तटस्थ | २७१४४२५४ | २७१६९१९८ | ५२४४२०८ | ५६८२९६३ | १९.३२ | २०.९२ |
| जम्मा | ३८९७०००० | ३८९१०००० | ७५३६०५१ | ७९५५५२७ | १९.३४ | २०.४५ |

## २.१० चालु र पुँजीगत तर्फ सबैभन्दा बढी खर्च भएका ५ खर्च शीर्षकहरू

चालु आर्थिक वर्षको पुस मसान्तसम्म भएको कुल चालु खर्च रु.३ अर्ब ७२ करोडमध्ये कर्मचारीको पारिश्रमिक तर्फ २७.४२ प्रतिशत, कार्यक्रम खर्चतर्फ १२.६२ प्रतिशत र स्थानीय तहलाई समानीकरण अनुदान हस्तान्तरण तर्फ ११.०३ प्रतिशत रहेको छ। समीक्षा अवधिका तीन वर्षका खर्चको विवरण अनुसार करार सेवा शुल्क शीर्षक तर्फको खर्च रकम निरन्तर बढ्दै गएको छ।

*तालिका २.९ प्रमुख पाँच चालु खर्च शीर्षक (रु.हजारमा)*

| चालु खर्च शीर्षक | पुस मसान्तसम्मको खर्च | | | चालु खर्चको हिस्सा (%) | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २१११११ पारिश्रमिक कर्मचारी | १०१९९६६ | १०४०९६८ | १०२०२९० | २६.८३ | ३०.२२ | २७.४२ |
| २२५२२ कार्यक्रम खर्च | ४७६३७० | ४४८२६७ | ४६९८१६ | १२.५३ | १३.०१ | १२.६२ |
| २६३३१ समानीकरण अनुदान | ४१७२१८ | ३९४४०३ | ४१०५०४ | १०.९७ | ११.४५ | ११.०३ |
| २२४१३ करार सेवा शुल्क | ३१०१०५ | ३५०८०३ | ४०७६६६ | ८.१६ | १०.१८ | १०.९५ |
| २६३३६ सशर्त अनुदान (पुँजीगत) | २४३७४५ | २४८००० | ३९३०८० | ६.४१ | ७.२० | १०.५६ |
| जम्मा चालु खर्च | ३८०२१८२ | ३४४४६७७ | ३७२१४४७ | १०० | १०० | १०० |

चालु आर्थिक वर्षको पुस मसान्तसम्म भएको कुल पुँजीगत खर्च रु.४ अर्ब २३ करोडमध्ये सडक तथा पूल निर्माण शीर्षकतर्फ ४१.६४ प्रतिशत, गैर आवासीय भवन निर्माण/खरिदतर्फ २६.२८ प्रतिशत र अन्य सार्वजनिक निर्माण शीर्षकतर्फ १६.८८ प्रतिशत हिस्सा रहेको छ। समीक्षा अवधिका तीन वर्षका पुँजीगत खर्च शीर्षकको विवरण अनुसार सडक तथा पूल निर्माण शीर्षकतर्फको खर्चको हिस्सा निरन्तर बढ्दै गएको छ।

*तालिका २.१० प्रमुख पाँच पुँजीगत खर्च शीर्षक (रु.हजारमा)*

| पुँजीगत खर्च शीर्षक | पुस मसान्तसम्मको खर्च रकम | | | पुँजीगत खर्चको हिस्सा (%) | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३११५१ सडक तथा पूल निर्माण | ११८३९०६ | १३६२२०८ | १७६३१३६ | ३२.१२ | ३३.२९ | ४१.६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ७८७६१९ | ११२१७९० | १११२८४७ | २१.३७ | २७.४२ | २६.२८ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६५०३२५ | ६९७२४१ | ७१४६४५ | १७.६५ | १७.०४ | १६.८८ |
| ३११५६ खानेपानी संरचना निर्माण | ४७१६२५ | ३३५१६७ | २३८२८१ | १२.८० | ८.१९ | ५.६३ |
| ३११७१ पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १५६०४५ | १६३४४० | १३१३३१ | ४.२३ | ३.९९ | ३.१० |
| जम्मा पुँजीगत खर्च | ३६८५३८५ | ४०९१३७४ | ४२३४०८६ | १०० | १०० | १०० |

## २.११ स्थानीय तह वित्त हस्तान्तरण

स्थानीय तहलाई हस्तान्तरणका लागि प्रदेश सरकारले विनियोजन गरेको बजेटको ३२.७८ प्रतिशत अनुदान पुस मसान्तसम्म निकासा भएको देखिन्छ जुन गत आर्थिक वर्षहरुभन्दा बढी हो। प्रदेश विनियोजन ऐन, २०८२ अनुसार समानीकरण अनुदानको पहिलो किस्ता भाद्रमा र दोस्रो किस्ता मंसिरमा स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था रहेकोमा समीक्षा अवधिसम्म ४३.२१ प्रतिशत निकासा भएको देखिन्छ। त्यसैगरी सशर्त, विशेष र समपूरक अनुदानको निकासा एक तिहाईभन्दा कम रहेको छ।

*तालिका २.११ स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरण (रु.हजारमा)*

| अनुदानको किसिम | शुरु बजेट विनियोजन | | | पुस मसान्तसम्मको निकासा प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| समानीकरण अनुदान | १०००००० | ९५०००० | ९५०००० | ४१.७२ | ४१.५२ | ४३.२१ |
| सशर्त अनुदान | १११५७०० | ११३८३१६ | १३४१७४९ | २८.११ | २४.६० | ३०.६२ |
| विशेष अनुदान | १९४००० | १५०००० | १५०००० | ०.०० | २०.७७ | २२.३९ |
| समपूरक अनुदान | १२८०००० | ९०३००० | ९८२००० | २४.०२ | २३.४० | २७.२४ |
| जम्मा | ३५८९७०० | ३१४१३१६ | ३४२३७४९ | २८.९२ | २९.१९ | ३२.७८ |

## २.१२ बहुवर्षीय ठेक्का सहमति तथा स्रोत सुनिश्चितता

आर्थिक मामिला तथा योजना मन्त्रालयले लुम्बिनी प्रदेशको आवधिक योजनाले तय गरेका प्राथमिकता प्राप्त क्षेत्रका ठुला आयोजनामा स्रोतको आभाव हुन नदिई आयोजनाको कार्यान्वयनलाई थप प्रभावकारी बनाउनका लागि प्रदेश योजना आयोगको सहमति सहित स्रोत सुनिश्चितता गर्दै आएको छ। चालु आर्थिक वर्षको पुस मसान्तसम्म कुनै पनि आयोजनालाई स्रोत सुनिश्चित्ता दिइएको छैन। प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्डलाई संशोधन गरी कार्यान्वयनमा लैजाने प्रक्रिया अगाडी बढेको छ।

गत आर्थिक वर्ष २०८१/८२ मा प्रदेश विनियोजन ऐन, २०८१ ले दिएको अधिकार प्रयोग गरी बनेको "प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" बमोजिम विभिन्न

मन्त्रालय/निकायबाट कार्यान्वयन हुनेगरी कुल ११५ वटा आयोजनाको लागि जम्मा रु.७ अर्ब ८४ करोड ६७ लाखको स्रोत सुनिश्चितता प्रदान गरिएको थियो।

## २.१३ भुक्तानी बाँकीको अवस्था*

आर्थिक वर्ष २०८१/८२ मा वस्तु वा सेवा प्राप्त भई र सो बापतको बीजक समेत् प्राप्त भएको तर विनियोजन ऐन अन्तर्गत श्रोत व्यवस्थापन हुन नसकी वा अन्य कारणले भुक्तानी हुन नसकेका भुक्तानी बाँकी प्रमाणीकरण गरिएका कुल दायित्व रु.८५ करोड ९ लाख रहेको छ। जसमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालयको क्रमशः २५ करोड ६२ लाख र २५ करोड ४ लाख भुक्तानी बाँकी रहेको छ।

*तालिका २.१२ मन्त्रालयगत भुक्तानी बाँकी (रु.हजारमा)*

| क्र.सं. | मन्त्रालय/केन्द्रीय निकायको नाम | चालु | पुँजीगत | कुल जम्मा |
|---|---|---|---|---|
| १ | २०२ प्रदेश सभा | ९८ | ० | ९८ |
| २ | ३०७ उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | ५० | १०८१४८ | १०८१९९ |
| ३ | ३०८ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ० | ४२४११ | ४२४११ |
| ४ | ३१२ कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ३४५ | २३७६ | २७२० |
| ५ | ३१४ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | २९ | २६७२ | २७०१ |
| ६ | ३२९ वन तथा वातावरण मन्त्रालय | ४७२ | ५८२५ | ६२९८ |
| ७ | ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | ६९६ | २५५५२७ | २५६२२३ |
| ८ | ३४७ खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय | १३ | २५०४०४ | २५०४१७ |
| ९ | ३५० सामाजिक विकास मन्त्रालय | २३४४६ | ६९६६० | ९३१०६ |
| १० | ३७० स्वास्थ्य मन्त्रालय | ४४१७८ | ४४५९२ | ८८७६९ |
| कुल जम्मा | | ६९३२६ | ७८१६१६ | ८५०९४२ |

**गैर बजेटरी निकायको विवरण प्राप्त नभएकोले समावेश नगरिएको* *स्रोतः वार्षिक वित्तीय विवरण, प्र.ले.नि.का.*

कतिपय निकायबाट आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति बिना बहुवर्षीय दायित्व सिर्जना हुनेगरी खरिद कार्य अगाडी बढाउने र स्रोत सहमति लिएका आयोजनामा सिर्जना हुने दायित्व भुक्तानीको लागि प्रयाप्त बजेट प्रस्ताव नगरी नयाँ आयोजनामा बजेट प्रस्ताव गर्ने गरिएको कारण अतिरिक्त गैर बजेटरी दायित्व सिर्जना हुन गई त्यसबाट समग्र बजेट प्रणाली प्रभावित हुनुका साथै स्रोत व्यवस्थापनमा चुनौती सिर्जना हुँदै गएको छ।

चालु आर्थिक वर्षमा भुक्तानी बाँकी प्रमाणीकरण गरिएका कुल दायित्व रु.८५ करोड ९ लाख मध्ये चालु खर्च शीर्षकतर्फ रु.६ करोड ९३ लाख र पुँजीगत खर्च शीर्षकतर्फ रु.७८ करोड १६ लाख रहेको छ। गत

आर्थिक वर्षमा भुक्तानी बाँकी प्रमाणीकरण गरिएका कुल दायित्व रु.१ अर्ब ६५ करोड ८५ लाख मध्ये चालु खर्च शीर्षकतर्फ रु.२० करोड १२ लाख र पुँजीगत खर्च शीर्षकतर्फ रु. १ अर्ब ४५ करोड ७२ लाख रहेको थियो।

*तालिका २.१३ खर्च शीर्षकगत भुक्तानी बाँकी (रु.हजारमा)*

| संकेत | विवरण | गत आ.व. | चालु आ.व. |
|---|---|---|---|
| *२००००* | *चालु खर्च* | *२०१२६१* | *६९३२६* |
| २१००० | पारिश्रमिक/सुविधा खर्च | ३८९० | ४७० |
| २२००० | मालसमान तथा सेवाको उपभोग खर्च | १२११४४ | ४६७८२ |
| २५००० | सहायता खर्च | ६००३३ | २१५४३ |
| २६००० | अनुदान खर्च | १६१७२ | ५०० |
| २८००० | अन्य | २२ | ३१ |
| *३१०००* | *पुँजीगत खर्च* | *१४५७२८६* | *७८१६१६* |
| ३१११० | भवन तथा संरचना | ९४९४५ | १२१३२४ |
| ३११२० | सवारी साधन तथा मेशिनरी औजार | २६४५१ | ७७५ |
| ३११३० | अन्य पुँजीगत खर्च | १६३७४ | ९४४ |
| ३११५० | सार्वजनिक निर्माण | १२१७८१३ | ६४२५०१ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ११९९३ | ० |
| ३११७० | पुँजीगत सुधार खर्च | ८९७११ | १६०७१ |
| जम्मा | | १६५८५४८ | ८५०९४२ |

*स्रोतः वार्षिक वित्तीय विवरण, प्र.ले.नि.का.*

## २.१४ प्रदेश गौरवका आयोजनाहरु

(क) प्रदेश राजधानी व्यवस्थापन, राप्ती उपत्यका (देउखुरी)

प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (पहिलो चरण) अन्तर्गत प्रदेश राजधानीका प्रशासनिक भवन तथा अन्य पूर्वाधारको निर्माण कार्य भइरहेका छन्। मन्डला आकारमा मन्त्रालय भवनहरूको डिजाइन लेआउट सहित नवीनतम् प्रविधिको प्रयोग, प्राचीन तथा नवीन निर्माण सामाग्रीहरूको संयोजन गरी प्राचीन वास्तुकलाको समेत झल्को दिने गरी १० वटा प्रशासनिक भवन र अन्य पूर्वाधार निर्माण कार्य सम्पन्न भई फिनिशिङ तथा फर्निसिङ कार्य अन्तिम चरणमा पुगेका छन्। आर्थिक वर्ष २०८२ पुस मसान्तसम्म प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (पहिलो चरण) को भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ८९.५८ प्रतिशत रहेको छ। प्रदेश राजधानीका प्रशासनिक भवनहरू यसै आर्थिक वर्ष भित्रै प्रदेश सरकारलाई हस्तान्तरण गरी एकै परिसरबाट सेवा प्रवाह गर्ने तयारी भएको देखिन्छ।

त्यसैगरी आर्थिक वर्ष २०८२ पुस मसान्तसम्म प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (दोश्रो चरण) अन्तर्गत प्रदेश सभा तर्फका भवन तथा अन्य पूर्वाधार निर्माण कार्यको भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति ३२.०३ प्रतिशत रहेको छ। प्रदेश राजधानी परिसमा नयाँ जडान हुने ट्रान्स्फर्मरको प्रयोग तथा नवनिर्मित भवनहरुमा विद्युतिय सुविधा विस्तार गर्न आवश्यक TOD मिटर जडान कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

(ख) लुम्बिनी प्रादेशिक अस्पताल

साविकको लुम्बिनी अञ्चल अस्पताल वि.सं. २०७५ साल माघ महिनामा प्रदेश सरकारको मातहत आएको लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टकृत र विश्वस्तरीय सेवा सुविधासहितको अस्पतालका रूपमा स्तरोन्नति गर्दै प्रदेश गौरवको आयोजनाका रूपमा १२०० शैय्यामा विस्तार गर्ने प्रदेश सरकारको योजना रहेको छ।

लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको पहिलो चरणमा ७०० शैय्या क्षमताको मुख्य भवन र १०० शैय्या क्षमताको अन्कोलोजी ब्लक (क्यान्सर भवन) गरी दुई नयाँ ब्लकहरूको निर्माण कार्य हुनेछ। पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी रु.७ अर्ब १५ करोड ९५ लाख ७३ हजारमा ठेक्का सम्झौता भई द्रुतगतिमा निर्माण कार्य अगाडि बढेको छ। आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म यस आयोजनाको भौतिक प्रगति ३४ प्रतिशत र वित्तीय प्रगति २७.३३ प्रतिशत रहेको छ। करिव ३०० जनालाई रोजगारी दिएको यस आयोजनामा चालु आर्थिक वर्षमा आवश्यक बजेट विनियोजनको अभावले गर्दा आयोजनाको प्रगतिको आधारमा निर्माण व्यवसायी कम्पनीलाई समयमै भुक्तानी गर्न चुनौतीपूर्ण रहेको देखिन्छ।

(ग) लुम्बिनी प्राविधिक विश्वविद्यालय

प्रविधि तथा नवप्रवर्तनको प्रयोग र विकास मार्फत सूचना प्रविधि, इन्जिनियरिङ, कृषि तथा वन, पर्यटन लगायतका क्षेत्रमा उच्च शिक्षालाई अगाडि बढाउने उद्देश्यले २०७९ असार १८ गते लुम्बिनी प्राविधिक विश्वविद्यालयको स्थापना बाँके नेपालगञ्जमा भएको हो। विश्वव्यापीकरणको प्रभावले प्रविधिमा आएको परिवर्तनसँगै बदलिदो परिवेश अनुकूलको योग्य र दक्ष सीपमूलक प्राविधिक जनशक्ति उत्पादन गर्ने यस प्राविधिक विश्वविद्यालयको लक्ष्य रहेको छ।

*तालिका २.१४ इन्जिनियरिङ्ग तथा सूचना प्रविधि अध्ययन संस्थानमा भर्ना भएका विद्यार्थी सङ्ख्या*

| क्र.सं | कार्यक्रमको नाम | २०८०/८१ | २०८१/८२ | २०८२/८३* |
|---|---|---|---|---|
| १ | B.Tech. in Information Technology | १७ | ३३ | ४८ |
| २ | B.Tech. in Computer Science & Artificial Intelligence | १६ | २२ | ३९ |
| ३ | B.Tech. in IT Engineering | | २३ | ४८ |
| ४ | B.Tech. in Civil Engineering | | ४८ | ४८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | M.Tech. in Computer Science | | २४ | भर्ना कार्यक्रम चलिरहेको |
| ६ | M.Tech. in Information Technology | | ११ | भर्ना कार्यक्रम चलिरहेको |
| | जम्मा भर्ना भएका विद्यार्थी | ३३ | १६१ | १८३ |

*पुस मसान्तसम्म

विश्वविद्यालयले शैक्षिक कार्यक्रम विस्तार गर्दै स्नातक तथा स्नातकोत्तर तहमा नयाँ कार्यक्रमहरु संचालनमा ल्याएको छ, जसले विद्यार्थी संख्या उल्लेखनीय बृद्धि भई हाल ३७७ जना विद्यार्थी अध्ययनरत देखिन्छ। साथै ल्याब व्यवस्थापन, विभिन्न संघ संस्थासँग सहकार्य र नवप्रवर्तनात्मक पहलहरु मार्फत गुणस्तरीय शैक्षिक वातावरण निर्माणको प्रयास गरिएको छ। यद्यपि, भौतिक पूर्वाधारको कमी, आफ्नो भवन नहुनु, लिज प्रक्रियाको ढिलाइ तथा यातायात सुविधा अभावले संस्थागत विकासमा चुनौतीहरू देखिएका छन्। विद्यार्थी भर्ना उत्साहजनक रहेको यस विश्वविद्यालयले सहकार्यलाई प्राथमिकता दिदै स्रोत व्यवस्थापन र संरचनागत सुदृढीकरण गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह सुनिश्चित गर्न अपरिहार्य छ।

(घ) रामपुर कपुरकोट सडक

प्रदेशको आर्थिक तथा सामाजिक विकासको मेरूदण्ड बन्ने अपेक्षासहित प्रदेश गौरवको आयोजनाको रूपमा रामपुर-कपुरकोट सडक आयोजनाको कार्य अघि बढेको छ। पाल्पा, अर्घाखाँची, प्यूठान र रोल्पा समेत गरी ४ जिल्लालाई समेट्ने गरी करिब ३०० कि.मी. लम्बाईको यो आयोजना प्रदेशको पूर्व-पश्चिम राजमार्गको रूपमा कार्यान्वयन भइरहेको छ। यस सडक आयोजनाले विभिन्न जिल्लाहरूमा कालोपत्रे, सडक स्तरोन्नति र संरचना निर्माण गर्ने कार्यमा महत्वपूर्ण प्रगति हासिल गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको प्रगति तालिका २.१५ मा प्रस्तुत गरिएको छ।

*तालिका २.१५ प्रदेश गौरवको आयोजनाः रामपुर कपुरकोट सडकको २०८२ पुस मसान्तसम्मको प्रगति*

| क.सं. | आयोजनाको नाम/खण्ड | आयोजना रहेको जिल्ला | आयोजनाले प्रभाव पार्ने क्षेत्र/प्रदेश | क्षमता (कि.मि.) | स्वीकृत भएको आ.व. | शुरु भएको आ.व. | ठेक्का सम्झौता भएको रकम रु. | भौतिक प्रगति (%) | वित्तिय प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) सन्धीखर्क-धारापानी-चुजाठाँटी सडक - ३२ कि.मि. | अर्घाखाँची | सन्धिखर्क तथा भुमिकास्थान न.पा. | १६.५ | २०७६/७७ | २०७६/७७ | १६,२८,१८,५७२ | सम्पन्न भएको | सम्पन्न भएको | कालोपत्रे सम्पन्नः १६.५ कि.मी. |
| २ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) नरपानी ढिकुरा नुवाकोट पोखेडाँडँ सडक (पोखेडाँडा चेरामाटी खण्ड)- १८ कि.मि. | अर्घाखाँची | सन्धिखर्क तथा भुमिकास्थान न.पा. | ५ | २०७७/७८ | २०७७/७८ | ६,९७,२२,७१४ | सम्पन्न भएको | सम्पन्न भएको | कालोपत्रे सम्पन्न ५ कि.मि. (भुमिकास्थान न.पा. पहुँच मार्गमाबाट निर्माण कार्य भएको) |
| ३ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) नरपानी ढिकुरा नुवाकोट पोखेडाँडा (नरपानी खाँचीमैदान खण्ड) सडक १८ कि.मि. | अर्घाखाँची | सन्धिखर्क तथा भुमिकास्थान न.पा. | ३.२ | २०८०/८१ | २०८०/८१ | ८,६०,८३,१०१ | सम्पन्न भएको | सम्पन्न भएको | ३.२ कि. मि. कालोपत्रे सम्पन्न (भुमिकास्थान न.पा. पहुँच मार्गमाबाट निर्माण कार्य भएको) भुक्तानी बाँकी |
| ४ | रामपुर कपुरकोट पाणिनी गा.पा. पहुँच मार्ग खण्ड (घुम्ति-तिनगीरे खण्ड)- ३० कि.मि. | अर्घाखाँची | पाणिनी गा.पा. | ११.५ | २०७७/७८ | २०७७/७८ | १४,२२,८०,८२० | सम्पन्न भएको | सम्पन्न भएको | कालोपत्रे सम्पन्नः ११.५ कि.मि. (पाणिनी गा.पा. पहुंच मार्गमाबाट निर्माण कार्य भएको) |

| क्र.सं. | आयोजनाको नाम/खण्ड | आयोजना रहेको जिल्ला | आयोजनाले प्रभाव पार्ने क्षेत्र/प्रदेश | क्षमता (कि.मि.) | स्वीकृत भएको आ.व. | शुरु भएको आ.व. | ठेक्का सम्झौता भएको रकम रु. | भौतिक प्रगति (%) | वित्तिय प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) तानसेन-रिडी वाइपास सडक-३.२ कि.मि. | पाल्पा | तानसेन न.पा. | ३.२ | २०७६/७७ | २०७६/७७ | ६,२१,९५,०८८ | सम्पन्न भएको | सम्पन्न भएको | कालोपत्रे सम्पन्नः ३.२ कि.मी. |
| ६ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) दाखाक्वाडी-बज्रिबाङ्ग-भिग्री सडक - २१ कि.मि. | प्यूठान | प्यूठान न.पा. तथा स्वर्गद्वारी न.पा. | ५ | २०७६/७७ | २०७६/७७ | ११,५६,८६,०१३ | सम्पन्न भएको | सम्पन्न भएको | कालोपत्रे सम्पन्नः ५ कि.मी. |
| ७ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) दाखाक्वाडी-बज्रिबाङ्ग-भिग्री सडक -२१ कि.मि. | प्यूठान | प्यूठान न.पा. तथा स्वर्गद्वारी न.पा. | १.३ | २०८०/८१ | २०८०/८१ | २,४७,४०,१०२ | सम्पन्न भएको | सम्पन्न भएको | निर्माण कार्य सम्पन्नः १.३ कि.मि. ग्राभेल। |
| ८ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) निगालपानी-दहवन सडक खण्ड- १२.१३ कि.मि. | रोल्पा | रुन्टीगढी गा.पा. र त्रिवेणी गा.पा. | २.५ | २०८०/८१ | २०८०/८१ | २,५५,२१,४६९ | सम्पन्न भएको | सम्पन्न भएको | ग्राभेल सम्पन्नः २.५ कि.मी. |
| ९ | रामपुर कपुरकोट पाणिनी गापा पहुँच मार्ग खण्ड घुम्ती-तिनगींरे सडक (दुर्गाफाँट पोखराथोक खण्ड) ३० कि.मि. | अर्घाखाँची | पाणिनी गापा | ६.१५ | २०८०/८१ | २०८०/८१ | १४,५६,७७,८७२ | ९८ | ८०.४९ | १९० मि. सडक ढलान भएको. ५ कि.मि. ग्राभेल भएको र सडक संरचनाहरुको निर्माण कार्य हुदै (पाणिनी गा.पा. पहुँच मार्गबाट निर्माण कार्य भईरहेको) |

| क्र.सं. | आयोजनाको नाम/खण्ड | आयोजना रहेको जिल्ला | आयोजनाले प्रभाव पार्ने क्षेत्र/प्रदेश | क्षमता (कि.मि.) | स्वीकृत भएको आ.व. | शुरु भएको आ.व. | ठेक्का सम्झौता भएको रकम रु. | भौतिक प्रगति (%) | वित्तिय प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) आर्यभञ्याङ्ग रामपुर सडक- ४८ कि.मि. | पाल्पा | रम्भा गा.पा. | ५.५ | २०७९/८० | २०७९/८० | २४,५६,३२,४१० | ५० | ४५.५४ | ४ कि.मि. सडक ग्राभेल भएको, सडक चौडा गरि टेवा पर्खाल, ह्युम पाइप क्रसीङ र सडक नालीको काम हुदै |
| ११ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) सन्धीखर्क-धारापानी-चुजाठाँटी सडक - ३२ कि.मि. | अर्घाखाँची | सन्धिखर्क तथा भुमिकास्थान न.पा. | ९.५ | २०७९/८० | २०७९/८० | २५,८६,९६,६०७ | ४२ | ३६ | २१० मि. ढलान कार्य सम्पन्न तथा सडक संरचनाहरुको निर्माण कार्य हुदै |
| १२ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) हार्थोक छहरा खण्ड- २४ कि.मि. | पाल्पा | रिब्दीकोट गा.पा. | ४.७ | २०८१/८२ | २०८२/८३ | १६,३१,१९,३४२ | १५ | १३.१४ | ग्याविन तथा मेसिनरी पर्खालको कार्य भइरहेको |

परिच्छेद — तीन

# निकायगत उपलब्धी

## ३.१ प्रदेश सभा

*तालिका ३.१ प्रदेश सभाको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | १९५११४ | ६४९६१ | २६००७५ | ३२.५९ | ०.१३ | २४.४८ |
| २०७९/८० | २२६४१० | ९९०५६ | ३२५४६६ | १६.५६ | ४४.६१ | २५.०९ |
| २०८०/८१ | २६६५८८ | ७२२५० | ३३८८३८ | ३०.८६ | १२.७० | २६.९९ |
| २०८१/८२ | २२५००० | ५०००० | २७५००० | ३७.७० | २०.६८ | ३४.६१ |
| २०८२/८३ | २३२००० | ३०००० | २६२००० | २६.७३ | ३.१५ | २४.०३ |

## ३.२ प्रदेश लोक सेवा आयोग

*तालिका ३.२ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (प्रदेश लोक सेवा आयोग)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २०२ | प्रदेश लोक सेवा आयोगको संस्थागत एवं कानुनी सुधार गर्दै लगिनेछ। लोक सेवा आयोग, विश्वविद्यालय र अन्य प्रदेशका लोक सेवा आयोगबीच सहकार्य एवम् समन्वय गरी पाठ्यक्रम र कार्यतालिकामा सामञ्जस्यता कायम गरिनेछ। | सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सिप र क्षमता बमोजिमका पाठ्यक्रम निर्माण, परिमार्जन तथा कार्यान्वयन कार्यलाई निरन्तरता दिँदै आएको साथै लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगबीच समन्वय र सहकार्य प्रवर्द्धन गर्न हरेक वर्ष आयोजना गरिदै आएको प्रदेश लोक सेवा आयोगहरुको सम्मेलनमा यस वर्ष मधेश प्रदेशले आयोजना गरेको सम्मेलनमा सहभागी भई सहकार्यको संस्कृतिलाई बढवा दिइएको। |
| २०३ | प्रदेश तथा स्थानीय निजामती सेवामा योग्य जनशक्ति आकर्षित गर्न अध्ययन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। | प्रदेश र स्थानीय निजामती सेवामा रिक्त पदहरुको पदपूर्तिमा विश्वविद्यालय अध्ययन गरेका उत्कृष्ट एवं सक्षम जनशक्तिलाई आकर्षित गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालनको तयारी गरिएको। |

| | | |
|---|---|---|
| २०४ | प्रदेश तथा स्थानीय तहका लागि आवश्यक जनशक्ति भर्ना र छनौटलाई प्रभावकारी बनाउन प्रदेश लोक सेवा आयोगलाई थप सक्षम बनाउँदै लगिनेछ। वार्षिक कार्यतालिका बमोजिम दरखास्त आह्वान, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका कार्यलाई थप व्यवस्थित गरिनेछ। | वार्षिक कार्यतालिका बमोजिम गत आ.व. का पदपूर्ति सम्बन्धी कार्य सम्पन्न गरी चालु आ.व. मा पदपूर्ति गरिने पदहरुको दरखास्त आह्वान गरी तोकिएको समयमा सम्पन्न गर्ने गरी पदपूर्ति कार्य अगाडी बढाइएको, आयोगका काममा सूचना प्रविधिको प्रयोग मार्फत Faceless, cashless and paperless बनाउन GIOMS, ORMS, Sparrow SMS प्रयोग गरी आयोगका कामलाई प्रभावकारी बनाउँदै लगिएको। |

*तालिका ३.३ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (प्रदेश लोक सेवा आयोग)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७६ | प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति पदपूर्ति गर्न सक्षम हुने गरी प्रदेश लोक सेवा आयोगलाई आवश्यक बजेट विनियोजन गरेको छ। यसबाट प्रदेश र स्थानीय तहका लागि जनशक्ति व्यवस्थापन भई सेवा प्रवाह र विकास निर्माण कार्य थप प्रभावकारी हुने विश्वास लिएको छु। | गत आ.व.मा विज्ञापन भई पदपूर्तिको क्रममा रहेका कुल २६६ पदपूर्ति कार्य सम्पन्न भई सिफारिस गरिएको एवं चालु आ.व. मा प्रदेश र स्थानीय निजामती सेवाका रिक्त पदहरु मध्ये कुल ७१४ पदहरुको पदपूर्तिका कार्य अगाडी बढाइएको। |

**प्रदेश लोक सेवा आयोगको पुस मसान्तसम्मको उपलब्धीः**

- विभिन्न सेवा समूह तथा तहको गरी जेष्ठता तर्फ १०८, कार्यक्षमता तर्फ १३२, अन्तर तह तर्फ ६५ र खुला तथा समावेशी तर्फ ४०९ गरी जम्मा ७१४ पदको लागि विज्ञापन गरिएको,
- मुख्य उम्मेदवार सिफारिसतर्फ २४३ जना र वैकल्पिक सिफारिसतर्फ २३ जना गरी जम्मा २६६ जना उम्मेदवार सिफारिस गरिएको,
- प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश प्रशासन सेवा एघारौं (११) तहको अन्तर तह प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम निर्माण,
- प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह तथा स्थानीय निजामती सेवा अन्तर्गत स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन समूह, नवौं (९) औं तहका पाठ्यक्रम परीमार्जन,
- प्रदेश निजामती सेवा अन्तर्गत स्वास्थ्य सेवा, सबै समूह, सबै उपसमूह, एघारौं (११) तहको अन्तर तह प्रतियोगितात्मक परीक्षाको प्रथम पत्रको पाठ्यक्रम निर्माण,

❖ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, शारीरिक शिक्षा उप-समूह अधिकृतस्तर सातौं तह प्रशिक्षक पदको प्रतियोगितात्मक परीक्षाको लागि तृतीय पत्रको पाठ्यक्रम निर्माण,स्थानीय निजामती सेवा अन्तर्गतका स्थानीय प्रशासन सेवा, कानून समूह अप्राविधिक तर्फ अधिकृतस्तर सातौं तह, कानून अधिकृत पदको खुला तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम निर्माण,

❖ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग समूह, जनरल इलेक्ट्रिकल उपसमूह-, पाँचौ तह सव इन्जिनियर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम निर्माण,

❖ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अन्तर्गतका इरिगेशन, जनरल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, हाईवे र स्यानिटरी उपसमूहका तथा स्थानीय निजामती सेवा अन्तर्गत स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अधिकृत स्तर नवौं तहका पदको खुला र अन्तरतह प्रतियोगितात्मक परीक्षाको प्रथम पत्रको पाठ्यक्रम परिमार्जन गरिएको,

❖ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अन्तर्गतका जनरल उपसमूहका तथा स्थानीय निजामती सेवा अन्तर्गत स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अधिकृत स्तर नवौं तहका पदको खुला र अन्तर तह प्रतियोगितात्मक परीक्षाको द्वितीय पत्रको पाठ्यक्रम परिमार्जन गरिएको।

*तालिका ३.४ प्रदेश लोक सेवा आयोगको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुंजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुंजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | ५३२७७ | १२५० | ५४५२७ | ५४.१५ | ५९.३० | ५४.२७ |
| २०७९/८० | ३७२०० | १४८०० | ५२००० | ५४.३५ | ८७.४५ | ६३.७७ |
| २०८०/८१ | ८९२३१ | १०७६९ | १००००० | २३.६४ | १४.०२ | २२.६० |
| २०८१/८२ | ८३००० | ७००० | ९०००० | ४०.०० | २७.३९ | ३९.०२ |
| २०८२/८३ | ९३७५० | ६२५० | १००००० | २३.३६ | ४.७१ | २२.२० |

## ३.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

*तालिका ३.५ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)*

| बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७६ | नागरिकले अनुभूत गर्नेगरी भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सदाचारयुक्त र भ्रष्टाचारमुक्त लुम्बिनी प्रदेश निर्माणका लागि "सुशासन प्रवर्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना" प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। | लुम्बिनी प्रदेश सरकारको "सुशासन प्रवर्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना" (आ.व. २०८१/०८२ देखि २०८५/०८६) बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाई सोको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेश गर्न सम्बन्धित निकायहरुमा लेखी पठाइएको। साथै यस कार्यालयमा समेत सोही बमोजिम कार्यान्वयन भइरहेको। |
| १७७ | प्रदेश सरकारबाट प्रवाह हुने सेवालाई निष्पक्ष, पारदर्शी, पहुँचयोग्य, सहज र छिटोछरितो बनाउन सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गर्दै सेवा प्राप्तिको लागत, समय र दुरी घटाउँदै लगिनेछ। सेवा प्रवाहमा देखिएका समस्या तत्काल सम्वोधन गर्न "सेवाग्राहीसँग प्रदेश सरकार" कार्यक्रम कार्यान्वयनमा ल्याई नागरिकका गुनासोहरु न्यूनीकरण गरिनेछ। मोवाइल एप्लिकेशन, टोल फ्रि सेवा, क्यु.आर.कोड. जस्ता विद्युतीय माध्यमको प्रयोग मार्फत् प्राप्त गुनासोहरुलाई तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ। | मोवाइल एप्लिकेशन, टोल फ्रि सेवा, क्यु.आर.कोड., हटलाइन सेवा जस्ता विद्युतीय माध्यमको प्रयोग मार्फत् प्राप्त गुनासोहरुलाई तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाई सोको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेश गर्न सम्बन्धित निकायहरुमा लेखी पठाइएको। साथै यस कार्यालयमा समेत सोही बमोजिम कार्यान्वयन भइरहेको। |
| १७८ | राष्ट्रसेवक कर्मचारीलाई व्यावसायिक, सिर्जनशील, उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन सेवा सुविधामा समयानुकूल सुधार सहित आवश्यक नीतिगत, संस्थागत र संरचनात्मक सुधार गर्दै लगिनेछ। | सम्बन्धित मन्त्रालय/निकायहरुबाट यस सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन्। साथै यस कार्यालयबाट समेत कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्रक्रिया अघि बढाइएको। |
| १७९ | सार्वजनिक प्रशासन, विकास व्यवस्थापन तथा सेवा प्रवाहको सुधारको लागि गरिने अध्ययन तथा अनुसन्धानमा अवकाश प्राप्त राष्ट्रसेवक एवम् प्रदेश भित्रका प्राज्ञिक, विद्वत् क्षेत्रका व्यक्तिहरुको विषयक्षेत्रगत ज्ञान, सीप, अनुभव र विज्ञता उपयोग गर्ने व्यवस्था मिलाइनेछ। | संगठन व्यवस्थापन सर्वेक्षण, निजामती पुरस्कार छनौट तथा सिफारिस, अध्ययन तथा अनुसन्धान लगायतका कार्यहरुमा अवकाश प्राप्त राष्ट्रसेवक एवम् प्रदेश भित्रका प्राज्ञिक, विद्वत् क्षेत्रका व्यक्तिहरुको विषयक्षेत्रगत ज्ञान, सीप, अनुभव र विज्ञता उपयोग गरिदै आएको। |

| | | |
|---|---|---|
| १८० | प्रदेश तथा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीलाई योगदानमा आधारित निवृत्तिभरणको निमित्त कोषकट्टी तथा व्यवस्थापनको कार्य प्रभावकारी बनाइनेछ। कर्मचारीको मनोबल उच्च राख्न क्रमशः कर्मचारी सन्तति छात्रवृत्ति, बीमा लगायतका सुविधाको व्यवस्था मिलाइनेछ। प्रदेश राजधानी देउखुरीमा कामकाज गर्ने गरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्थाका साथै स्वीकृत स्थायी दरवन्दीमा करार सेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रकृया अगाडि बढाइनेछ। | योगदानमा आधारित निवृत्तिभरणको निमित्त कोषकट्टी कार्य भइरहेको। कर्मचारीको मनोबल उच्च राख्न कर्मचारी सन्तति छात्रवृत्ति, बीमा लगायतका सुविधाको लागि प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था गरिएको। स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीलाई नेपाल सरकारसँगको समन्वयमा योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रयोजनको लागि विभिन्न मन्त्रालय सम्मिलित गठित समितिबाट प्रतिवेदन तयार भई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेश भएको। |
| १८१ | कर्मचारीको सरुवा, बढुवा र वृत्ति विकास प्रणालीलाई निष्पक्ष, पारदर्शी तथा अनुमानयोग्य बनाउन पदस्थापन तथा सरुवा सम्बन्धी मापदण्ड बनाइ कार्यान्वयनमा ल्याइनेछ। | प्रदेश/स्थानीय निजामती सेवा ऐन, २०८०/२०८१ बमोजिम सरुवा, बढुवा र वृत्ति विकास सम्बन्धी कार्यहरु नियमित रुपमा भइरहेको र यसलाई थप निष्पक्ष, पारदर्शी तथा अनुमानयोग्य बनाउन पदस्थापन तथा सरुवा सम्बन्धी मापदण्ड बनाउने तर्फ छलफल भइरहेको। |
| १८२ | प्रदेश निजामती किताबखाना स्थापना गरी प्रदेश तथा स्थानीय तहका कर्मचारीको पद दर्ता, सिटरोल, सम्पत्ति विवरण तथा अन्य वैयक्तिक विवरणलाई व्यवस्थित गरिनेछ। | राष्ट्रिय किताबखाना (निजामती) बाट यस प्रदेशलाई PIS प्रणालीमा पहुँच हस्तान्तरण भएको र सोहो वमोजिम अभिलेख प्रविष्टिको लागि प्रदेश र स्थानीय तहका कर्मचारीलाई अभिमुखीकरण शुरु गरिएको। |
| १८३ | हाल अघि बढाइएको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य पूरा गरिनेछ। प्राप्त प्रतिवेदको आधारमा प्रदेश सरकारका संगठन तथा दरवन्दी पुनरावलोकन गरी समग्र संरचनाहरुलाई सक्षम र मितव्ययी बनाइनेछ। | गठित कार्यदलबाट प्राप्त लुम्बिनी प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन पुनरावलोकन गर्न प्रमुख सचिवज्यूको संयोजकत्वमा सबै सेवा/समूह सञ्चालन गर्ने मन्त्रालयका सचिवहरु सदस्य रहेको समिति गठन भई कार्य भइरहेको। |
| १७४ | सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि र पदाधिकारीमा आध्यात्मिकता र पूर्वीय दर्शनको प्रभाव आन्तरिकीकरण गर्दै योग, ध्यान र सकारात्मक सोच विकासका व्यावहारिक अभ्यास मार्फत नैतिकता, सदाचार र निष्ठायुक्त संस्कृतिको प्रवर्धन गर्दै लगिनेछ। | कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्रक्रिया अघि बढेको। |
| १८५ | मन्त्रिपरिषद्को बैठकलाई प्रविधिमैत्री बनाई निर्णयलाई डिजिटाइज गर्दै लगिनेछ। निर्णय कार्यान्वयनको अनुगमन गर्ने पद्धतीलाई संस्थागत गरिनेछ। | कार्यक्रम कार्यान्वयनको लागि आवश्यक अवधारण पत्र तयार भई स्वीकृतिको प्रक्रिया अघि बढेको। |
| १८६ | सुशासन प्रवर्धन गर्न, सेवा प्रवाहलाई छिटो, छरितो र सरल बनाउने उद्देश्यले प्रदेश सरकारका काम कारबाहीमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। | प्रदेश सरकारका काम कारबाहीमा सूचना प्रविधिको अधिकतम उपयोग गरी हुँदै आएको र यसलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारका निकायहरुसँग आवश्यक समन्वय भइरहेको। |
| १८७ | प्रदेशबाट प्रवाह हुने मुख्य सेवाहरुलाई विद्युतीय प्रणालीमा रुपान्तरण गरी एकीकृत प्रदेश पोर्टलद्वारा सेवा उपलब्ध गराउने प्रक्रिया अगाडि बढाइनेछ। प्रदेश सरकारको आफ्नै विद्युतीय नेटवर्कको स्थापना गर्ने प्रक्रिया शुरु गरिनेछ। | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानबाट यस सम्बन्धमा कार्य भइरहेको। |

| | | |
|---|---|---|
| १८८ | प्रदेश तथा स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कर्मचारीको व्यक्तित्व विकास गर्दै कार्यक्षमता अभिबृद्धि गर्न विषयगत क्षेत्र केन्द्रित तालिम एवम् क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सुशासन केन्द्रको नीतिगत, संस्थागत र संरचनागत सुधार गरी लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रुपमा विकास गर्दै लगिनेछ। | प्रदेश सुशासन केन्द्रबाट कार्यान्वयन भइरहेको। |
| १९० | प्रदेशमा कार्यरत कर्मचारीलाई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणजस्ता कार्यक्रममा सहभागी हुने अवसर बृद्धि गर्न नेपाल सरकारसँग प्रभावकारी समन्वय गरिनेछ। सङ्घीयताको सबलीकरण, विकास व्यवस्थापन, सेवा प्रवाह लगायतका विषयमा मित्रराष्ट्रहरुको अनुभव तथा ज्ञान हासिल गर्न अवलोकन भ्रमणको प्रबन्ध मिलाईनेछ। | यस प्रकारका वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमण जस्ता कार्यक्रमहरुमा प्रदेश सरकारका कर्मचारीहरुलाई सहभागी हुने अवसर प्रदान गरिएको र स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि समेत तयारी भइरहेको। |
| १९१ | वित्तीय तथा आर्थिक अनुशासन कायम गरी आर्थिक कारोबारलाई मितव्ययी र कानुन सम्मत बनाई बेरुजु न्यूनीकरण गर्दै लगिनेछ। शून्य बेरुजु हुने तथा फछ्र्यौटमा उत्कृष्ट कार्य गर्ने मन्त्रालय वा निकाय एवम् कर्मचारीलाई पुरस्कृत गरिनेछ। | PLGSP मार्फत् कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्रक्रिया अघि बढाइएको। |
| १९२ | आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटका बीचमा तादात्म्यता कायम गर्दै लगिनेछ। परिणाममुखी योजना कार्यान्वयनमा तहगत सरकार, सहकारी, निजी क्षेत्र, नागरिक समाज र सरोकारवालाको सहभागिता र साझेदारी बढाउँदै लगिनेछ। | कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय भई प्रक्रिया अघि बढाइएको। |
| १९३ | तथ्य र प्रमाणमा आधारित नीति तथा कानुन निर्माण र कार्यान्वयनका लागि प्रदेशको तथ्याङ्क प्रणालीलाई प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय बनाउने प्रक्रिया अघि बढाइनेछ। तथ्याङ्क साक्षरता, विश्लेषण र उपयोगसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालनका साथै प्रदेश तथ्याङ्क ऐनको समसामयिक संशोधन गरिनेछ। | प्रदेशका कर्मचारीलाई तथ्यमा आधारित नीति निर्माणका लागि तथ्याङ्क साक्षरता, विश्लेषण तथा प्रयोग सम्बन्धी क्षमता विकास कार्यक्रम सम्पन्न भएको। |
| १९४ | सङ्घ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्धलाई मजबुत र जीवन्त बनाउन प्रदेश समन्वय परिषद्को बैठकलाई समयवद्ध बनाई निर्णय कार्यान्वयन गर्दै लगिनेछ। जिल्लामा सञ्चालन हुने सार्वजनिक विकास निर्माणका कार्यहरुको समन्वय, सहजीकरण र अनुगमनलाई प्रभावकारी बनाउनका लागि जिल्ला समन्वय समितिलाई आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ। | कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय भई प्रक्रिया अघि बढेको। |

| | | |
|---|---|---|
| १९५ | नेपालको संविधान बमोजिम प्रदेशको एकल तथा साझा अधिकारको सूचीमा रहेका विषयको कार्यान्वयनको लागि तर्जुमा गर्न बाँकी रहेका कानुनको पहिचान तथा प्राथमिकीकरण गरी तर्जुमाको कार्य अगाडि बढाइनेछ। | कार्यक्रम कार्यान्वयनको लागि आवश्यक गृहकार्य भइरहेको। |
| १९६ | प्रदेश सरकारको हक, हित र सरोकार रहेको मुद्दामा हुने प्रतिनिधित्व एवम् प्रतिरक्षालाई थप प्रभावकारी बनाउन मुख्यन्यायाधिवक्ताको कार्यालयलाई सबल र सक्षम बनाउदै लगिनेछ। | प्रदेश सरकारको मुद्दा प्रतिरक्षालाई प्रभावकारी बनाउन मुख्यन्यायाधिवक्ताको कार्यालयलाई आवश्यक बजेट विनियोजन भएको। प्रदेश सरकारबाट निर्माण भएका कानुनमा आम नागरिकको सहज पहुँचका लागि ल पोर्टल तयार गरी सञ्चालनमा ल्याउने काम भइरहेको। |
| १९७ | नेपाल सरकारको सम्बद्ध मन्त्रालय तथा निकायहरुसँग समन्वय गरी राष्ट्रिय गौरवका रुपमा निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ। प्रदेशभित्र सञ्चालनमा आएका विमानस्थलहरुबाट नियमित उडान र अन्तर प्रदेश हवाई यातायात सञ्जालको विस्तार गर्न समन्वय गरिनेछ। दाङको टरीगाँउ तथा अर्घाखाँचीको अर्घाभगवती विमानस्थलको निर्माण कार्य सम्पन्न गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ। | सम्बन्धित पदाधिकारी/निकायहरुबाट आवश्यक समन्वयमा हुने। |
| १९८ | आयोजनाको पहिचान, लेखाजोखा, विश्लेषण तथा प्राथमिकीकरण गरी कार्यान्वयनयोग्य आयोजनाको छनौटलाई वस्तुनिष्ठ र अनुमानयोग्य बनाउन प्रदेश आयोजना बैङ्क प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ। | लुम्बिनी प्रदेश योजना आयोगबाट आवश्यक समन्वयमा कार्यान्वयन हुने। |
| १९९ | प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना छनौट गर्दा लाभ लागत विश्लेषण, स्थानीय आवश्यकता, समावेशिता, सामाजिक न्याय, दिगोपन जस्ता पक्षलाई आधारको रुपमा लिइनेछ। प्रदेशका जिल्लास्थित कार्यालयबाट कार्यान्वयन हुने आयोजनामा स्थानीय तहको समेत अपनत्व अभिबृद्धि गर्न समन्वय गरिनेछ। | लुम्बिनी प्रदेश योजना आयोगबाट आवश्यक समन्वयमा कार्यान्वयन हुने। |
| २०० | प्रदेश गौरवका आयोजना छनौटको मापदण्डको आधारमा हाल कार्यान्वयनमा रहेका आयोजनाको पुनरावलोकन गरिनेछ। | सम्बन्धित पदाधिकारी/निकायहरुबाट आवश्यक समन्वयमा हुने। |
| २०१ | देउखुरी उपत्यकामा योजनाबद्ध नमूना सहरको विकासका लागि तयार भएको गुरुयोजना कार्यान्वयन गर्न आवश्यक लगानी जुटाई पूर्वाधार निर्माणका चरणबद्ध कार्यक्रम सञ्चालन गरिनेछ। गुरुयोजनाले निर्दिष्ट गरेको जग्गा एकीकरणका लागि सम्भाव्यता अध्ययन गर्नुका साथै स्थानान्तरण तथा पुनर्स्थापना योजना (रि-एडजस्टमेन्ट प्लान) समेत तयार गर्ने कार्य सम्पन्न गरिनेछ। | सम्बन्धित पदाधिकारी/निकायहरुबाट आवश्यक समन्वयमा हुने। |
| २०३ | प्रदेश तथा स्थानीय निजामती सेवामा योग्य जनशक्ति आकर्षित गर्न अध्ययन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। | यस तर्फ विभिन्न निकाय र सरोकारवाला पक्षहरुसँग आवश्यक छलफल र समन्वयबाट अघि बढाइने प्रक्रियमा रहेको। |

*तालिका ३.६ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६६ | संगठन तथा व्यवस्थापन सवेक्षण प्रतिवेदन समेतको आधारमा प्रदेश सरकारको संगठन संरचना र दरबन्दीलाई पुनरावलोकन गरिनेछ। | गठित कार्यदलबाट प्राप्त लुम्बिनी प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन पुनरावलोकन गर्न प्रमुख सचिवज्यूको संयोजकत्वमा सबै सेवा/समूह सञ्चालन गर्ने मन्त्रालयका सचिवहरु सदस्य रहेको समिति गठन भई कार्य भइरहेको। |
| १६७ | भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सुशासन प्रवर्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना, आचारसंहिता तथा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि निजी क्षेत्र, सञ्चार माध्ययम तथा नागरिकको सहभागिता बढाउदै लैजाने व्यवस्था गरेको छ। | प्रदेश राजधानी देउखुरीमा कामकाज गर्नेगरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि छलफल तथा गृहकार्य भइरहेको। कर्मचारीले आन्तरिक पर्यटन काज सुविधा पाइरहेको। |
| १६८ | "सेवाग्राहीसँग प्रदेश सरकार" कार्यक्रम कार्यान्वयन मार्फत मोबाइल एप्लिकेशन, टोल फ्रि सेवा, क्यु.आर. कोड जस्ता विद्युतीय माध्यमद्वारा नागरिकका गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ। | |
| १६९ | प्रदेश राजधानी परिसरमा कार्यरत कर्मचारीका शिशुहरूको हेरचाहका लागि शिशु स्याहार केन्द्र सञ्चालनको व्यवस्था मिलाएको छ। राप्ती उपत्यका (देउखुरी) मा रही प्रदेश सरकार मातहतका निकायमा कार्यरत कर्मचारीको कार्यालय आवागमनमा सहजताका लागि ती कर्मचारी यात्रा गर्ने रुटमा मितव्ययी तवरबाट एकीकृत परिवहन सञ्चालन गर्न बजेट व्यवस्था गरेको छ। | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा कार्यान्वयन गर्नेगरी प्रकिया अघि बढाइएको। |
| १७० | प्रदेश तथा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीलाई योगदानमा आधारित निवृत्तिभरणको निमित्त कोषकट्टी गर्ने व्यवस्था मिलाएको छ। स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीलाई नेपाल सरकारसँगको समन्वयमा योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने कार्य अघि बढाउने व्यवस्था मिलाइनेछ। | |
| १७१ | प्रदेश राजधानी देउखुरीमा कामकाज गर्नेगरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाएको छ। प्रदेशमा कार्यरत कर्मचारीलाई दिइँदै आएको आन्तरिक पर्यटन काजको व्यवस्थालाई निरन्तरता दिएको छ। | प्रदेश राजधानी देउखुरीमा कामकाज गर्नेगरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि छलफल तथा गृहकार्य भइरहेको। कर्मचारीले आन्तरिक पर्यटन काज सुविधा पाइरहेको। |
| १७२ | कर्मचारी तथा पदाधिकारीमा पूर्वीय दर्शनको आन्तरिकीकरण, असल अभ्यास, सकारात्मक सोंच तथा आध्यात्मिकता विकास सहितका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। | |

| | | |
|---|---|---|
| १७३ | प्रदेश सुशासन केन्द्रको नीतिगत, संस्थागत र संरचनागत सुधारका लागि आवश्यक रकम छुट्याएको छ। प्रदेश तथा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीको व्यक्तिगत अभिलेख व्यवस्थापनका लागि प्रदेश निजामती किताबखाना स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छ। | नीतिगत, संस्थागत र संरचनागत सुधारका कार्य प्रदेश सुशासन केन्द्रसँग सम्बन्धित रहेको। राष्ट्रिय किताबखाना (निजामती) बाट यस प्रदेशलाई PIS प्रणालीमा पहुँच हस्तान्तरण भएको र सोहो वमोजिम अभिलेख प्रविष्टिको लागि प्रदेश र स्थानीय तहका कर्मचारीलाई अभिमुखीकरण शुरु गरिएको। |
| १७४ | प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा हुने प्रतिनिधित्व एवम् प्रतिरक्षालाई थप प्रभावकारी बनाउन मुख्यन्यायाधिवक्ताको कार्यालयलाई सबल र सक्षम बनाउन आवश्यक प्रबन्ध मिलाएको छ। प्रदेश सरकारबाट निर्माण भएका कानुनमा आम नागरिकको सहज पहुँचका लागि ल पोर्टल तयार गरी सञ्चालनमा ल्याउने व्यवस्था गरेको छ। | |
| १७५ | तथ्य र प्रमाणमा आधारित नीति तथा कानुन निर्माण र कार्यान्वयनका लागि प्रदेशको तथ्याङ्क प्रणालीलाई प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय बनाउदै लैजाने व्यवस्था मिलाएको छ। | |
| १७७ | जिल्ला समन्वय समितिहरूबाट हुने अनुगमन प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छ। | लुम्बिनी प्रदेशका १२ वटा जिल्ला समन्वय समितिलाई पाँच लाख रुपैयाँका दरले बजेट विनियोजन गरी उपलब्ध गराइएको। |

**आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उपलब्धी**

- प्रदेश सुशासन केन्द्रबाट सञ्चालन हुने अधिकृत छैटौं, अधिकृत सातौं/आठौं र श्रेणीविहीन/तहविहिन कर्मचारीको सेवाकालिन तालिमको पाठ्यक्रम स्वीकृत गरिएको।
- व्यवस्थापन परीक्षण निर्देशिका, २०८२ स्वीकृत भई व्यवस्थापन परीक्षण स्वमूल्याङ्कन कार्य भइरहेको।
- ज्ञान व्यवस्थापन तथा संस्थागत स्मरण हस्तान्तरण निर्देशिका, २०८२ स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन हुने चरणमा रहेको।
- राष्ट्रिय किताबखाना (निजामती) सँगको समन्वयमा स्थानीय निजामती सेवा ऐन र नियमावली अनुरुप कर्मचारी सूचना प्रणाली (PIS) लाई कष्टमाइजेसन गरिएको।

*तालिका ३.७ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुंजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुंजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | ५३१३८३ | २२८०० | ५५४१८३ | १८.०५ | १५.७७ | १७.९५ |
| २०७९/८० | ९१४४४५ | ८५०५० | ९९९४९५ | १४.५२ | १०.७५ | १४.२० |
| २०८०/८१ | १५३७५७२ | ६०२०० | १५९७७७२ | ५.२१ | ०.१० | ५.०२ |
| २०८१/८२ | ६०६७०५ | ३९२०० | ६४५९०५ | १३.१९ | ३.९३ | १२.६३ |
| २०८२/८३ | ४७२१०० | २९७०० | ५०१८०० | १४.६५ | ७.९६ | १४.२५ |

## ३.४ आर्थिक मामिला तथा योजना मन्त्रालय

*तालिका ३.८ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (आर्थिक मामिला तथा योजना मन्त्रालय)*

| बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६८ | सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी, प्रभावकारी र नतिजामूलक बनाउन चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्दै पुँजीगत खर्च बृद्धि गर्न मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ। | प्रदेश सरकारको स्रोत संकुचनको अवस्थालाई हृदयंगम गर्दै चालु खर्च तर्फका विभिन्न शीर्षकहरूमा विनियोजन गरिएको बजेट २० प्रतिशत रोक्का राखिएको छ, सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ कार्यान्वयनमा रहेको छ। |
| १६९ | प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन क्षमता विस्तार गर्न राजस्वको दायरा फराकिलो बनाउँदै लगिनेछ। राजस्व सुधार कार्ययोजना तर्जुमा गरी राजस्व सङ्कलनका लागि नीतिगत र संरचनागत सुधार गरिनेछ। | राजस्व सुधार कार्ययोजना बमोजिम सम्बन्धित निकायसँग अन्तर्क्रिया गर्ने गरी बजेटको सुनिश्चितता गरिएको उक्त कार्यक्रम सञ्चालनका लागि अवधारणापत्र तयारी लगायतको कार्य भैरहेको। राजस्व प्राप्तिका क्षेत्र विस्तारका लागि स्थानीय तहसमेतको समन्वयमा विभिन्न चरणमा औपचारिक/अनौपचारिक छलफल गरिएको। |
| १७० | बहुवर्षीय र स्रोत सुनिश्चितता प्राप्त आयोजना समयमै सम्पन्न हुने गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनेछ। दायित्व सृजना भएका क्रमागत आयोजना तथा निर्माण कार्य शुरू भई सम्पन्न नभएका अधुरा आयोजनालाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयनमा लगिनेछ। पूर्वाधार विकासका साना आयोजना स्थानीय तहमार्फत् कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। | बहुवर्षीय आयोजनाको सहमति दिने कार्यलाई थप व्यवस्थित गर्ने गरी मापदण्ड परिमार्जन गर्ने कार्यमा छलफल गरी मस्यौदा तयारी गरिएको छ। बहुवर्षीय आयोजनामा पर्याप्त बजेटको विनियोजन सुनिश्चितताका लागि सम्बन्धित मन्त्रालयलाई थप जिम्मेवार बनाएर मात्र नयाँ आयोजना प्रविष्टि गर्नुपर्ने व्यवस्थाको तयारी भैरहेको। |

| | | |
|---|---|---|
| १७१ | सङ्घीय र स्थानीय तहमार्फत् कार्यान्वयन भैरहेका आयोजनासँग प्रदेशका आयोजनाको दोहोरोपन हटाउनका लागि सङ्घीय कार्यालय र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। | आयोजनामा दोहोरोपन हुन नदिनका लागि निरन्तर संघ तथा स्थानीय तहसँग समन्वय गर्ने गरिएको, एउटै आयोजनाका लागि विभिन्न तहबाट छुट्याइएको आयोजना कार्यान्वयनका लागि थप प्रभावकारीता ल्याउन संघ तथा स्थानीय तहबाट आयोजना कार्यान्वयन गराउन सक्ने प्रावधान प्रदेश विनियोजन ऐन, २०८२ मा समेत व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको। |
| १७२ | प्रदेशको समग्र आर्थिक विकासका लागि निजी, सहकारी, गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ। | बजेट तर्जुमा, नीति तर्जुमा तथा कानूनी प्रबन्ध गर्ने समयमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्र तथा विकास साझेदारसँग समन्वय गर्ने गरिएको, विभिन्न सीप विकास सम्बन्धित कार्यक्रमहरू विकास साझेदारसँगको समन्वयमा सञ्चालन गर्ने गरिएको। |
| १७३ | दिगो विकास लक्ष्य, क्षेत्रगत रणनीतिहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएको प्रतिबद्धता र अन्तरप्रदेश समन्वय र सह-लगानीमा कार्यान्वयन हुने आयोजनालाई विशेष प्राथमिकता दिइनेछ। | बजेट कोडिङलाई महत्व दिई दिगो विकास लक्ष्य तथा विभिन्न क्षेत्रगत रणनीतिहरू, अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिम बजेट निर्माण तथा कार्यान्वयनका लागि मन्त्रालय तथा निकायहरूलाई मार्गदर्शन गर्ने गरिएको। |
| १७४ | वित्तीय हस्तान्तरणमार्फत् स्थानीय तहमा विनियोजन भएको बजेटको कार्यान्वयन अवस्था र प्रगति विवरण यथासमयमै प्राप्त गर्न सकिने गरी सूचना प्रविधिमा आधारित प्रणालीको विकास गरिनेछ। | |
| १७५ | प्रदेश र प्रदेश भित्रका स्थानीय तहमा विकास साझेदारको सहयोगमा सञ्चालन हुने आयोजनाहरुको विवरण अद्यावधिक गर्नुका साथै दोहोरो नपर्ने गरी प्राथमिकताप्राप्त क्षेत्रमा केन्द्रित गर्न नेपाल सरकार एवम् स्थानीय तहसँग समन्वय गरिनेछ। | प्रदेश सरकारका मन्त्रालय/निकाय, स्थानीय तथा विकास साझेदारहरूसँगको समन्वय भइरहेको |
| १९१ | वित्तीय तथा आर्थिक अनुशासन कायम गरी आर्थिक कारोबारलाई मितव्ययी र कानुनसम्मत बनाई बेरुजु न्यूनीकरण गर्दै लगिनेछ। शून्य बेरुजु हुने तथा फछ्यौंटमा उत्कृष्ट कार्य गर्ने मन्त्रालय वा निकाय एवम् कर्मचारीलाई पुरस्कृत गरिनेछ। | आर्थिक कारोबारलाई मितव्ययी र कानून सम्मत बनाई बेरुजु न्यूनीकरणका लागि विभिन्न निकायलाई सहजीकरण र स्पष्टता प्रदान गर्ने गरिएको, विभिन्न उच्चस्तरीय बैठकमा समेत बेरुजु फछ्यौंटलाई प्राथमिकता दिन अनुरोध गर्ने गरिएको। |

*तालिका ३.९ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (आर्थिक मामिला तथा योजना मन्त्रालय)*

| बुँदा नं. | बजेट वक्तव्य | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १९२ | आन्तरिक आयको आधारलाई सुदृढ बनाउन राजस्व सुधार सुझाव कार्यदलले दिएका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। करका दरलाई अन्य प्रदेशको दरसँग समेत सामञ्जस्यता कायम गरी राजस्वको दायरा विस्तार गरिनेछ। राजस्व सुधार कार्ययोजना तर्जुमा गरी राजस्व सङ्कलनलाई प्रभावकारी बनाइनेछ | आर्थिक ऐन, २०८२ मार्फत केही सुझाव कार्यान्वयनमा रहेको, राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि अध्ययन टोली गठन गर्ने प्रक्रियामा रहेको |

| | | |
|---|---|---|
| १९३ | राजस्व प्रणालीलाई प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ। | राजस्व संकलन गर्ने केही कार्यालयमा QR कोड सहितको राजस्व संकलन गर्ने कार्यको सुरुवात भएको |
| १९४ | आन्तरिक राजस्व परिचालनलाई अभिवृद्धि गर्न विद्यमान करका दरहरूमा पुनरावलोकन गर्नुका साथै नयाँ क्षेत्र विस्तार गरेको छ। | कर छुट तथा सुविधा प्रदान गर्नुका साथै करको दायरा भन्दा बाहिरका करदातालाई करको दायरामा ल्याइएको |
| १९५ | सवारी साधन सम्बन्धी कर, शुल्क तथा दस्तुरलाई समसमायिक बनाएको छ। सवारी तथा सवारी चालकबाट असुल गरिएको दण्ड जरिबाना बापतको रकम प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाइनेछ। | आर्थिक ऐन, २०८२ मा सवारी साधन सम्बन्धी केही कर, शुल्क तथा दस्तुरलाई समसमायिक बनाइएको |
| १९६ | प्रदेशभित्र प्लाष्टिकजन्य सामग्री उपभोगलाई निरुत्साहित गर्न यस्ता वस्तुहरुको प्रयोगमा वातावरणीय सेवा शुल्क लगाउने व्यवस्था गरेको छ। | आर्थिक ऐन, २०८२ मा व्यवस्था गरी कार्यान्वयनमा रहेको |
| १९७ | कानुन बमोजिम तोकिएको समयभित्र नवीकरण नभएका सवारी साधन संवत् २०८२ पुस मसान्तसम्म नवीकरण हुन आएमा लाग्ने कर लिई जरिबानाको पचहत्तर प्रतिशत छुट गर्ने व्यवस्था मिलाएको छ। | छुट सुविधा प्रदान गरी म्याल नाघेका सवारी साधनलाई करको दायरामा ल्याइएको |
| १९८ | प्रचलित कानुनबमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेक नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका अन्य प्राइभेट तथा साझेदारी फर्मले संम्वत २०८२ पौष मसान्तभित्र नवीकरण वा नियमानुसार खारेज गर्न आवेदन दिएमा लाग्ने शुल्क लिई जरिबाना रकममा पचहत्तर प्रतिशत छुट दिने व्यवस्था गरेको छ। | छुट सुविधा प्रदान गरी म्याल नाघेका फर्महरुलाई करको दायरामा ल्याइएको |
| १९९ | आर्थिक वर्ष २०८२/८३ मा दर्ता हुने लघु, घरेलु तथा साना उद्योगलाई प्रचलित कानुन बमोजिम लाग्ने दर्ता शुल्कको पचास प्रतिशत छुट दिई दर्ता गर्ने व्यवस्था गरेको छ। | लघु, घरेलु तथा साना उद्योगलाई छुट दिई दर्ता गर्ने कार्य गरिदै आएको |
| २०० | वन क्षेत्रलाई राजस्व वृद्धि र प्रदेश समृद्धिको प्रमुख आधारको रूपमा उपयोग र व्यवस्थापन गरिनेछ। वनक्षेत्र भित्रको निर्माणजन्य सामग्रीको व्यवस्थापनलाई प्रभावकारी बनाई प्रदेशको राजस्व वृद्धि गर्न आवश्यक नीतिगत र कानुन परिमार्जन गर्ने व्यवस्था मिलाएको छ। | वन क्षेत्रको आय वृद्धि हुदै गएको छ। |
| २०१ | सामुदायिक वन उपभोक्ता समूहको वार्षिक रु.२ लाख सम्मको आम्दानीमा एक प्रतिशत, रु.२ लाख भन्दा बढीको आम्दानीमा आफ्ना समूहको सदस्यहरुबाट प्राप्त भएमा पाँच प्रतिशत र समूह बाहिरबाट प्राप्त भएमा पच्चिस प्रतिशतले हुने सेवा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाएको छ। | |

| | | |
|---|---|---|
| २०२ | सङ्घीयताको मर्म बमोजिम प्रदेशले पाउनुपर्ने अनुदान, बाँडफाँटबाट प्राप्त हुने राजस्व र रोयल्टीलाई न्यायोचित बनाउन नेपाल सरकारसँग समन्वय गरिनेछ। | नेपाल सरकारसँग आवश्यक समन्वय भइरहेको |
| २०३ | प्रदेशका रणनीतिक महत्वका आयोजनाहरुको लागि आवश्यक स्रोत प्रबन्ध गर्न मिश्रित, हरित जस्ता बैकल्पिक विकास वित्त एवम् ऋण परिचालन गर्ने प्रक्रिया आगाडि बढाइनेछ। | |
| २०५ | आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनबाट पुँजीगत खर्च परिचालनमा गुणात्मक सुधार हुने र सार्वजनिक वित्त प्रणाली थप चुस्त भई खर्चको प्रभावकारिता बढ्ने अपेक्षा गरेको छ। बजेटमा प्रस्ताव गरेको राजस्व सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट राजस्वको आधार तथा दायरा विस्तार भई प्रदेशको आन्तरिक राजस्व परिचालन थप सुदृढ हुँदै जाने विश्वास लिएको छ। | प्रदेशको आन्तरिक राजस्व वृद्धिमा सुधार हुँदै गएको छ। |
| २०६ | प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको अर्थतन्त्रमा गतिशीलता आउने र उत्पादन वृद्धि तथा रोजगारी सिर्जना हुन गई दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह एवम् निजी क्षेत्रको लगानी समेतबाट आगामी आर्थिक वर्ष लुम्बिनी प्रदेशको आर्थिक वृद्धि ६.५ प्रतिशत हुने अनुमान गरेको छ। | |

*तालिका ३.१० आर्थिक मामिला तथा योजना मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | २९१८१८ | २१५२० | ३१३३३८ | १०.५१ | ६.५७ | १०.२४ |
| २०७९/८० | ३६४५७७ | ४६८४० | ४११४१७ | १२.१३ | ६.५७ | ११.५० |
| २०८०/८१ | १२०००० | १०००० | १३०००० | २२.१९ | ९.४९ | २१.२२ |
| २०८१/८२ | ९५००० | ५००० | १००००० | २७.९१ | २१.७१ | २७.६० |
| २०८२/८३ | १४४००० | २०००० | १६४००० | १७.६४ | ९.९६ | १६.७० |

## ३.५ उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

*तालिका ३.११ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (उद्योग, पर्यटन तथा यातायात मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २३ | "स्वदेशी उत्पादनको उपयोग, समृद्ध प्रदेश निर्माणमा सहयोग" भन्ने मूल नाराका साथ प्रदेशमा उत्पादन भएका वस्तुहरुको प्रयोग बढाउँदै जाने व्यवस्था मिलाइनेछ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनामा विशेष छुट एवम् सुविधा उपलब्ध गराइनेछ। त्यस्ता उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपूर्तिमा सहजीकरण गरिनेछ। | प्रदेशभित्र सम्भावना रहेको राडीपाखी, बेतवास र अल्लो उत्पादन गर्ने उद्योगमा आवश्यक जनशक्तिको लागि सिपमूलक तालिम प्रदान गरिएको। |
| २४ | लुम्बिनी प्रदेशका प्रत्येक जिल्लामा स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ। स्थानीय उत्पादनको बजारीकरणका लागि स्थानीय तह, निजी क्षेत्र र सहकारी सङ्घ संस्थासँगको सहकार्यमा कोशेली घर स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | लङग्रेन चामल उत्पादनको लागि प्रविधि हस्तान्तरण कार्यक्रम विनियोजन गरिएको। |
| २५ | व्यवसाय दर्ता, नवीकरण जस्ता कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। नवीकरण हुन नसकेका तथा रुग्ण उद्योग एवम् वाणिज्य फर्मलाई निश्चित अवधि तोकी एक पटकका लागि कर छुट तथा सहुलियत प्रदान गरी नवीकरण, सञ्चालन र पुनर्स्थापना गर्न प्रोत्साहन गरिनेछ। उद्यमीहरुलाई उत्प्रेरित गर्न उद्यम विकास कोषको प्रभावकारी परिचालन गरिनेछ। | बजेटमै व्यवस्था गरी कर छुटको व्यवस्था गरिएको साथै उद्यम विकास कोषको निरन्तरता। |
| २६ | बजारमा खाद्य वस्तुको सहज उपलब्धता, गुणस्तर तथा उचित मूल्य कायम राखको लागि सूचकका आधारमा गरिने बजार अनुगमन तथा नियमन कार्यलाई थप प्रभावकारी बनाइनेछ। खाद्य वस्तुको कृत्रिम अभाव तथा मूल्य नियन्त्रण गर्न आवश्यक नीतिगत एवम् कानुनी प्रबन्ध गरिनेछ। उपभोक्ता अधिकारको संरक्षण गर्न जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। दुर्गम जिल्लामा सुपथ मूल्य पसल सञ्चालनको कार्यलाई विस्तार गर्दै लगिनेछ। | बजार अनुगमन नियमित। रुकुम पूर्व जिल्लाका तीन स्थानमा सहुलियत पसल संचालन गरिएको। |
| २७ | श्रम बजारको माग अनुरुप सीपयूक्त प्राविधिक जनशक्ति तयार गर्न विभिन्न व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने र सीप परीक्षण गरी प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाइनेछ। बुटवल प्राविधिक शिक्षालय र यस प्रदेशमा वैदेशिक सहायता तथा साझेदारीमा सञ्चालित बहुप्राविधिक शिक्षालय प्रदेश सरकारलाई हस्तान्तरण गर्नका लागि नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ। | लेवल-१ को तालिम संचालन भइरहेका। |
| २८ | ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन, उत्खनन र प्रशोधन गरी निर्माणजन्य सामग्रीको सर्वसुलभ आपूर्तिका लागि आवश्यक कानुनी व्यवस्था गरिनुका साथै स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। विकास पूर्वाधार, मानवबस्ती र वातावरणमा प्रतिकूल असर नपर्ने गरी प्राकृतिक स्रोतको उपयोग गरिनेछ। | - |

| | | |
|---|---|---|
| २९ | प्रदेशमा उच्च सम्भावना भएका जैविक मल उत्पादन, एग्रो तथा हर्वल प्रोसेसिङ्ग, कागज, प्लाइउड, रिसाइकल, एसेम्बल तथा क्लिङ्कर लगायतका उद्योग स्थापनाका लागि सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउने लगायत अन्य आवश्यक सहजीकरण गरिनेछ। | - |
| ३० | रोजगारीका सम्भाव्य क्षेत्रको पहिचान, श्रमिक र रोजगारदाता बीचको अन्तरसम्बन्ध, सामाजिक सुरक्षा, श्रमशक्ति व्यवस्थापन, असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिक दायरामा ल्याउने प्रक्रिया लगायतका विषयहरु समावेश गरी श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ। | रोजगार नीतिको मस्यौदा तयारी भएको। |
| ३१ | संगठित तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्दै लैजाने व्यवस्था मिलाइनेछ। | असंठित क्षेत्रमा कार्यरत श्रमिकहरुको तथ्याङ्क संकलन गर्ने कार्य भइरहेको। |
| ३२ | वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक सूचना, सीपयुक्त तालिम एवम् न्यायमा पहुँचको सुनिश्चितता गरी प्राप्त विप्रेषणको उत्पादनमूलक उपयोगको लागि स्थानीय तहसँगको समन्वयमा आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रको स्थापना एवम् सबलीकरण गरिनेछ। | स्थानीय तहसँगको समन्वयमा आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रको स्थापना गरिएको। |
| ३३ | वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको ज्ञान, सीप, अनुभवको उपयोग गर्न सीप परीक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। दक्ष व्यक्तिलाई प्रशिक्षकको रुपमा समेत परिचालन गरिनेछ। | वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको ज्ञान, सीप, अनुभवको उपयोग गर्न सीप परीक्षणका कार्यक्रम भइरहेको। |
| ३४ | उद्यमशीलता प्रवर्धनमार्फत् रोजगारीका अवसरहरु सृजना गर्न प्रदेश तहका व्यावसायिक छाता संगठनसँगको सहकार्यमा नवप्रवर्तन तथा स्टार्टअप कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशको समृद्धिमा युवा पुस्ताको योगदान बृद्धि गर्न प्रविधि, उद्यमशीलता र आयआर्जनमा जोडिने गरी स्टार्टअप र इन्क्युवेसन लगायतका जेन् जी पुस्ता केन्द्रित कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | स्टार्टअप नवप्रवर्तन जेन-जेड पुस्ता अभिमुखीकरण कार्यक्रम संचालनको लागि तयारी गरिएको। |
| ३५ | "नागरिकको योगदानः महिनाको एक दिन श्रमदान" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै प्रदेश र स्थानीय तहको सहकार्यमा श्रमको सम्मान र श्रमदान गर्ने कार्य संस्कृतिको विकास गर्दै लगिनेछ। | कार्यक्रम कार्यान्वयन गर्ने चरणमा रहेको। |
| ३६ | सवारी साधनको विवरण विद्युतीय प्रणालीमा अभिलेखीकरण गरिनेछ। राजस्व भुक्तानीलाई अनलाईन प्रणालीमा आबद्ध गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। | जेन-जेड पुस्ता आन्दोलन पश्चात कार्यालयहरु जलेकाले कार्य गर्न कठिनाइका बाबजुत EVRS प्रणाली लागु गरिएको। |
| ३७ | यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवालाई पारदर्शी, मितव्ययी, सरल र सेवाग्राहीमैत्री बनाइनेछ। सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थित बनाई त्यस्तो अनुमतिपत्र निश्चित समयसीमा भित्रै प्राप्त हुने व्यवस्था मिलाइनेछ। | सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थित बनाइएको। |
| ३८ | "मोबाईल हातमाः यातायातको सेवा साथमा" भन्ने मान्यताका साथ सवारी साधनको दर्ता, नवीकरण, राजस्व, दण्ड जरिवाना तथा सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाइनेछ। | - |

| | | |
|---|---|---|
| ३९ | सवारी दुर्घटना सम्भावित क्षेत्रहरुमा जोखिम संकेत र सूचना पाटीको प्रयोग बढाउँदै लगिनेछ। विद्यार्थी-ट्राफिक कार्यक्रमलाई आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ। नयाँ दर्ता हुने सार्वजनिक सवारी साधनमा जी.पी.एस. प्रणाली जडान गर्न प्रोत्साहन गरिनेछ। | कार्यक्रम तयारी गरिएको। |
| ४० | संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सवारी साधनको फिटनेस परीक्षण सेवा उपलब्ध गराउन यातायात व्यवसायसँग सम्बन्धित सङ्घ संस्थाहरुलाई प्रोत्साहन गरिनेछ। | कार्यक्रम तयारी गरिएको। |
| ४१. | प्राचीन स्मारक, पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदा तथा पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्धन गरी पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ। | प्रयाप्त मात्रमा बजेट विनियोजन गरिएको साथै कार्य हुँदै गरेको। |
| ४२ | प्रदेशभित्रका सबै मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीत लगायतका विषयहरु संरक्षण, प्रवर्धन र पुस्तान्तरण गर्न कानुन बमोजिम लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ। | लुम्बिनी प्रज्ञा प्रतिष्ठान विधेयक प्रदेश सभा सचिवालयमा दर्ता हुने तयारीमा रहेको। |
| ४३ | प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरी साँस्कृतिक ग्रामको रुपमा विकास गर्न स्थानीय तह र समुदायस्तरमा सहकार्य गरिनेछ। | सांस्कृतिक ग्रामको विकास गर्न संघीय विशेष अनुदान मार्फत प्रक्रिया अगाडी बढाइएको साथै कार्य भइरहेको। |
| ४४ | प्रदेशभित्रका पर्यटकीय क्षेत्रलाई आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्न रुकुम (पूर्वी भाग) र रोल्पा जिल्लाका हिमाली तथा उच्च पहाडी क्षेत्रका मनोरम स्थलमा साहसिक तथा साँस्कृतिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ। | रुकुम (पूर्वी भाग) र रोल्पा जिल्लाका हिमाली तथा उच्च पहाडी क्षेत्रका मनोरम स्थलमा साहसिक तथा साँस्कृतिक पर्यटकीय गतिविधि सञ्चालन गर्नको लागि रुकुम पूर्वको रुकुमकोटलाई पर्यटकीय हब घोषणा गरिएको। |
| ४५ | ऐतिहासिक, साँस्कृतिक, पुरातात्त्विक, धार्मिक, जैविक एवम् प्राकृतिक महत्वका स्थान विशेषको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न प्राचीन स्मारक तथा संग्रहालय व्यवस्थापन सम्बन्धी कानुन निर्माण गरिनेछ। | प्रक्रियामा रहेको। |
| ४६ | प्रदेशको वैभवको रुपमा रहेको भगवान गौतम बुद्धको जन्मस्थल एवम् बुद्ध दर्शनको आध्यात्मिक केन्द्र लुम्बिनी यसै प्रदेशमा रहेको छ। लुम्बिनी विकास गुरुयोजना कार्यान्वयन एवम् लुम्बिनीको समग्र विकासमा प्रदेश सरकारको भूमिका, अपनत्व तथा सहभागिता बृद्धि गर्न आवश्यक देखिएको छ। लुम्बिनीको ऐतिहासिकता र बुद्ध दर्शनसम्बन्धी विषयको आधिकारिक सूचना सम्प्रेषण एवम् लुम्बिनी क्षेत्रको विकास र व्यवस्थापन सम्बन्धी कार्य समन्वयात्मक रुपमा अघि बढाउन लुम्बिनी सर्किटमा पर्ने स्थानीय तह र सम्बद्ध निकायको सहभागिता हुने गरी लुम्बिनी विकास प्राधिकरण गठन गर्ने प्रक्रिया अगाडि बढाइनेछ। | - |
| ४७ | लुम्बिनीलाई केन्द्र बनाई देवदह, रामग्राम, तिलौराकोट लगायतका सम्पदाहरु जोड्ने गरी बौद्ध सर्किटको विकास र प्रवर्धन गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ। लुम्बिनी क्षेत्र सहित प्रदेशका महत्वपूर्ण पर्यटकीय स्थलसम्बन्धी सूचना प्रवाह गर्न डिजिटल प्लेटफर्मको विकास गरिनेछ। | डिजिटल प्लेटफर्मको विकास पर्यटन विकास परिषद्मार्फत गरिएको। |

| | | |
|---|---|---|
| ४८ | शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गरिनेछ। रुरु क्षेत्रको समग्र पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ। | शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गरिएको। |
| ४९ | नेपाल प्रवेश गर्ने स्थलमार्ग तथा विमानस्थलहरुमा पर्यटकीय गन्तव्य स्थलका सूचना र जानकारीहरु विद्युतीय प्रणालीबाट बहुभाषामा प्रकाशन तथा प्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ। | पर्यटन विकास परिषद्मार्फत यसको व्यवस्थापन हुँदै गरेको। |
| ५० | स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। | स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहनका लागि छलफल तथा अन्तरक्रिया गरिएको। |
| ५१ | मनोरम प्राकृतिक क्षेत्र, गुफा, पाटन, लेक, तालतलैया, झरना लगायत प्राकृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रबर्धन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। | मनोरम प्राकृतिक क्षेत्र, गुफा, पाटन, लेक, तालतलैया, झरना लगायत प्राकृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रबर्धन गर्ने कार्य भइरहेको। |
| ५२ | प्रदेशमा रहेका उच्च हिमाल आरोहणका लागि स्थानीय तहसँग सहकार्य गरी बेसक्याम्प तथा पर्यटक पदमार्ग निर्माण गरिनेछ। | चेलवाङ चौर-बयली-थामसम्म पर्यटन पदमार्ग निर्माण (पुथाउत्तरगंगा-10) र हार्दिवाङ्याउले दुलेपथ मार्ग (पुथाउत्तरगंगा-1 र २), नमछै गो ताल संरक्षण पदमार्ग (पुथाउत्तरगंगा-5, हुकाम) रुकुम पूर्व निर्माण कार्य भइरहेको। |
| ५३ | बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्यूठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीको रेसुङ्गा, पाल्पाको रानी महल, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्धन गरिनेछ। | पर्यटन विकास परिषद्मार्फत पर्यटन प्रवर्धन गरिरहेको। |
| ५४ | निजी क्षेत्रका व्यावसायिक छाता संगठनको साझेदारिमा लुम्बिनी प्रदेशका महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न आवश्यक सहजीकरण र प्रोत्साहन गरिनेछ। | - |
| ५५ | प्रदेशभित्रका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार, संरक्षण एवम् प्रवर्धन समेतलाई सहयोग पुग्ने गरी प्रदेश मन्त्रिपरिषद्को बैठक विभिन्न स्थानमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | - |

*तालिका ३.१२ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (उद्योग, पर्यटन तथा यातायात मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४७. | स्वदेशमा नै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास, विशेष सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। स्टार्ट-अप ईको सिस्टमलाई संस्थागत गर्दै नवप्रवर्तन सहितको पुँजीमा पहुँच र उद्यमशीलता प्रवर्धनमा जोड दिएको छ। साथै, जेन् जी पुस्ता केन्द्रित उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम छुट्याएको छ। | सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन भइरहेका। |
| ४८ | युवाहरूलाई रोजगारीको अवसर दिलाउन तथा स्वरोजगार बनाउन परीक्षण सहितको सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न रु. ४ करोड ६५ लाख विनियोजन गरेको छ। | - |
| ४९ | "क्रेता र बिक्रेताको सम्बन्धको आधार; उचित मूल्य, गुणस्तरीय वस्तु, विश्वासको व्यापार" भन्ने अभिप्रायका साथ उद्योगी व्यवसायीको सम्मान र उपभोक्ता अधिकारको संरक्षण गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छ। | उपभोक्ता अधिकारको संरक्षण गर्न सचेतनामूलक कार्यक्रम संचालन भइरहेका। |
| ५० | उपभोग्य वस्तुको सहज र सरल आपूर्तिको लागि लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम (पूर्व) मा सुपथ मूल्य पसल सञ्चालन गर्न बजेट व्यवस्था मिलाएको छ। | रुकुम पूर्व जिल्लाका तीन स्थानमा सहुलियत पसल संचालन गरिएको। |
| ५१ | स्थानीय घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण तथा बिक्रीका लागि कानुनी प्रबन्ध मिलाइनेछ। | स्थानीय घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण तथा बिक्रीका लागि स्थानीय मदिरा ब्राण्डिङ सम्बन्धी कानुनका लागि अवधारणा पत्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र स्वास्थ्य मन्त्रालयसँग सैद्धान्तिक सहमति माग गरिएको। |
| ५२ | बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीको रुरु रेसुङ्गा, पाल्पाको रानी महल, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न बजेट विनियोजन गरेको छ। | पर्यटन विकास परिषद्मार्फत पर्यटन प्रवर्धन गरिरहेको। |
| ५३ | प्राचीन स्मारक तथा पुरातात्विक एवम् साँस्कृतिक सम्पदा, धार्मिक सम्पदा, पर्यटकीय तथा पर्यावरणीय स्थलको संरक्षण र प्रवर्धन गर्ने उद्देश्य अनुरूप डिजिटल अभिलेखीकरण गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न आवश्यक रकम छुट्याएको छ। | - |

| | | |
|---|---|---|
| ५४ | प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरी साँस्कृतिक ग्रामको रूपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु। | सांस्कृतिक ग्रामको विकास गर्न संघीय विशेष अनुदान मार्फत प्रक्रिया अगाडी बढाइएको साथै कार्य भइरहेको। |
| ५५ | रुरु क्षेत्रको पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ। शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गर्ने कार्यमा सहयोग पुर्‍याउन बजेट छुट्याएको छु। | शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गरिएको। |
| ५६ | स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्ने कार्यमा सहयोग पुर्‍याउन बजेट विनियोजन गरेको छु। | स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहनका लागि छलफल तथा अन्तरक्रिया गरिएको। |
| ५७ | प्रदेशभित्रका सबै मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीत लगायतका विषयहरु संरक्षण, प्रवर्धन र पुस्तान्तरण करना लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन प्रक्रियालाई अगाडि बढाइनेछ। | |
| ५८ | संस्कृतिको पुस्तान्तरण तथा प्राकृतिक जीवनशैलीको अनुशरण गर्न "ब्याक टु नेचर र ब्याक टु कल्चर" कार्यक्रमलाई निरन्तरता दिएको छु। | - |
| ५९ | गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा प्रदेश सरकारको अपनत्व एवम् सहभागिता बढाउन तथा अन्तर्राष्ट्रिय स्तरमा यसको प्रवर्धन गर्न लुम्बिनी विकास कोष, सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी लुम्बिनी विकास प्राधिकरणको गठन प्रक्रिया अगाडि बढाइनेछ। | - |
| ६० | "लुम्बिनीमा पाइला टेक" भन्ने नारालाई सफल बनाउन लुम्बिनी बौद्ध अन्तर्राष्ट्रिय शिखर सम्मेलन आयोजना गर्न बजेट छुट्याएको छु। | कार्यक्रमको तयारी हुँदै गरेको। |
| ६१ | मध्यपहाडी लोकमार्गको प्रमुख स्थल रुकुमकोटलाई हिमालयन पर्यटन हबको प्रस्थान विन्दुको रुपमा विकास गरी रन्मामैकोट-सुनदह-पुथा बेसक्याम्प, गुप्तदह-सिस्नेगाँउ-सिस्ने हिमाल बेसक्याम्प र पातिहाल्ने-चौरीलेक पदमार्ग निर्माण तथा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। | - |
| ६२ | रोल्पाको थवाङ जलजला पर्यटकीय पदमार्गको स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु। कोईलाबास-धारापानी-स्वर्गद्वारी तीर्थमार्ग निर्माण गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु। | - |
| ६३ | पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण र विकासमा सार्वजनिक लगानी अभिबृद्धि गर्दै निजी क्षेत्रको सहकार्यमा "तराईमा रमाउने, पहाडमा घमाउने र हिमाल चढाउने" कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। | पर्यटन विकास परिषद्मार्फत पर्यटन प्रवर्धन गरिरहेको। |

| | | |
|---|---|---|
| ६४ | बर्दिया राष्ट्रिय निकुञ्जमा भ्रमण गर्ने पर्यटकलाई लक्षित गरी ठाकुरबाबाको हात्तिसारमा पर्यटकीय जलाशय निर्माणको सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेको छ। | |
| ६५ | धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रचार प्रसार, संरक्षण एवम् प्रवर्धन समेतलाई सहयोग पुग्ने गरी महत्वपूर्ण पर्यटकीय स्थलमा प्रदेश मन्त्रिपरिषद्को बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | - |
| ६६ | निजीक्षेत्रको सहकार्यमा प्राकृतिक, साँस्कृतिक, कृषि, खेलकुद, साहसिक र आरोग्य पर्यटन प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्न रु.५ करोड विनियोजन गरेको छ। | - |
| ६७ | ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास, संरक्षण र प्रवर्धनका लागि रु.८० करोड विनियोजन गरेको छ। | - |
| ६८ | "मोबाईल हातमाः यातायात सेवा साथमा" भन्ने नारालाई सार्थक बनाउने गरी सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाउन आवश्यक बजेट छुट्याएको छ। | - |
| ६९ | यातायात सेवाका सबै अभिलेखलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्दै जाने व्यवस्था मिलाएको छ। प्रदेश यातायात कार्यालयहरूबाट समेत सवारी चालक अनुमति पत्र छपाइ गर्ने व्यवस्था मिलाउन रु.१ करोड ५० लाख विनियोजन गरेको छ। | जेन-जेड पुस्ता आन्दोलन पश्चात कार्यालयहरु जलेकाले कार्य गर्न कठिनाइका बाबजुद EVRS प्रणाली लागु गरिएको। |
| ७० | प्रदेश समृद्धिमा "नागरिकको योगदान, महिनाको एक दिन श्रमदान" भन्ने उक्तिलाई आत्मसात गर्दै श्रमको सम्मान गर्ने सँस्कृति विकासका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छ। | - |
| ७१ | वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप परीक्षण गरी स्वरोजगार बन्न प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिएको छ। वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायमा पहुँच तथा वित्तीय सक्षारता प्रदान गर्दै सहजकर्ता तथा आप्रवासी श्रमिकको क्षमता अभिबृद्धि गर्न रु २ करोड व्यवस्था गरेको छ। | वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको ज्ञान, सीप, अनुभवको उपयोग गर्न सीप परीक्षणका कार्यक्रम भइरहेको। |

**उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको पुस मसान्तसम्मको उपलब्धी**

- करिव ५००० जनशक्तिलाई उद्यमशिल बनाई रोजगारी सिर्जना गर्ने तथा स्वरोजगार बनाउने उदेश्यबमोजिम सिपमूलक तालिम प्रदान गरिरहेको

❖ प्रदेशका १२ जिल्लाका ६० वटा विद्यालयहरुमा संचालन गरिने उपभोक्ता शिक्षा कार्यक्रम मार्फत करिब ६००० विद्यार्थी प्रत्यक्ष लाभान्वित र थप समुदाय समेत लाभान्वित हुने गरी कार्यक्रम संचालन भइरहेको।

*तालिका ३.१३ उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०८०/८१ | १०२८०२३ | ५०१७५० | १५२९७७३ | १९.९० | २.५० | १४.१९ |
| २०८१/८२ | ६२४७९३ | ८१९९१० | १४४४७०३ | १८.८३ | २.०६ | ९.३१ |
| २०८२/८३ | ७२९८११ | ११७४४०० | १९०४२११ | २६.५९ | ३.६१ | १२.४२ |

## ३.६ ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय

*तालिका ३.१४ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विधमान अवस्था |
|---|---|---|
| ६४ | सिँचाइ गुरुयोजना तथा आवश्यक संस्थागत तथा कानूनी व्यवस्था गरिने | नीतिगत तथा कानूनी व्यवस्थाको लागि आवश्यक गृहकार्य भइरहेको; सिँचाइ गुरुयोजना निर्माणको लागि प्रयाप्त बजेट विनियोजन नभएको, जिल्लास्तरमा आयोजनाको इन्भेन्ट्री बनाउने तयारी भइरहेको |
| ६५ | सतह सिँचाइको सम्भावना नभएका पहाडी टार, खेतवारी र बाँझो जमिनमा लिफ्ट प्रविधि मार्फत सिंचाइ सेवाको विस्तार गर्दै लगिने | न्यून बजेट विनियोजनका कारण कृषकको माग बमोजिम सिँचाइ सेवा विस्तार गर्न नसकिएको; मौजुदा लिफ्ट सिँचाइ योजनाहरुको मर्मत सम्भार र संचालनमा आवश्यक बजेट विनियोजन गर्न नसकिएको |
| ६६ | एकीकृत सिँचाई तथा कृषि विकास कार्यक्रम | सम्बन्धित कृषि ज्ञानकेन्द्रसंग समवन्य गरी कार्यन्वयन प्रक्रियामा रहेको। |
| ६८ | जलाशययुक्त बहुउद्देश्यीय सिँचाइ आयोजना, वर्षे पानी सङ्कलन पोखरी, पुराना ताल तथा पोखरी संरक्षण | जलाशययुक्त बहुउद्देश्यीय सिँचाइ आयोजनाको अध्ययन तथा कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन नभएको, भूमिगत जल पुनर्भरण तथा ताल संरक्षण योजनाहरु सम्बन्धित स्थानीय तहसंग समवन्य गरी कार्यान्वयनको चरणमा रहेको। |
| ६९ | भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाई कार्यक्रम | केहि भूमिगत डिप ट्युबेल सिँचाई प्रणाली निर्माण सम्पन्न भईसकेको, केहि निर्माणको चरणमा रहेको। |
| | | २०% रोक्काको कारण स्यालो ट्युबवेल निर्माण कार्य कार्यन्वयन गर्न कठिनाई भएको। |
| ७० | सम्पन्न सिँचाइ प्रणालीको दिगो व्यवस्थापन र संचालन गर्न उपभोक्ता संस्थाको क्षमता विकास कार्यक्रम | उपभोक्ता संस्थाको संस्थागत तथा क्षमता विकासको लागि जिल्लास्तरमा निरन्तर कार्यक्रमहरु संचालन भइरहेको |

| | | |
|---|---|---|
| ७१ | जलजन्य विपद्का कारण हुने बाढी, पहिरो, डुवान संग सम्वन्धित जलउत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | बाढी र डुवानसंग सम्बन्धित जलउत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गतका योजनाहरुको कार्यन्वयन भइरहेको; पहिरो व्यवस्थापनसंग सम्वन्धित योजना तथा कार्यक्रमको लागि बजेट विनियोजन नभएको |
| ७३ | सौर्य उर्जा प्रबिधि जडान | सार्वजनिक क्षेत्रहरुमा सौर्य उर्जा प्रविधिको जडानको लागि विनियोजन भएको बजेट रोक्का पश्चात न्यून बजेटको कारण कार्यन्वयनमा कठिनाई भएको। लिफ्ट तथा भूमिगत सिँचाइ योजनाहरुमा सौर्य ऊर्जा प्रविधिको जडानको लागि प्रयाप्त बजेट विनियोजन नभएको |
| ७४ | ग्रामीण बिधुतिकरण एबम् सौर्य उर्जा कार्यक्रम | बजेट रोक्का पश्चात न्यून बजेटको कारण कार्यन्वयनमा कठिनाई भएको। |

*तालिका ३.१५ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको बिधमान अवस्था |
|---|---|---|
| १३४ | एकीकृत सिँचाइ तथा कृषि बिकास कार्यक्रम | सम्बन्धित जिल्ला स्थित कृषि ज्ञानकेन्द्रसंग समवन्य गरी कार्यन्वयन प्रक्रियामा रहेको। |
| १३५ | सतह, भूमिगत, लिफ्ट सिँचाइ तथा नया प्रविधिको प्रयोग गरि सिँचाई सुविधा बिस्तार गर्ने | केहि सिँचाई प्रणाली निर्माण सम्पन्न भईसकेको,केहि खरिद कार्य भईसकेको तथा केहि निर्माणको चरणमा रहेको। |
| | | २०% रोक्काको कारण स्यालो ट्युबवेल निर्माण कार्य कार्यान्वयन गर्न कठिनाई भएको। |
| १३६ | कृत्रिम पोखरी तथा स-साना जलाशय निर्माण, पुराना ताल तथा पोखरिहरुको संरक्षणमार्फत भूमिगत जल पुनर्भरण कार्यक्रम | भूमिगत जल पुनर्भरण कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहसंग समवन्यको चरणमा रहेको। कृत्रिम पोखरी तथा स-साना जलाशय निर्माणको लागि आयोजना पहिचान तथा विस्तृत सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा लानु पर्ने |
| १३७ | बाणगंगा,प्रगना कुलो, मर्चवार लिफ्ट सिँचाई प्रणाली समुक्त व्यवस्थापन तथा संचालन | ठेक्का प्रक्रियाको चरणमा रहेको। |
| १३८ | जल जन्य विपद् बाट खेत वस्ती तथा भौतिक पूर्वाधारहरुको संरक्षण तथा जोखिम न्यूनिकरण गर्न तटबन्ध तथा नदी व्यवस्थापनको कार्य गर्ने | जल जन्य विपदपश्चातको संरक्षणको लागि योजना तथा कार्यक्रमहरु कार्यान्वयन भइरहेको भए पनि जोखिम न्यूनीकरणको लागि न्यून वजेट विनियोजन भएको |
| १३९ | बातावरणमैत्री वैकल्पिक उर्जा प्रबर्धन कार्यक्रम | बजेट रोक्का पश्चात न्यून बजेटको कारण कार्यन्वयनमा कठिनाई भएको। |
| १४० | जल उत्पन्न प्रकोप न्यूनीकरण र व्यवस्थापन कार्यक्रम | स्थलगत निरिक्षण सम्पन्न भई कार्यन्वयनको चरणमा रहेको। |
| १४२ | सौर्य उर्जा जडान कार्यक्रम | बजेट रोक्का पश्चात न्यून बजेटको कारण कार्यन्वयनमा कठिनाई भएको। |

*तालिका ३.१६ ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | २३४३७४ | ३३९४४०० | ३६२८७७४ | १६.८८ | ७.४९ | ८.१० |
| २०७९/८० | २७४८०८ | ३३८७९०० | ३६६२७०८ | ३६.०६ | ११.७५ | १३.५८ |
| २०८१/८२ | २५९५०० | ३०११४०० | ३२७०९०० | ३४.९४ | ११.६२ | १३.४७ |
| २०८२/८३ | २८०००० | २४०६००० | २६८६००० | ३३.०२ | ९.४८ | ११.९४ |

## ३.७ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

*तालिका ३.१७ नीति तथा कार्यक्रम र बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय)*

| नीति तथा का.बुँदा नं | वजेट वक्त. बुँदा नं | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| २ | २८ | कुपोषणको समस्या बढी देखिएका क्षेत्रहरुमा पोषणयुक्त खाद्य वस्तु उत्पादन तथा उपभोग गर्ने सघन कार्यक्रमहरु सञ्चालन गरिनेछ। | महिला बालबालिका लक्षित पोषण सुधार कार्यक्रम अन्तर्गत दाङ र कपिलवस्तुमा करिव २५ हे. तरकारी खेती भईरहेको र ११२० घर परिवार लाभान्वित भई खानपानमा सुधार हुने अपेक्षा। |
| ३ | ३१/३३ | प्रदेशमा सञ्चालित बालीवस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिँदै हुलाकी मार्ग लक्षित मासु र दुग्धजन्य उत्पादन बृद्धिका लागि भैंसीपालन प्रवर्धन कार्यक्रम शुरु गरिनेछ। | - वाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम अन्तर्गत तोरीको मुल/ उन्नत विउ र मल वितरण गरी २९५ हेक्टरमा तोरी खेती भई करिव ३७६ मे. टन उत्पादन भई ६६८ घरपरिवार लाभान्वित भई भएको।<br>- ६० हेक्टरमा आलु खेती भईरहेको।<br>-हुलाकी मार्ग लक्षित भैसिको वंश सुधार कार्यक्रम तराईका ६ जिल्लामा संचालनमा आई कार्यान्वयनको चरणमा रहेको। |

| | | | |
|---|---|---|---|
| ४ | ४४ | कृषिको उत्पादकत्व बृद्धिका लागि साना सिँचाइ कार्यक्रम मार्फत् सिंचित क्षेत्र विस्तार गरिनुका साथै सिंचित क्षेत्रमा बाली विविधीकरणद्वारा बाली सघनता बृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | सिंचाइ सहित कृषि विकास कार्यक्रम अन्तर्गत सिंचाई कुलो निर्माण, सिंचाई पोखरी निर्माण, पाईप वितरण, बोरिङ जडान,पम्पसेट,मोटर वितरण जस्ता कृयाकलापहरु सञ्चालन गर्नको लागि सूचना प्रकाशन गरी फिल्ड भेरिफिकेशन र सम्झौताको काम भईरहेको। |
| ५ | २९ | कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रुपान्तरण गरी निश्चित अवधि भित्र पूर्ण प्राङ्गारिक प्रदेश बनाउने कार्यलाई अभियानका रुपमा अगाडि बढाइनेछ। | स्थानीय तहका जनप्रतिनिधि, अगुवा कृषक तथा सरोकारवाला संग प्राङ्गारिक खेती सम्वन्धी अन्तरक्रिया गोष्ठि, प्राङ्गारिक उत्पादनको बजारीकरणका लागि प्याकेजिङ/लेबलिङमा सहयोग, प्राङ्गारिक कृषि उपज विक्री कक्ष स्थापनामा सहयोग, प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको। |
| ६ | ३६ | गुणस्तरीय बीउ, विरुवा नश्ल तथा मत्स्य भुरा उत्पादनका लागि कृषक समूह, सहकारी तथा निजी स्रोत केन्द्रलाई प्रोत्साहन गरिनेछ। बागवानी स्रोत केन्द्र कपिलवस्तु तथा बाखा स्रोत केन्द्र अर्घाखाँचीको क्षेत्र विस्तार सम्बन्धी कार्य अगाडि बढाइनेछ। पहाडी जिल्लाहरुमा फलफूल र तरकारीको प्रदेशस्तरीय स्रोत केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ। | -बाखा स्रोत केन्द्र अर्घाखाँचीको क्षेत्र विस्तार सम्बन्धी कार्य गर्नको लागि वातवरणिय परिक्षण अध्ययन (EIA) गर्नुपर्ने भएकोले कार्यक्रम संशोधनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पत्राचार गरिएको।<br>- पहाडी जिल्लाहरुमा फलफूल र तरकारीको प्रदेशस्तरीय स्रोत केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन कार्यक्रम अन्तर्गत गुल्मीमा पहाडी फलफलु बालीको स्रोत केन्द्र र प्यूठान जिल्लामा तरकारी वालीको स्रोत केन्द्र स्थापनाको लागि सम्भव्यता अध्ययनको काम भईरहेको। |
| ८ | ३४ | पशुपन्छी तथा मत्स्यपालनमा उत्पादकत्व बृद्धि गर्न नल सुधार, यान्त्रिकीकरण, आहार व्यवस्थापन, खोप सेवा, रोग निदान तथा उपचार सेवालाई विस्तार गर्दै लगिनेछ। उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रवर्धन गरिनेछ। गुल्मी रअर्घाखाँची जिल्लामा सञ्चालित खोरेत मुक्त अभियानलाई निरन्तरता दिँदै थप दुई जिल्लामा विस्तार गरिनेछ।माछा पोखरीमा प्रयोग हुने विद्युत महशुलमा अनुदान दिने व्यवस्था गरिनेछ। पहाडी क्षेत्रमा मत्स्य पालनको सम्भाव्यता अध्ययन गरिनेछ। | -पशुपन्छीको नश्ल सुधार अन्तर्गत गाइमा २३,५९०, भैंसिमा २६,९४५ र बाखामा ४४८ गरी जमा ५१०१९ पशुमा कृत्रिम गर्वाधान गरिएको।<br>-खोरेत मुक्त जिल्ला अभियान कार्यक्रम अन्तर्गत परिचालित ५०४ जना भ्यकसिनेटरलाई अभिमुखिकरण गरी ३,६६,९४२ पशुलाई खोरेत रोग विरुद्ध खोप लगाईएको।<br>-मत्स्य पोखरीमा प्रयोग हुने विद्युतीय महशुलमा छुट अनुदानको लागि सुचना प्रकाशन भई फिल्ड भेरिफिकेशन भईरहेको। |
| ९ | ४३ | सीमान्तकृत विपन्न, मुक्तकमैया, मुक्तकम्लहरी, भूमिहीन लगायतका समुदायको जीवनस्तर सुधार गर्न रोजगारी तथा आय आर्जन अभिबृद्धि हुने गरी करार खेती बगर खेती, सामूहिक खेती तथा पशुपन्छीपालन लगायतका लक्षित समुदाय विशेष कृषि कार्यक्रम सञ्चालन गरिनेछ।माध्यमिक तहका विद्यार्थीहरुलाई स्कूल हर्टिकल्चर कार्यक्रम कृषि बागबानी कार्यक्रममा आवद्ध गरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै लगिनेछ। | -माध्यमिक तहका विद्यार्थीहरुलाई स्कूल हर्टिकल्चर कार्यक्रम अन्तर्गत कार्यक्रम संचालनका लागि बिद्यालय छनौट भई सम्झौता भईसकेको। |

| | | | |
|---|---|---|---|
| १० | ३० | कृषिको जैविक विविधता, कृषकको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्धन गर्दै घिउपुरी, तिलकी, कालानमक, अनदी र हंशराज समेतका धानबाली एवम् चिनो, कागुनो, कोदो, फापर, थारु आलु, रातोमुला जस्ता रैथाने बाली तथा स्थानीय जातका सुंगुर, बाखा तथा कुखुरा लगायतका पशुपन्छीको संरक्षण, सूचीकरण र प्रवर्धन गर्ने कार्य अघि बढाईनेछ। | -रैथाने बाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम अन्तर्गत दाङमा ७ हेक्टरमा तिल्की र सिमठारो धान खेती हुने अनुमान। |
| १२ | ३२ | घरदैलोमा प्राविधिक सेवा, व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा" भन्ने मान्यतालाई आत्मसात् गर्दै व्यावसायिक कृषकको फर्ममै पुगी घुम्ती प्राविधिक परामर्श तथा उपचारको विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। बालीनाली र पशुपन्छीमा लाग्ने रोगको नमूना परीक्षण र रोग निदान सेवालाई प्रभावकारी बनाउन प्रयोगशाला तथा भेटेरिनरी अस्पतालहरुको सुदृढीकरण तथा स्तरोन्नति गरिनेछ। | -व्यावसायिक कृषि फार्ममा विज्ञ सहितको प्राविधिक सेवा कार्यक्रम अन्तर्गत कृषि तर्फ १६० वटा व्यवसायिक फर्ममा गई प्राविधिक सेवा र वस्तुगत सेवा दिईएको।<br>- Door to Door अन्तर्गत ३८१ जना कृषकको ४७६ वटा पशुहरुमा बाझोपन निवारण गरेको।<br>- व्यवसायीक पशुपन्छी तथा मत्स्य फार्ममा विज्ञ सहितको प्राविधिक सेवा कार्यक्रम अन्तर्गत १६० वटा व्यवसायिक फर्ममा गई प्राविधिक सेवा र वस्तुगत सेवा दिईएको। |
| १३ | ४५ | खुला रुपमा छोडिएका पशुचौपायाको उचित व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय र सहकार्यमा नीतिगत प्रबन्ध सहित तत्कालीन र दीर्घकालीन उपायहरु अवलम्बन गरिनेछ। सहरी क्षेत्र लगायत घना बस्तीमा रहेका छाडा कुकुरहरुको बन्ध्याकरण र भ्याक्सिनेसन कार्यक्रमलाई विस्तार गर्दै क्रमशः सबै जिल्लामा पुर्‍याइनेछ। | -खुला रुपमा छोडिएका पशुचौपायाको उचित व्यवस्थापनका लागि गौशाला व्यवस्थापन कार्यक्रमको सुचना प्रकाशन गरी १७ वटा आवेदन दर्ता भएको।<br>- खुला रुपमा छोडिएका पशुचौपायाको उचित व्यवस्थापनको नितिगत व्यवस्थाको लागि प्रतिवेदन तयार गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।<br>-१०,१००कुकुरहरुको बन्ध्याकरण र रेविज रोग विरुद्ध भ्याक्सिनेसन गरिएको। |
| १५ | ३८ | कृषि क्षेत्रको विकासका लागि निर्माण गरिएका पूर्वाधार तथा वितरित कृषि उपज ढुवानीका साधन, ठूला मेसिन, औजार उपकरणहरु पूर्ण क्षमतामा उपयोगमा ल्याउने व्यवस्था मिलाइनेछ। कृषि उपज बजारीकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ। शुलभ कर्जा तथा ब्याजमा अनुदान कार्यक्रमलाई थप सरलीकृत गरी विस्तार गरिनेछ। | -बीउ आलुको ढुवानी, बोरा तथा शित भण्डार शुल्कमा सहयोग कार्यक्रम अन्तर्गत शित भण्डारण शुल्कमा सहयोग दिई ४९.७६६ मेट आलु भण्डारण तथा बजारीकरणमा सहयोग भएको।<br>- महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामाग्री सहयोग कार्यक्रम अन्तर्गत महमदानी, मैनबक्स, बाल्टी, डब्बा वितरण गरीएको। महको गुणस्तर परिक्षणको लागि १० वटा नमुना सङ्कलन गरि परिक्षणको लागि प्रयोगशालामा पठाईएको। |
| १७ | ३६ | प्रदेशलाई बीउबिजनमा आत्मनिर्भर बनाउन बीउ उत्पादन एवम् सङ्कलनलाई विशेष अभियानको रुपमा अघि बढाइनेछ। | -बीउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत आलु, तोरी, राज्मा, गहु, दलहन बालीको विउ उत्पादनको लागि ४१.५५ हेक्टरमा मुल र प्रमाणित विउ लगाई १३७ मे.टन विउ उत्पादन हुने अनुमान गरिएको। |

| | | | |
|---|---|---|---|
| २० | | कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट सहकारी सङ्घ, संस्थालाई पुरस्कृत गरिनेछ। कमजोर अवस्थामा रहेकालाई सबलीकरण गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। | PEARLS तथा MCI विधिबाट सहकारी संस्थाहरुको वार्षिक कार्य सम्पादन मुल्याङ्कँन भईरहेको। |
| २१ | ४० | अनुमति तथा इजाजत नलिई सञ्चालन भएका सहकारीलाई कारबाहीको दायरामा ल्याइनेछ। समस्याग्रस्त सहकारीको अनुगमन गरी समस्या समाधानका लागि पहल गरिनेछ। | सहकारी संस्थाहरुको अनुगमन कार्य भईरहेको। |
| २२ | ४६ | घरजग्गा रजिष्ट्रेशन शुल्कलाई कारोबारमा आधारित बनाउन संस्थागत सुधार गरी यथार्थपरक बनाइनेछ। स्थानीय तहसँगको समन्वयमा प्रदेश भू-उपयोग योजना तर्जुमा गर्ने कार्य अघि बढाइनेछ। | दिर्घकालिन भू-उपयोग योजनाको आधार पत्र तयार गर्न विषयगत मन्त्रालय तथा कार्यालयहरुवाट तथ्याङ्क तथा राय सुझाव माग गरिएको। |

*तालिका ३.१८ आ.व.२०८२/८३ को पुस मसान्तसम्मको उपलब्धि (कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय)*

| क्रसं. | कार्यक्रमको नाम | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या) |
|---|---|---|---|
| १ | वाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | विउ, मल वितरण | वाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम अन्तर्गत तोरीको मुल/ उन्नत विउ र मल वितरण गरी २९५ हेक्टरमा तोरी खेती भई करिव ३७६ मे. टन उत्पादन भई ६६८ घरपरिवार लाभान्वित भई भएको। |
| २ | व्यावसायिक कृषि फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | प्राविधिक र वस्तुगत सेवा | १६० वटा व्यवसायिक फर्ममा गई प्राविधिक सेवा र वस्तुगत सेवा दिईएको। |
| ३ | व्यवसायीक पशुपन्छी तथा मत्स्य फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | प्राविधिक र वस्तुगत सेवा | १६० वटा व्यवसायिक फर्ममा गई प्राविधिक सेवा र वस्तुगत सेवा दिईएको। |
| ४ | खोरेत मुक्त जिल्ला अभियान कार्यक्रम | खोरेत विरुद्धको खोप निशुल्क लगाउने | ५०४ जना भ्याक्सिनेटरलाई अभिमुखिकरण गरी ३,६६,९४२ पशुलाई खोरेत रोग विरुद्ध खोप लगाईएको। |
| ५ | हिउँदे/वर्षे फलफुल विरुवा वितरण तथा बगैंचा सुदृढिकरण | फलफुलको बेर्ना वितरण, प्राविधिक सेवा सहित बोर्डो पेष्ट वितरण | स्याउ, कागती, सुन्तला, आँप, लिचि आदीको माग संकलन कार्य गरिएको। |
| ६ | Door to Door पशु वाझोपन निवारण सेवा | Door to Door पशुको प्रजनन विकृतीको उपचार सेवा | ४७६ वटा गाई भैसीको उपचार गरी ३८१ कृषक घरपरिवार संख्या लाभान्वित भएको। |
| ७ | spaying/neutering कार्यक्रम | सामुदायिक कुकुरहरुमा वन्ध्याकरण। | १०,१०० वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको। |

| क्रसं. | कार्यक्रमको नाम | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या) |
|---|---|---|---|
| ८ | पशुपन्छीमा लाग्ने रोग रोकथामका लागि खोप सेवा | पशुपन्छीमा लाग्ने खोरेत, भ्यागुते, चरचरे, स्वाईन फिवर, पिपिआर, लम्पिस्किन, रानीखेत लगायतका रोग नियन्त्रणका लागि खोप सेवा प्रदान। | पशुपन्छीमा लाग्ने विभिन्न रोगको रोकथामका लागि ५,००,५११ डोज खोप सेवा प्रदान भएको। |
| ९ | कृत्रिम गर्भाधान सेवा | पशुपन्छीमा कृत्रिम गर्भाधन सेवा प्रदान। | नश्ल शुधारका लागि ५१,०१९ पशुमा कृत्रिम गर्भाधान सेवा प्रदान भएको। |
| १० | सिँचाई सहित कृषि विकास कार्यक्रम | कुलो निर्माण, स्यालो ट्युब वेलपम्प/ सेट सिंचाइ, डिप बोरिङ्ग सिंचाइ , सिमेन्टेड टङ्की सिँचाइ र अन्य सिँचाइ (थोपा सिँचाइ, पाइप सिँचाइ, मोटर( मा सहयोग। | साना सिँचाई कार्यक्रमको सुचना प्रकाशन भई फिल्ड भेरिफिकेशन भईरहेको। |
| ११ | माटो व्यवस्थापन कार्यक्रम | नमुना सङ्ककलर र प्रयोगशालामा परिक्षण | नमुना सङ्कलन र परिक्षण भईरहेको। |
| १२ | बीउ आत्मनिर्भर कार्यक्रम | बीउ उत्पादन क्षेत्रफलका आधारमा प्रोत्साहन अनुदान वितरण | बीउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत आलु, तोरी, राज्मा, गहु, दलहन बालीको विउ उत्पादनको लागि ४१.५५ हेक्टरमा मुल र प्रमाणित विउ उत्पादनको लागि आबेदन सङ्कलन भएको। |
| १३ | लक्षित वर्ग विशेष कार्यक्रम | तरकारी बीउ, विषादी, प्लाष्टिक घर निर्माण, साना कृषि यन्त्र उपकरण, सिँचाइ पाइपमा सहयोग। साथै बाखा, कुखुरा तथा बङ्गुर वितरण। | महिला बालबालिका लक्षित पोषण सुधार कार्यक्रम अन्तर्गत दाङ र कपिलवस्तुमा करिव २५ हे. तरकारी खेती भईरहेको र ११२० घर परिवार लाभान्वित भई खानपानमा सुधार हुने अपेक्षा। |
| १४ | सरकारी फार्म/केन्द्रबाट मत्स्य भूरा/कुखुरा चल्ला उत्पादन | कुखुरा चल्ला उत्पादन | २५,६०३ गोटा कुखुराका चल्ला उत्पादन बिक्रि वितरण भएको। |
| १५ | हुलाकी मार्ग लक्षित भैसिको वंश सुधार कार्यक्रम | | तराईका ६ जिल्लामा संचालनमा आई सुचना प्रकाशन र फिल्ड भेरिफिकेशनका कार्य भईरहेको। |

*तालिका ३.१९ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | ३१५९०१४ | २४४०७१ | ३४०३०८५ | ७.४३ | ८.१६ | ७.४८ |
| २०७९/८० | २३३०३५० | १४९१५० | २४७९५०० | १४.५२ | १५.६८ | १४.५९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८०/८१ | १७७१४५५ | १८७७९५ | १९५९२५० | १८.३९ | ९.६३ | १७.५५ |
| २०८१/८२ | १३८१८५० | ९७२०० | १४७९०५० | २०.२३ | १८.८० | २०.१४ |
| २०८२/८३ | १३८९०५० | ११५७०० | १५०४७५० | १९.३९ | १३.४५ | १८.९३ |

## ३.८ आन्तरिक मामिला तथा कानून मन्त्रालय

*तालिका ३.२० नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (आन्तरिक मामिला तथा कानून मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १५२ | प्रदेशको शान्ति सुरक्षा, अपराध नियन्त्रण, सडक सुरक्षा तथा विपद् व्यवस्थापन कार्यलाई प्रविधिमैत्री बनाउदै सुरक्षा निकायको सञ्चालन तथा व्यवस्थापन गर्न आवस्यक प्रबन्ध मिलाइनेछ। प्रहरी समायोजन, क्षमता विकास एवम् संरचनागत सुधारको लागि नेपाल सरकार संग समन्वय गरिनेछ। | गृह मन्त्रालयको समन्वयमा प्रदेशस्तरिय सुरक्षा गोष्ठी गरिएको। |
| १५३ | नेपाल सरकार, स्थानीय तह, निजीक्षेत्र एवम् सहयोगी संस्था लगायतका सरोकारवालासंग समन्वय र सहकार्य गरी विपद् व्यवस्थापनका पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका कार्य प्रभावकारी बनाइनेछ। प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्रलाई चौबिसै घण्टा सञ्चालनमा ल्याइनेछ। स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रको संस्थागत क्षमता विकासमा समेत सहयोग तथा सहजिकरण गरिनेछ। | विपद् बाट क्षति भएका व्यक्तीहरुलाई राहत उपलब्ध गराईएको। |
| १५४ | विपद् पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन विषयगत क्लस्टरको संयोजन गर्ने निकायले आ-आफ्नो कार्यक्षेत्रभित्र आपतकालिन योजना बनाउने, प्रतिकार्यको नमुना प्रदर्शन गर्ने लगायतका क्रियाकलपाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | विभिन्न समयमा विषयगत कलस्टरको बैठक बसी काम गरिरहेको। |
| १५५ | विपद् उत्थानशील हाम्रा गाँउ, सुरक्षित बनाउछौ आफ्नो ठाँउ भन्ने मुल नाराका साथ जलवायु परिवर्तनका प्रतिकुल असरहरुलाई न्यूनिकरण गर्न विपद् उत्थानशील विकास व्यवस्थापनको अवधारणालाई प्रत्येक क्षेत्रगत कार्यक्रमहरुमा आन्तरिकीकरण गरिनेछ। | |
| १५६ | प्रदेश सरकार र अन्य साझेदारसंगको सहकार्यमा विद्यालयमा आधारित विपद् पूर्व तयारी तथा व्यवस्थापन स्रोत केन्द्र स्थापना गरी विद्यालयहरु मार्फत विपद् प्रतिरक्षाको अभियान समुदायमा बिस्तार गरिनेछ। | |
| १५७ | बिपद् पूर्व सूचना प्रणालीलाई सुढृढ, व्यवस्थित र प्रभावकारी बनाइनेछ। प्रदेशस्थित सङ्घीय जल तथा मौसम कार्यालयहरुबाट प्रवाह हुने प्राथमिक सूचना प्रदेशमा समेत तत्काल उपलब्ध हुने व्यवस्था मिलाइनेछ। प्रदेश राजधानीस्थित देउखुरी उपत्यकाको उयुक्त स्थानमा मौसम केन्द्र स्थापना गर्ने कार्य अघि बढाइनेछ। | |
| १५८ | विपद्जन्य घटनामा हराएका व्यक्तिहरुको खोज तथा उद्दार कार्यलाई प्रभावकारी बनाउन सुरक्षा निकायको क्षमता अभिबृद्धिका साथै आवस्यक उपकरण लगायतका सामग्रीको प्रबन्ध गरिनेछ। | सुरक्षा निकायलाई क्षमता अभिबृद्धि तालिम दिई सक्षम बनाउने। |

| | | |
|---|---|---|
| १५९ | नेपाल सरकार र स्थानीय तह एवम् सुरक्षा निकाय, शैक्षिक संस्था, सञ्चार माध्यम लगायतका निकायसंग समन्वय गरी लागु औषध दूरुपयोग न्यूनिकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम बिस्तार गर्दै लगिनेछ। प्रदेशस्तरमा पुनर्थापना केन्द्र स्थापना एवम् सञ्चालन गर्ने विषयमा सम्भावना अध्ययन गरिनेछ। | |
| १६० | प्रदेशस्थित कारागार तथा बालसुधार गृहको भौतिक पूर्वाधार निर्माण र मर्मत सम्भार कार्य नेपाल सरकारसंगको समन्वय एवम् प्राथमिकताको आधारमा गर्दै लगिनेछ। कैदिबन्दी तथा कानुनको विवादमा परेका बालकका लागि तनाव व्यवस्थापन, मनोसामाजिक परमर्श सहितका सीप बिकास र शैक्षिक कार्यक्रम सञ्चालनमा सहयोग गरिनेछ। | |
| १६१ | सशस्त्र द्वन्द्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका घटना घाइते, अपाङ्ग, भएका व्यक्ति तथा सहिद र बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यलाई नेपाल सरकारसंग समन्वय गरी सरकारी अस्पतालमा उपचार र जीवनोपयोगी सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न आवस्यक वयवस्था मिलाइनेछ। | सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रलयमा पठाईएको। |
| १६२ | प्रदेशको क्षेत्राधिकारभित्र पर्ने सञ्चार माध्यमको दर्ता, नवीकरण लगायतका काम प्रदेशबाटै हुने व्यवस्था मिलाइनेछ। | काम भईरहेको। |
| १६३ | शासकीय सुधार, विकास निर्माण, सेवा प्रवाह, लगायतका सूचनाहरु आम नागरिकसम्म सहज र सरल रुपमा पुऱ्याउन सञ्चार माध्यम एवम् प्रेस जगतसँग सहकार्य गरिनेछ। प्रदेश सरकारबाट सञ्चालन र व्यवस्थापन गर्न गरी सञ्चार माध्यम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ। | |
| १६४ | सार्बजनिक महत्व एवम् सरोवकारका विषयमा आम नागरिकलाई जागरुक र सुसूचित गराउन सो सम्बन्धी कार्यक्रम उत्पादन र प्रसारणमा सार्वजनिक तथा निजी रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चार माध्यमसँग सहकार्य गरिनेछ। | काम भईरहेको। |
| १६५ | यस प्रदेशमा सञ्चालनमा रहेका सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण हुने सूचना, सन्देश, विज्ञापन लगायतका सञ्चार सामग्रीहरु एकीकृत गरी एकद्बार प्रणालीमार्फत वितरण गर्न प्राथमिकता दिइनेछ। | काम भईरहेको। |
| १६६ | प्रदेश सरकारबाट निर्माण भएका कानुनमा आम नागरिकको सहज पहुँचका लागि ल पोर्टन तयार गरी सञ्चालनमा ल्याइनेछ। प्रदेश राजपत्रको सम्पादन तथा प्रकाशनलाई व्यवस्थित वनाई सरोकारवाला तथा सर्बसाधारणको पहुँच हुने व्यवुथा मिलाइनेछ। कानुन निर्माणको पक्रियामा पूर्व विधायिकी परिक्षणलाई प्रभावकारी बनाइनेछ। स्थानीय तहबाट निर्माण भएका कानुनहरुको अध्ययन गरी प्रदेश कानुनबमोजिम एकरुपता र सामञ्जस्गता कायम गर्दै लैजाने व्यवस्था मिदाइनेछ। | |
| १६७ | प्रदेश सरकारका निकायबाट प्रबाह हुने सेवा, तथ्याङ्क एवम् सूचना व्यवस्थापनलाई प्रबिधिमैत्री बनाउदै लगिनेछ। | |

*तालिका ३.२१ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (आन्तरिक मामिला तथा कानून मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६० | सुरक्षा निकाय, स्थानीय तह र सरोकारवाला निकायसंगको समन्त्वय तथा सहकार्यमा आत्महत्याका घटनाहरूको रोकथाम तथा न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवस्यक वजेट विनियोजन गरिएको छ। | कार्यक्रम स्वीकृतिको चरणमा रहेको |

| | | |
|---|---|---|
| १६१ | विपद् पूर्व सूचना प्रणालीलाई व्यवस्थित गर्दै विपद् जोखिम क्षेत्रको नक्साङ्कन एवं विपद् उद्दारका लागि आवस्यक सामग्री खरिद गर्न रकम विनियोजन गरिएको छ। | काम हुन नसकेको |
| १६२ | विपद् प्रतिकार्यका लागि सुरक्षा निकायको क्षमता अभिवृद्धी गर्दै अन्तर निकाय समन्वय प्रभावकारी बनाउदै विपद् पूर्वतयारीका लागि सचेतना कार्यक्रम सञ्चालनका लागि आवस्यक रकम विनियोजन भएको छ। दुर्गम इलाकामा विपद् उद्दारमा सहयोग पुऱ्याउने उद्देश्यले एक स्थानीय तह एक हेलिप्याड कार्यक्रमलाई निरन्तरता दिइएको छ। | काम हुन नसकेको |
| १६३ | सशस्त्र द्वन्दका क्रममा घाइते तथा अपांग भएका व्यक्तिहरूलाई निःशुल्क उपचारको व्यवस्था तथा सिप मुलक तालिम सञ्चालनका लागि आवश्यक रकम विनियोजन भएको छ। | स्वीकृतिको चरणमा रहेको |
| १६४ | साइवर सुरक्षाका लागि प्रादेशिक सूचना प्रणालीको सुदृढीकरण गर्दै लैजाने व्यवस्था मिलाइएको छ। | काम हुन नसकेको |
| १६५ | सञ्चार क्षेत्रको संरचनागत सुधार,पत्रकार दुर्घटना बीमा, क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। लोक कल्याणकारी सूचना सम्प्रेषणका लागि आवस्यक वजेटको व्यवस्था गरिएको। | काम हुन नसकेको |

*तालिका ३.२२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | २६७७५८ | ४०४७५० | ६७२५०८ | २३.३० | १४.५६ | १८.०४ |
| २०७९/८० | २६००८४ | ४१२७१५ | ६७२७९९ | ११.२८ | १८.५७ | १५.७५ |
| २०८०/८१ | ३५५३६५ | ३१८५०० | ६७३८६५ | ३७.६८ | ३२.४५ | ३५.२१ |
| २०८१/८२ | २८०५११ | १७७४०० | ४५७९११ | ७.९२ | ०.१६ | ४.९१ |
| २०८२/८३ | २००९९६ | १६६००० | ३६६९९६ | ११.८७ | ०.११ | ६.५५ |

## ३.९ वन तथा वातावरण मन्त्रालय

*तालिका ३.२३ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (वन तथा वातावरण मन्त्रालय)*

| बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८७ | वन स्रोतको दिगो उपयोग गर्न सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई थप विस्तार गरिनेछ। वन व्यवस्थापनमा उपभोक्ता समूह तथा सरोकारवालाको सक्रिय सहभागितामा वन पैदावारको उत्पादन र उत्पादकत्व बृद्धि गरी रोजगारी सृजना गरिनेछ। वन क्षेत्रलाई राजस्व बृद्धि र प्रदेश समृद्धिको प्रमुख आधारको रुपमा उपयोग र व्यवस्थापन गरिनेछ। | वन स्रोतको दिगो उपयोग गर्न ३७१ वटा सामुदायिक वन, ८ वटा साझेदारी वन र ४ वटा चक्ला वनमा सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयन भएको। अर्धवार्षिक अवधिमा निजी आवादि सहित जम्मा ७७१०९३.६९ क्यूफिट काठ र १६६७.१३ चट्टा दाउरा उत्पादन भएकोमा राष्ट्रिय वन बाट ३७९२८ क्यूफिट काठ उत्पादन भएको र काठ दाउराको विक्री वितरण बाट रु २६,२८,४६,९३२ राजस्व प्रदेश सञ्चित कोषमा जम्मा भएको छ। साथै ९ लाख ३१ हजार २५६ श्रमदिन रोजगारी सिर्जना भएको छ। |
| ८८ | काठको माग बढाउन प्रदेशभित्रका सरकारी भवन निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। सरकारी एवम् सार्वजनिक निकायमा स्वदेशमा उत्पादित काठबाट निर्मित फर्निचर प्रयोग गर्न प्राथमिकता दिइनेछ। | |
| ८९ | वन क्षेत्रभित्रका खोला खोल्सीहरुको पानीको बहावलाई व्यवस्थापन गरी भौतिक पूर्वाधार, खेतीयोग्य जमिन, गाउँ बस्ती तथा वन क्षेत्रको संरक्षण गरिनेछ। | वन क्षेत्रभित्रका खोला खोल्सीहरुको पानीको बहावलाई व्यवस्थापन गर्न IEE को प्रक्रिया अगाडी भएको। |
| ९० | काठको गुणस्तरमा सुधार एवम् नरम प्रजातिका काठको प्रयोग बढाउन सिजनिङ उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्लाईउड भेनियर, लोक्ता, बेतबाँस लगायतका वनजन्य उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आधुनिक सीप तथा प्रविधिको विस्तार गरिनेछ। | वन पैदावरमा आधारित २ वटा निजी उधोग (काष्ठ उधोग र नर्सरी फार्म) लाई प्रोत्साहन स्वरुप रु. ११२९२५० अनुदान प्रदान गरिएको। |
| ९१ | वन क्षेत्र न्यून भएका स्थानीय तहमा निजी वन विकास कार्यक्रम सञ्चालन गरिनेछ। कृषि वन कार्यक्रम मार्फत् निजी जग्गामा उच्च मूल्यका काठ, फलफूल एवम् औषधीजन्य विरुवाको वृक्षारोपण सहित आयआर्जनका अवसर सिर्जना हुने व्यवस्था मिलाइनेछ। नदी उकास, खोला किनार, सार्वजनिक बाँझो जग्गामा वृक्षारोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। रुख रोप्न र उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा जग्गा उपलब्ध गराउने विषयमा सम्भाव्यता अध्ययन गरिनेछ। निजी जग्गाको काठ प्रयोग तथा बिक्री वितरणलाई सहज बनाउन कानुनी एवम् प्रक्रियागत सुधार गरिनेछ। | निजी वन विकास गर्न निशुल्क विरुवा वितरण गरिएको।<br>निजी जग्गाको काठ प्रयोग तथा बिक्री वितरणलाई सहज बनाउन निर्देशिका तयार गरि आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको। |

| | | |
|---|---|---|
| ९२ | पारिस्थितिकीय सन्तुलन कायम राख्न महत्वपूर्ण र जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण एवम् व्यवस्थापन कार्यमा सामुदायिक वन उपभोक्ता समूहको समेत श्रोत परिचालन गरी एकीकृत जलाधार व्यवस्थापन गरिनेछ। | पारिस्थितिकीय सन्तुलन कायम राख्न महत्वपूर्ण र जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण एवम् व्यवस्थापन गर्न भू तथा जलाधार व्यवस्थापनका कृयाकलापहरुबाट १८ स्थानमा तटबन्ध, १२ टेवा पर्खाल (३१३.१ मि) निर्माण गरिएको। |
| ९३ | वन्यजन्तुका लागि पिउने पानीको आपूर्ति, आगलागी नियन्त्रण एवम् पुनर्भरणका लागि पहाडी तथा हिमाली जिल्लामा पोखरी र तराईका जिल्लाका सामुदायिक वनमा जलाशय निर्माणको कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ। | जलासय र पुनर्भरणका लागि पोखरीहरु निर्माणको लागि सार्वजनिक सुचना प्रकाशन गरिएको। |
| ९४ | जलवायु वित्तबाट नेपाललाई प्राप्त हुने लाभको उचित हिस्सा प्राप्त गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ। जलवायुजन्य जोखिमको न्यूनीकरण र समुदायस्तरमा अनुकूलनका लागि वृक्षारोपण, बर्षातको पानी सङ्कलन तथा सदुपयोगका कार्यक्रम सञ्चालन गरिनेछ। | संघिय सरकार बाट कार्बन व्यापार नियमावली कार्यान्वयनमा आई Benefit Sharing Plan को अन्तिम रुप दिने कार्य भई समुहमा रकम आउने चरणमा रहेको। |
| ९५ | वन डढेलो नियन्त्रणका लागि वन क्षेत्रमा रहेका पात पतिङ्गर र स्याउला सङ्कलन गरी प्राङ्गारिक मल बनाउन विशेष अभियान चलाइनेछ। स्थानीय तह एवम् वन उपभोक्ता समूहसँगको सहकार्यमा डढेलो नियन्त्रण सञ्जाल गठन र परिचालन, औजार उपकरणको प्रबन्ध, मौसमी हेरालुको व्यवस्था तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। | गत आ.व.मा सामुदायिक बनभित्रको पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने कार्य सञ्चालनमा आएकोमा चालु आ.व. मा पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने उद्यमलाई थप सुद्ढीकरण गर्ने कार्य अगाडि बढाईएको। |
| ९६ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वासस्थान व्यवस्थापन एवम् घाइते वन्यजन्तुको उद्धार तथा उपचार गरिनेछ। घाइते तथा असहाय वन्यजन्तु उद्धार केन्द्र स्थापना र व्यवस्थापनमा आवश्यक सहयोग पुर्‍याइनेछ। चोरी निकासी र वन्यजन्तुको अवैध व्यापार नियन्त्रण गर्न प्रविधिको अधिकतम प्रयोग गरिनेछ। | घाईते तथा असहाय वन्यजन्तुको उद्धार र उपचार गर्न उद्धार केन्द्र निर्माणका लागि ल.ई तयार गरि काम अगाडि बढाइएको छ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, व्यवस्थापनका लागि वन्यजन्तुको क्षति बाट भएको राहतका लागि हाल सम्म रकम रु. १ करोड, ३१ लाख ५५ हजार ८२० वितरण भएको छ। हालसम्म विभिन्न जिल्ला अन्तर्गत ३१५ वटा वन्यजन्तु को उद्दार छ। घाईते तथा असहाय वन्यजन्तुको उद्धार र उपचार गर्न उद्धार केन्द्र निर्माणका लागि ल.ई तयार गरि काम अगाडि बढाइएको। |
| ९७ | वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण प्रक्रियालाई सरल र सहज बनाई घरदैलोमै राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। वन्यजन्तुबाट हुने क्षतिबाट प्रभावितका लागि बिमा कार्यक्रम विस्तार गरिनेछ। | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, व्यवस्थापनका लागि वन्यजन्तुबाट क्षतिबाट भएको राहतका लागि हाल सम्म रकम रु. १ करोड, ३१ लाख ५५ हजार ८२० वितरण भएको। |
| ९८ | सतिसाल, विजयसाल, श्रीखण्ड, रक्तचन्दन, चाप, महुवा जस्ता वनस्पति र गिद्ध, हुचिल, सालक, पाटेबाघ लगायत महत्वपूर्ण एवम् लोपोन्मुख प्रजातिका वन्यजन्तुहरुको संरक्षण एवम् प्रवर्धन कार्यलाई थप प्रभावकारी बनाउदै लगिनेछ। प्रकृति, संस्कृति र पर्यावरणको सन्तुलन कायम गर्न नमुना नक्षत्र बाटिका निर्माण गरिनेछ। | वन अनुसन्धान तथा प्रसिक्षण केन्द्र द्वारा लोपोन्मुख प्रजातिको संरक्षण तथा उन्नत विउ उत्पादनको लागि संकटापन्न प्रजाति सतिसाल (Dalbergia latifolia) को Seed Stands तयारीका लागी स्थल छनौट गरी कार्ययोजना तयारीको काम सम्पन्न भएको र संकटापन्न प्रजाति विजयसाल (Pterocarpus marsupium) को Seed Orchard तयारीका लागी स्थल छनौटको कार्य को लागी फिल्ड निरिक्षण भईरहेको। विभिन्न जिल्लमा लोपोन्मुख प्रजातिको संरक्षण विरुवा उत्पादनको लागि नर्सरी मर्मत सम्भार कार्य तथा |

| | | |
|---|---|---|
| | | संरक्षण प्लट व्यवस्थापन गरिएको। |
| ९९ | "हरियाली सहितका सडक पूर्वाधार, सहरी सुन्दरताको आधार" भन्ने नाराका साथ ग्रामीण तथा सहरी सडकमा ग्रिन वेल्टको विकास गरी सुन्दरता अभिबृद्धि गर्न वृक्षारोपण कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ। सरकारी कार्यालय परिसर तथा सार्वजनिक स्थलमा फलफूलका विरुवा रोपण गरिनेछ। | विभिन्न डिभिजन वन कार्यालयहरुले विरुवा उत्पादन तथा वृक्षारोपण कार्यका लागि वृक्षारोपण योजना र लगत अनुमान तयार गरि कार्य अगाडि बढाईएको। |
| १०० | बहुमूल्य जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको उत्पादन, प्रशोधन र बजारीकरणमार्फत समुदायको आयआर्जन बृद्धि एवम् जीवनस्तर सुधार गर्ने व्यवस्था मिलाइनेछ। | प्रदेशमा रहेको प्रमुख १० गैरकाष्ठ तथा जडिबुटी प्रजातीको खेति, विस्तार. संकलन तथा उपयोग सम्वन्धि पुस्तिका तयारी तथा प्रकाशनको प्रकृया अगाडी बढाईएको। |
| १०१ | वन प्रशासन तथा अनुसन्धान केन्द्रको संस्थागत सुधार गरिनेछ। अध्ययन एवम् अनुसन्धानलाई प्रभावकारी बनाई अनुसन्धानबाट प्राप्त नतिजालाई वन तथा वातावरण क्षेत्रका नीति निर्माणमा प्रयोग गरिनेछ। कर्मचारी एवम् सरोकारवालाको क्षमता अभिबृद्धि गरी वन व्यवस्थापन र वातावरण संरक्षण कार्य प्रभावकारी बनाइनेछ। | वन कर्मचारीको क्षमता अभिबृद्धि गर्न तालिम आवश्यकता पहिचानको लागी तथ्याङ्क संकलन र विश्लेषण (फिल्ड स्तर र कार्यालय स्तर) गरिएको। अध्ययन एवम् अनुसन्धानलाई प्रभावकारी बनाई अनुसन्धानबाट प्राप्त नतिजालाई वन तथा वातावरण क्षेत्रका नीति निर्माणमा प्रयोग गर्ने प्रयोजनका लागि अनुसन्धानमूलक नर्सरी मर्मत तथा सरसफाई कार्य सञ्चालन गरिएको। |
| १०२ | चुरेक्षेत्रको संरक्षणका लागि स्थानीय तह एवम् वन उपभोक्ता समूहको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। चुरे श्रृङ्खलाको उपल्लो तथा तल्लो तटीय क्षेत्रमा जलाधारको संरक्षण गर्दै तराइ र भित्री मधेशका मैदानी भूभाग र चुरेबीचको पर्यायवरणीय सहसम्बन्धलाई जीवन्त बनाउने कार्यक्रम सञ्चालन गरिनेछ। नेपाल सरकारबाट सञ्चालित चुरे क्षेत्र लक्षित कार्यक्रमलाई प्रदेश सरकारको समन्वयमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ। | |

*तालिका ३.२४ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (वन तथा वातावरण मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ११० | वन स्रोतको दिगो उपयोग गर्न ५५० वटा सामुदायिक वन, ८ वटा साझेदारी वन र ४ वटा चक्ला वनमा सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यक्रमबाट करिब ३० लाख क्यूफिट काठ उत्पादन हुनुका साथै १५ लाख श्रमदिन रोजगारी सिर्जना हुने विश्वास लिएको छु। यस कार्यक्रमको कार्यान्वयनका लागि बजेट व्यवस्था गरेको छु। | वन स्रोतको दिगो उपयोग गर्न ३७१ वटा सामुदायिक वन, ८ वटा साझेदारी वन र ४ वटा चक्ला वनमा सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयन भएको। अर्धवार्षिक अवधिमा निजी आवादि सहित जम्मा ७७१०९३.६९ क्यूफिट काठ र १६६७.१३ चट्टा दाउरा उत्पादन भएकोमा राष्ट्रिय वन बाट ३७९२८ क्यूफिट काठ र ६६ चट्टा दाउरा उत्पादन भएको। काठ दाउराको विक्री वितरण बाट हालसम्म रु २६,२८,४६,९३२ राजस्व प्रदेश सञ्चित कोषमा जम्मा भएको र ९ लाख ३१ हजार २५६ श्रमदिन रोजगारी सिर्जना भएको छ। |

| | | |
|---|---|---|
| १११ | कृषि वन कार्यक्रम मार्फत उच्च मूल्यका काठ, फलफूल तथा बहुउपयोगी र औषधिजन्य प्रजातिका बिरुवा उत्पादन, वितरण तथा वृक्षारोपण कार्यलाई विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु। प्लाईउड भेनियर, लोक्ता, बेतबाँस लगायतका वनजन्य उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाएको छु। | डिभिजन वन कार्यालयहरुद्वारा कृषि वन प्रवर्धन गर्न फलफूल, काठ तथा बहुउपयोगी विरुवा उत्पादनको लागि विरुवा खरिद, नर्सरी मर्मत संभार र वृक्षारोपण योजना तयार भएको। |
| ११२ | वन पैदावारको सहज र सरल आपूर्तिका लागि दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। | वन सम्बर्द्धन प्रणालिमा आधारित वन व्यवस्थापन कार्यक्रम सञ्चालनमा भई काठ दाउरा उत्पादन भईरहेको। |
| ११३ | वन क्षेत्रभित्रका खोला खोल्सीहरूको पानीको बहावलाई व्यवस्थापन गरी भौतिक पूर्वाधार, खेतीयोग्य जमिन, गाउँ बस्ती तथा वन क्षेत्रको संरक्षण गर्न बायो इन्जिनियरिङ प्रविधिलाई प्राथमिकता दिएको छु। भू तथा जलाधार व्यवस्थापनका लागि रु.२७ करोड ५० लाख विनियोजन गरेको छु। | वन क्षेत्रभित्रका खोला खोल्सीहरुको पानीको बहावलाई व्यवस्थापन गर्न IEE को प्रक्रिया सुरु भएको। भू तथा जलाधार व्यवस्थापनका कृयाकलापहरुबाट ३० स्थानमा तटबन्ध तथा पहिरो उपचार भएको। |
| ११४ | "**हरियाली सहितका सडक पूर्वाधार; सहरी सुन्दरताको आधार**" भन्ने नाराका साथ ग्रामीण तथा सहरी सडकमा ग्रिन बेल्टको विकास गरी सुन्दरता अभिबृद्धि गर्न वृक्षारोपण कार्यक्रमका लागि रु.१ करोड छुट्याएको छु। | विभिन्न डिभिजन वन कार्यालयहरुले विरुवा उत्पादन तथा वृक्षारोपण कार्यका लागि ल.ई. गरि कार्य अगाडि बढाईएको। |
| ११५ | हिमाली र पहाडी जिल्लामा एक जिल्ला दुई मुख्य जडिबुटी अन्तर्गत पाल्पा र अर्घाखाँचीमा तेजपात र टिमुर; रुकुम (पूर्व) मा ओखर र टिमुर, रोल्पामा टिमुर र पाषणवेद; प्युठानमा श्रीखण्ड र टिमुर तथा गुल्मीमा अगरउड र टिमुरको उत्पादन, प्रशोधन र बिस्तारका लागि रु.१ करोड ६७ लाख विनियोजन गरेको छु। | जिल्लाहरु विरुवा उत्पादनको लागि नर्सरी मर्मत सम्भार कार्य भईरहेको र रुकुम पूर्वमा ओखरको ५००० गोटा Scion तथा २२०० गोटा कलमी विरुवा खरिद गरिएको। प्रदेशमा रहेको प्रमुख १० गैरकाष्ठ तथा जडिबुटी प्रजातीको खेति, विस्तार. संकलन तथा उपयोग सम्वन्धि पुस्तिका तयारी तथा प्रकाशनका लागि कार्यदिश दिईएको। |
| ११६ | आगलागी नियन्त्रण, वर्षातको पानी सङ्कलन, वनभित्रको जलचक्र सन्तुलन, विपद जोखिम न्यूनीकरण र वन्यजन्तुका लागि पानीको व्यवस्था गर्न वन क्षेत्रमा ६० वटा पुनर्भरण पोखरी तथा १५ वटा जलासय निर्माण गर्न रकम विनियोजन गरेको छु। | वन भित्रको जलचक्र सन्तुलन, वर्षातको पानी सङ्कलन तथा विपद जोखिम न्यूनीकरणका लागि पूनर्भरण पोखरी निर्माणका लागि ल.ई. तयार गरि कार्य अगाडि बढाईएको। |
| ११७ | सतिसाल, विजयसाल, श्रीखण्ड, रक्तचन्दन, चाप, महुवा जस्ता वनस्पति र गिद्ध. हुचिल, सालक, पाटेबाघ लगायत महत्वपूर्ण एवम् लोपोन्मुख प्रजातिका बन्यजन्तुको संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाएको छु। | वन अनुसन्धान तथा प्रसिक्षण केन्द्रद्वारा लोपोन्मुख प्रजातिको संरक्षका लागि उन्नत विउ उत्पादनको लागि सतिसाल र बिजयसालको Seed orchard व्यवस्थापन तथा मर्मत सम्भार कार्य सुरु भएको र विभिन्न जिल्लमा विरुवा उत्पादनको लागि नर्सरी मर्मत सम्भार कार्य भईरहेको। गिद्ध वासस्थान सुधारका लागि सामुदायिक चन उपभोक्ता समुह र नेपाल पंक्षी संरक्षण संघ सग सहकार्य गरि कार्यक्रम सञ्चालन गरिएको। लाँलिगुरास, रेड पाण्डा संरक्षण सम्ब्नधी Hoarding board, जनचेतना कार्यक्रम सञ्चालन गरिएको। |

| | | |
|---|---|---|
| ११८ | धार्मिक, साँस्कृतिक र पर्यावरणीय सन्तुलन कायम गर्न नक्षत्र वाटिका निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छ। | धार्मिक, साँस्कृतिक र पर्यावरणीय सन्तुलन कायम गर्न २ वटा नक्षत्र बाटिका निर्माणाधिन (डिजाईनिङ भएको) अवस्थामा रेहको। |
| ११९ | स्थानीय तह एवम् वन उपभोक्ता समूहसँगको सहकार्यमा डढेलो नियन्त्रण गर्न आवश्यक सञ्जाल निर्माण, औजार उपकरणको प्रबन्ध तथा सचेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छ। | वन डढेलो नियन्त्रणका लागि स्थानीय बासिन्दा, गाउपालिका, नेपाल प्रहरी, वन कर्मचारीहरुको टोलि परिचालन भई नियन्त्रण भईरहेको। जिल्ला विपद् व्यवस्थापन समितिबाट वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना स्वीकृत भई वन दस्ता परिचालनको कार्य भईरहेको। |
| १२० | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन नजिक रहेको बस्ती क्षेत्रमा घेराबार, वन्यजन्तुको बासस्थानको सुधार र व्यवस्थापन गरिनेछ। घाइते तथा असहाय वन्यजन्तुको उद्धार र उपचार गर्न उद्धार केन्द्र निर्माण गरिनेछ। यसका लागि बजेट विनियोजन गरेको छ। | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, व्यवस्थापनका लागि वन्यजन्तुको क्षति बाट भएको राहतका लागि हाल सम्म रकम रु. १ करोड, ३१ लाख ५५ हजार ८२० वितरण भएको छ। घाईते तथा असहाय वन्यजन्तुको उद्धार र उपचार गर्न उद्धार केन्द्र निर्माणका लागि बाके राष्ट्रिय निकुञ्जलाई काम अगाडी बढाउन पत्राचार भएको। ३१५ वटा वन्यजन्तु को उद्दार। विभिन्न जिल्ला स्थित जिल्ला वन्यजन्तु अपराध नियन्त्रण ईकाइ तथा प्रदेश वन्यजन्तु अपराध नियन्त्रण ईकाइ समितिको बैठक सम्पन्न। |
| १२१ | सामुदायिक बनभित्रको पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने र ढलापडा रुखहरूलाई डढेलोबाट बचाई राजस्व बढाउने कार्यका लागि वन कार्ययोजना स्वीकृति तथा नवीकरण गर्दा नै शर्त तोकी सामुदायिक वनको आय वढाउने व्यवस्था मिलाएको छ। | गत आ.व.मा सामुदायिक बनभित्रको पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने कार्य सञ्चालनमा आएकोमा चालु आ.व. मा पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने उद्यमलाई थप सुदृढीकरण गर्ने कार्य अगाडि बढाईएको। |
| १२२ | कार्बन व्यापारबाट नेपालले प्राप्त गर्ने लाभको न्यायोचित हिस्सा प्रदेशले प्राप्त गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ। | संङ्घीय सरकारबाट कार्बन व्यापार नियमावली कार्यान्वयनमा आई Benefit Sharing Plan को अन्तिम रुप दिने कार्य भई समुहमा रकम आउने चरणमा रहेको। |

*तालिका ३.२५ अपेक्षित उपलब्धीको पुस मसान्तसम्मको प्रगति (वन तथा वातावरण मन्त्रालय)*

| सि.नं. | विवरण/अपेक्षित उपलब्धि | इकाई | वार्षिक लक्ष्य | हालको प्रगतिको अवस्था |
|---|---|---|---|---|
| १ | सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन | | | |
| १.१ | सामुदायिक वन | गोटा | ५५० | ३७१ |
| १.२ | साझेदारी वन | गोटा | ८ | ८ |
| १.३ | चक्ला वन | गोटा | ४ | ४ |
| २ | चक्ला वनको सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना निर्माण (नयाँ) | गोटा | ३ | १ |

| | | | | |
|---|---|---|---|---|
| ३ | काठ उत्पादन | क्यू.फि. | ३०,००,००० | ३७,९२८ |
| ४ | दाउरा उत्पादन | चट्टा | ३,५०० | ७१ |
| ५ | विरुवा उत्पादन | हजार | २,००० | ४०.६ |
| ६ | बहु बर्षिय बिरुवा | हजार | ९०० | ६.३ |
| ७ | तारवार सहितको वृक्षारोपण | हे. | ८० | |
| ८ | पूनर्भरण पोखरी निर्माण | गोटा | ८० | |
| ९ | जलासय निर्माण | गोटा | १५ | |
| १० | नक्षत्र बाटिका निर्माण | गोटा | ३ | २ (निर्माणाधिन) |
| ११ | वन्यजन्तुको उद्दार र उपचार केन्द्र निर्माण | गोटा | १ | |
| १२ | प्रदेश संचित कोषमा जम्मा हुने रकम (१४२६४-वन क्षेत्रको अन्य आय) | रुपैया | ७०,००,००,००० | २८,११,१८,००८ |
| १३ | तटवन्ध तथा पहिरो उपचार | स्थान | १४० | ३० |
| १४ | जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना | स्थान | ३ | |
| १५ | वन डढेलो पहिचान टावर निर्माण | गोटा | १ | |
| १६ | रोजगारी सृजना | श्रम दिन | १५,००,००० | ९,३१,२५६ |

*तालिका ३.२६ वन तथा वातावरण मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | ८६०८०१ | १००६७४३ | १८६७५४४ | १७.६८ | १३.०२ | १५.१७ |
| २०७९/८० | ९०५५७१ | १११६१२९ | २०२१७०० | ४०.२८ | ८.०४ | २२.४८ |
| २०८०/८१ | ११८८४७० | ८८४२४७ | २०७२७१७ | २९.५५ | १०.३३ | २१.३५ |
| २०८१/८२ | ११५०४२९ | ११०३२३५ | २२५३६६४ | ३३.२६ | ४.६० | १९.२३ |
| २०८२/८३ | १४८८१६७ | १०५९२८३ | २५४७४५० | २६.२६ | ८.१५ | १८.७३ |

## ३.१० भौतिक पूर्वाधार विकास मन्त्रालय

*तालिका ३.२७ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (भौतिक पूर्वाधार विकास मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| ५६ | प्रदेश यातायात गुरुयोजना तयार गरी प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकसम्बन्धी आयोजना छनौट गरिनेछ। आयोजना छनौट गर्दा पूर्व सम्भाव्यता अध्ययन र प्राथमिकीकरण गरेर मात्र वार्षिक कार्यक्रममा समावेश गरिनेछ। सडक, सडकपुल एवम् झोलुंगे पुल जस्ता संरचनाहरुको नियमित मर्मत सम्भार गरी जीवनचक्र मूल्य घटाउने रणनीति अवलम्बन गरिनेछ। | प्रदेश सडक सञ्जाल गुरुयोजनामा समावेश हुने सडकहरुको सूची तयार भएको। |
| ५७ | स्थानीय तह र वडाका केन्द्र, पर्यटकीय स्थल, शैक्षिक संस्था, अस्पताल, कृषि तथा पशुपालनका पकेट क्षेत्र, उद्योग जस्ता क्षेत्रहरुलाई राष्ट्रिय एवम् प्रादेशिक लोकमार्गसँग आवद्ध गर्नेगरी सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। | प्रदेश गौरवको आयोजना, कृषि सडक, पर्यटनस्थल पहुँचमार्ग, सीमा क्षेत्र सडक कार्यक्रम लगायतका सडक आयोजनाहरुमा बजेट विनियोजन भई कार्यान्वयन गरिएको।<br>१९ वटा स्थानीय तह पहुँच मार्ग योजना कार्यान्वयन गरिएको। |
| ५८ | विकट बस्ती र विपन्न समुदायका नागरिकलाई लक्षित गर्दै आधा घण्टा भन्दा बढी समय पैदल हिड्न नपर्ने गरी नदी, खोला तथा खोल्सा पार गर्नका लागि सम्भाव्य स्थानमा प्राथमिकताका आधारमा झोलुङ्गे पुल निर्माण गर्दै लगिनेछ। एक सय बीस मिटर भन्दा छोटा झोलुंगे पुल प्रदेश सरकारको प्राविधिक सहयोगमा स्थानीय तहले निर्माण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। | चालु आ.व.मा यातायात पूर्वाधार निर्देशनालयबाट PTAP मार्फत १०९ वटा स्थानीय तहलाई झोलुङ्गे पुलमा प्राविधिक सहयोग प्रदान गरी ५ वटा झो.पू. निर्माण सम्पन्न भएको। प्रदेशको लगानीमा २ वटा झोलुङ्गे पुल सम्पन्न भएको र अन्य झोलुङ्गे पुलहरु सम्पन्न हुने अवस्थामा रहेका।। |
| ६० | सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न सडकको स्तरोन्नति, मर्मत सम्भार, छेकाबार, सावधान संकेत, रिफ्लेक्टिभ साईनबोर्ड तथा खतरनाक घुम्तीहरुमा कन्भेक्स मिरर जडान लगायतका कार्य गरिनेछ। | सडक सुरक्षा कार्याक्रमका लागि विनियोजित बजेटबाट जोखिम पूर्ण सडकहरु पहिचान गरि सडक सुरक्षा सम्बन्धि कार्यहरु भईरहेको। |
| 61 | कपिलवस्तुको शिवपुरस्थित प्रादेशिक सामग्री परीक्षण प्रयोगशालामा आवश्यक जनशक्ति, मेसिन तथा उपकरणको व्यवस्था गरी पूर्ण क्षमतामा सञ्चालनमा ल्याइनेछ। | प्रयोगशाला भवन सम्पन्न हुने अवस्थामा रहेको र निर्माण सामाग्री खरिदका लागि २५ लाख बजेट विनियोजन भएको। |
| ६२ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना लगायतका विकास साझेदार समेतको सहयोगमा सञ्चालित बहुवर्षीय आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक साझेदारी रकमको व्यवस्था गरिनेछ। | प्रदेशको साझेदारी रकम विनियोजन भई रोल्पा जिल्लाको रिजी दुम्ला-नेर्पा सडक, रुकुम जिल्लाको सिसाघाडी-झुम्लाबांग-राँसी सडक, गुल्मी जिल्लाको वामीटक्सार (इन्द्रगौंडा) -आँपचौर -शान्तिपुर सडक, रुपन्देही जिल्लाको भगवानपूर(अमुवा)-धकधई-खैरेनी सडक, दाङ्ग जिल्लाको विजौरी -वसडवारा-जमुनी-लक्ष्मीपूर-दक्षिण कुरहरीया-कञ्जवार-कोठारी सडकको कालोपत्रे गरी ५ वटा सडक आयोजनाहरु कार्यान्वयनमा रहेका। |

*तालिका ३.२८ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (भौतिक पूर्वाधार विकास मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४७ | भौतिक पूर्वाधारलाई सुरक्षित, गुणस्तरीय, दिगो र भरपर्दो बनाउदै लैजाने व्यवस्था मिलाइएको छ। स्थानीय तह र वडाका केन्द्र, पर्यटकीय स्थल, शैक्षिक संस्था, अस्पताल, कृषि तथा पशुपालनका पकेट क्षेत्र, उद्योग जस्ता क्षेत्रहरूलाई राष्ट्रिय एवम् प्रादेशिक लोकमार्गसँग आवद्ध गर्नेगरी सडक निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु। | आयोजनाहरुको ठेक्कापट्टा भई निर्माण कार्य सञ्चालनमा रहेको |
| १४८ | रणनीतिक महत्त्वका सडकको स्तरोन्नति तथा नियमित मर्मत सम्भार कार्यलाई जोड दिनुका साथै अन्तरप्रदेश समन्वय एवम् सहलगानीमा सञ्चालन हुने आयोजनालाई प्राथमिकता दिने व्यवस्था मिलाएको छु। | ठेक्कापट्टा भईसडकको स्तरोन्नति कार्य भइरहेको तथा मर्मतसम्भारकर्ता नियुक्ति गरी नियमित मर्मत सम्भार कार्य भइरहेको |
| १४९ | प्रदेश यातायात गुरुयोजना बमोजिम प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकबाट आयोजना छनौट गर्न प्राथमिकता दिने व्यवस्था मिलाएको छु। सडक, सडकपुल एवम् झोलुङ्गे पुल जस्ता संरचनाको नियमित मर्मत सम्भार गरी जीवनचक्र मूल्य घटाउन आवश्यक व्यवस्था मिलाएको छु। | प्रदेश सडक सञ्जाल गुरुयोजनामा समावेश हुने सडकहरुको सूची तयार भएको। |
| १५० | पाल्पा, अर्घाखाँची, प्युठान र रोल्पा जिल्ला समेट्ने प्रदेश गौरवको रुपमा रहेको रामपुर-कपुरकोट सडक आयोजना कार्यान्वयनका लागि रु.१९ करोड विनियोजन गरेको छु। | कुल ३०० कि.मि. लम्बाईमा हालसम्म ७४.०५ कि.मि. सडक स्तरोन्नतीको लागि ठेक्कापट्टा भई ५०.५५ कि.मि सडक कालोपत्रे सम्पन्न भएको छ। |
| १५१ | निर्माणाधीन बहुवर्षीय सडक तथा सडकपुल आयोजना कार्यान्वयनका लागि रु.१ अर्ब ५९ करोड २८ लाख विनियोजन गरेको छु। | चालु आ.व.मा २१ वटा मोटरेवलपुल र ३३.११ कि.मि. कालोपत्रे सडक सम्पन्न भएको |
| १५२ | स्थानीय तहको केन्द्रसम्म कालोपत्रे सडक पुन्याउने गरी स्थानीय तह पहुँचमार्ग कार्यक्रमलाई प्राथमिकतासाथ निरन्तरता दिँदै १९ वटा स्थानीय तह पहुँचमार्ग निर्माणका लागि रु.३४ करोड ६० लाख विनियोजन गरेको छु। | स्थानीय तह पहुँच मार्गहरु बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयनमा रहेका। |
| १५३ | पर्यटन क्षेत्रको विकास मार्फत ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने गरी प्रदेशका १३ वटा पर्यटन स्थल पहुँच मार्ग निर्माणका लागि रु.५ करोड ५० लाख विनियोजन गरेको छु। | आयोजनाहरु कार्यान्वयनमा रहेको |

<table>
<tr><td>१५४</td><td>नेपाल सरकारसँगको लागत साझेदारीमा सञ्चालन हुने प्युठान जिल्लाको बागदुला-दम्ति-बाहाने-खवाङ-सेउलीवाङ सडक, बर्दियाको बारबर्दिया-कतरनिया-घघवार-गुलारा-धामपुर-शक्तिनगर-जमुनिया-खैलारघाट-ठाकुरबाबा सडक, गुल्मीको तम्घास वाघेछेडा-भाडगाँउ-बाँझघाट-रातडाँडा सडकः रोल्पाको निगलपानी-जिनावाङ कृषि सडकः सुलिचौर थवाङ सडकः अर्घाखाँचीको सन्धिखर्क गच्छेढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-चैते-रामपुर-भालुवाङ सडकः दाङको कुइरेपानी-सर्रा सडक, प्युठानको बाग्दुला मच्छी सडकः गुल्मीको गौडाकोट-जुभुङ-मजुवा सडक र नवलपरासी (ब.सु.प.) को महेशपुर-सुर्यपुरा-त्रिवेणी सडक गरी प्रदेशका नौ वटा समपुरक आयोजना कार्यन्वयनका लागि रु.९२ करोड ३४ लाख विनियोजन गरेको छु।</td><td><table>
<tr><th>आयोजनाको नाम</th><th>भौतिक प्रगति %</th><th>वित्तिय प्रगति %</th></tr>
<tr><td>बाग्दुला दम्ती बहाने खवाङ स्याउलीवाङ नौबहिनी पर्यटन क्षेत्र सडक (बहाने स्याउलीवाङ खण्ड)</td><td>७०</td><td>६१.६२</td></tr>
<tr><td>निगालपानी जिनावाङ कृषि सडक निगालपानी कोइलाझ्याम पाती हाल्न महानेटा दलसिङ्गे झुलनेटा सडक</td><td>२७</td><td>२६.८२</td></tr>
<tr><td>शुलीचौर थवाङ सडक (पोवाङ-थवाङ खण्ड) रोल्पा</td><td>१६</td><td>१५.५३</td></tr>
<tr><td>वारवर्दिया कतर्निया धधवार गुलरा धामपुर शक्तिनगर जमुनिया खैलारघाट ठाकुरबाबा सडक स्तरउन्नती</td><td>१५</td><td>७.५५</td></tr>
<tr><td>तम्घास वाखेछेडा भाडागाँउ वाझघाट रातडाँडा सडक गुल्मी</td><td>२८</td><td>२५.५५</td></tr>
<tr><td>दामोदर मार्गः कुइरेपानी सर्रा सडक</td><td></td><td>०</td></tr>
<tr><td>सन्धिखर्क-गच्छे-ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-बडिदमार-चैते-रामपुर सडक,अर्घाखाँची</td><td>२१</td><td>१७.१७</td></tr>
<tr><td>महेशपुर- सुर्यपुरा- त्रिवेणी (कुडिया) सडक</td><td>८</td><td>६.४७</td></tr>
<tr><td>गौडाकोट- जुभुङ्ग- मजुवा सडक</td><td>५</td><td>०</td></tr>
<tr><td>बाग्दुला मच्छी सडक वोलपत्र मूल्याङ्कनको चरणमा रहेको</td><td></td><td>०</td></tr>
</table></td></tr>
<tr><td>१५५</td><td>प्रदेशका बाहै वटा जिल्लाका ११४ वटा सडकहरु नियमित मर्मत सम्भारको लागि रु.१७ करोड विनियोजन गरेको छु। कालोपत्रे र अन्य गरी ४४ वटा सडक मर्मत सम्भारका लागि रु.२१ करोड ६० लाख विनियोजन गरेको छु।</td><td>४४ वटै सडक मर्मतसम्भारकर्ता राखि नियमित मर्मत सम्बन्धि कार्य भइरहेको। आवश्यकता अनुसार आवधिक मर्मत कार्य समेत भइरहेको।</td></tr>
<tr><td>१५६</td><td>"सीमाक्षेत्रको बास, प्रदेश सरकारको साथ" भन्ने मान्यताकासाथ सीमाक्षेत्रका नागरिकहरुलाई राष्ट्रिय लोकमार्ग एवम् प्रादेशिक लोकमार्गसम्मको सहज पहुँच उपलब्ध गराउन २३ वटा सीमाक्षेत्र सडक निर्माणका लागि रु.१९ करोड ५ लाख विनियोजन गरेको छु।</td><td>आयोजनाहरु कार्यान्वयनको चरणमा रहेको</td></tr>
<tr><td>१५७</td><td>निर्माणाधीन १९ वटा झोलुङ्गेपुल र १२ वटा नयाँ झोलुङ्गेपुल निर्माणका लागि रु.१४ करोड ७० लाख विनियोजन गरेको छु। प्रदेश सरकारको प्राविधिक सहयोगमा एक सय बीस मिटर भन्दा छोटा झोलुङ्गे पुल स्थानीय तहले निर्माण गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।</td><td>चालु आ.व. मा २ वटा झोलुङ्गे पुल सम्पन्न भएको र अन्य झोलुङ्गे पुलहरु सम्पन्न हुने अवस्थामा रहेका। स्थानीय तहलाई प्राविधिक सहयोग मार्फत 5 वटा झो.पू. सम्पन्न भएको।</td></tr>
<tr><td>१५८</td><td>सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न सडकको स्तरोन्नति, मर्मत सम्भार, छेकावार, सावधान संकेत, रिफ्लेक्टिभ साईनबोर्ड तथा खतरनाक घुम्तीहरूमा कन्भेक्स मिरर जडान लगायतका कार्य गर्न आवश्यक रकम विनियोजन गरेको छु।</td><td>सडक सुरक्षा कार्याक्रमका लागि विनियोजित बजेटबाट जोखिम पूर्ण सडकहरु पहिचान गरि सडक सुरक्षा सम्बन्धि कार्यहरु भईरहेको।</td></tr>
</table>

| १५९ | आगामी आर्थिक वर्षको सडक पूर्वाधार क्षेत्रको बजेट कार्यान्वयनबाट करिब २०० कि.मि. सडक कालोपत्रे, करिब ३० वटा मोटरेवल पुल, करिब २५०कि.मि. ग्राभेल सडक र १० वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न हुनेगरी भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि रु.९ अर्ब ९२ करोड विनियोजन गरेको छु। | २०८२ पुष मसान्तसम्म करिब ३७ कि.मि. सडक कालोपत्रे, करिब २१ वटा मोटरेवल पुल, करिब २१ कि.मि. ग्राभेल सडक र २ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको। |
|---|---|---|

*तालिका ३.२९ आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मका उपलब्धि (भौतिक पूर्वाधार विकास मन्त्रालय)*

| क्र.सं. | जिल्ला | नयाँ ट्र्याक निर्माण (कि.मी.) | सडक विस्तार (थप चौडा गर्ने काम) (कि.मी.) | सडक ग्राभल गर्ने काम (कि.मी.) | कालोपत्रे सम्पन्न सडक (कि.मी.) | कल्भर्टकजवे/ निर्माण (वटा) | ढलान गरी पक्की सडक निर्माण (कि.मी.) | सडक पुल (वटा) | झोलुङ्गे पुल (वटा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नवलपरासी | ० | ० | ० | ३.७५ | ० | ०.२५८ | ० | ० |
| २ | रुपन्देही | | | १.३२ | १.८४ | ३२ | ०.३४५ | ५ | |
| ३ | कपिलवस्तु | - | - | ३.१ | ६.४ | १६ | ०.६७५ | ३ | - |
| ४ | पाल्पा | | ४.२ | २.३७ | | ११ | ०.५२ | ४ | |
| ५ | गुल्मी | ०.२४ | ६.१८ | ० | ४.५ | १० | २.०९ | २ | ० |
| ६ | अर्घाखाँची | | ०.७६ | ०.५४ | १०.९ | १९ | १.४८ | | |
| ७ | प्यूठान | २ | ६ | २.५ | | ४ | ०.३५ | १ | |
| ८ | रोल्पा | २ | २४.२५ | ७.७८ | ० | २ | ०.३ | | |
| ९ | रुकुम पूर्व | ३.८९७ | ०.८५ | ० | ० | २ | ० | १ | १ |
| १० | बर्दिया | ० | २ | ०.५८ | ७.२२८ | ५९ | ० | ० | ० |
| ११ | बाँके | | | २.३८ | १.६ | | ०.६ | २ | |
| १२ | दाङ्ग | ० | ० | ० | ०.६४३ | ८ | ०.५५ | ३ | १ |
| | कुल जम्मा | ८.१३७ | ४४.२४ | २०.५७ | ३६.८६१ | १६३ | ७.१६८ | २१ | २ |

*तालिका ३.३० भौतिक पूर्वाधार विकास मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | १७०३८२ | ८९२७४०० | ९०९७७८२ | ५८.४७ | १४.५० | १५.३३ |
| २०७९/८० | २४६३२८ | ९८८९७७२ | १०१३६१०० | २६.८२ | १३.९९ | १४.३० |
| २०८०/८१ | ४६२८३४ | १३३१६०२० | १३७७८८५४ | ३४.५० | १२.२४ | १२.९८ |
| २०८१/८२ | ४५१५१७ | १००३६१०१ | १०४८७६१८ | ३१.११ | १४.६१ | १५.३२ |
| २०८२/८३ | ३१३८३० | ९६१०६७० | ९९२४५०० | २५.१९ | १९.२४ | १९.४३ |

## ३.११ युवा तथा खेलकुद मन्त्रालय

*तालिका ३.३१ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (युवा तथा खेलकुद मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था | लक्ष्य |
|---|---|---|---|
| १३२ | खेलकुद पूर्वाधार निर्माण कार्यक्रम | अन्य सार्वजनिक निर्माणमा रहेको बजेट समेत बाँडफाँड गरी सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी पठाईएको | विभिन्न खेलमैदान, कभर्डहल, रंगशाला लगायत खेलकुद पूर्वाधार निर्माण गर्ने |
| १३३ | प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | प्रदेश खेलकुद परिषद्बाट कार्यक्रम संचालन भईरहेका र सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी पठाईएको | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रदेशस्तरीय प्रतियोगिता सञ्चालन गर्ने |
| १३३ | प्रतिभाशाली खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रम | प्रदेश खेलकुद परिषद्बाट कार्यक्रम संचालन भईरहेका र सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी पठाईएको | प्रदेशको प्रतिष्ठा बढाउने उत्कृष्ट खेलाडीलाई पुरस्कारसहित सम्मान तथा हौसला प्रदान गर्ने |
| १३५ | युवा सीप तथा उद्यमशीलता विकास कार्यक्रम | सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी पठाईएको | युवाको क्षमता अभिबृद्धि, सीप विकास र उत्पादनसँग जोड्ने तालिम सञ्चालन गर्ने |

| | | | |
|---|---|---|---|
| १३५ | युवा क्लब प्रवर्द्धन तथा परिचालन कार्यक्रम | सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी पठाईएको | रचनात्मक र सिर्जनशील कार्यमा युवा परिचालन गर्न युवा क्लब गठन र सञ्चालन गर्ने |
| १३५ | विद्यालयस्तरीय स्काउट कार्यक्रम | प्रदेश युवा परिषद् विकास समिति लुम्बिनीलाई सशर्त अनुदानमा अख्तियारी पठाईएको युवा परिषद् विकास समितिबाट कार्यान्वयन गर्न प्रकृया अगाडी बढेको | स्थानीय तहको समन्वयमा विद्यालयस्तरमा स्काउट कार्यक्रम सञ्चालन गर्ने |
| १३६ | प्रदेश युवा फेलोसिप कार्यक्रम | गत आ.ब.मा कार्यविधिको ड्राफ्ट तयार भएको चालु आ.ब.मा कुनै पनि प्रकृया अगाडी नबढेको | अध्ययन तथा अनुसन्धानमा युवालाई प्रोत्साहन गर्ने फेलोसिप प्रदान गर्ने |
| १३७ | स्वास्थ्यका लागि खेलकुद कार्यक्रम | प्रदेश खेलकुद परिषद्बाट कार्यक्रम संचालन भईरहेका र सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी पठाईएको | खेलकुद प्रति रुचि जगाई शारिरीक स्वास्थ्यका लागि सहभागिता बृद्धि गर्ने कार्यक्रम गर्ने |

*तालिका ३.३२ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (युवा तथा खेलकुद मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०४ | स्वास्थ्यका लागि खेलकुद कार्यक्रम | प्रतियोगिताहरु प्रदेश खेलकुद परिषद् लुम्बिनीबाट कार्यान्वयन भैरहेका र सामाजिक विकास डिभिजन कार्यालयबाट पनि कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी हस्तान्तरण गरिएको, |
| १०४ | खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रम | सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी हस्तान्तरण गरिएको, |
| १०५ | प्रतिस्पर्धी खेलाडी उत्पादनका लागि प्रशिक्षण कार्यक्रम | प्रतियोगिताहरु प्रदेश खेलकुद परिषद् लुम्बिनीबाट कार्यान्वयन भैरहेका र सामाजिक विकास डिभिजन कार्यालयबाट पनि कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी हस्तान्तरण गरिएको, |
| १०५ | प्रतिभाशाली खेलाडी प्रोत्साहन तथा सम्मान कार्यक्रम | प्रतियोगिताहरु प्रदेश खेलकुद परिषद् लुम्बिनीबाट कार्यान्वयन भैरहेका र सामाजिक विकास डिभिजन कार्यालयबाट पनि कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी हस्तान्तरण गरिएको, |
| १०६ | युवा क्षमता विकास तथा उद्यमशीलता विकास कार्यक्रम | सीप विकासका कार्यक्रम संचालनको लागि प्रदेश युवा परिषद विकास समिति लुम्बिनीबाट कार्यान्वयनका भैरहेका र सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयन हुनेगरी बजेट तथा कार्यक्रमको अख्तियारी हस्तान्तरण गरिएको, |
| १०७ | युवा अध्ययन तथा अनुसन्धान फेलोसिप कार्यक्रम | कार्यविधिको मस्यौदा गत आ.ब.मा तयार भएको यस आ.ब.मा कुनै प्रकृया अगाडी नबढाईएको |
| १०८ | युवा तथा स्काउट सम्बन्धी कार्यक्रम | युवा परिषद् विकास समितिबाट कार्यान्वयन गर्न प्रकृया अगाडी बढेको |

**युवा तथा खेलकुद मन्त्रालयको पुस मसान्तसम्मको मन्त्रालयको उपलब्धीः**

- मन्त्रालयमा कर्मचारी अभावको कारण कार्यान्वयन गर्न कठिन हुने १२२ आयोजना तथा कार्यक्रम अन्य खेलकुद पूर्वाधार निर्माण शिर्षकको बजेट बाट ९४ वटा आयोजना छनौट तथा बजेट बाँडफाड गरी कुल जम्मा २१६ आयोजना तथा कार्यक्रमहरु सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यान्वयनको लागि PLMBIS मा प्रविष्टी गरी बजेट कार्यक्रमको अख्तियारी पठाईएको ,
- प्रदेश तथा स्थानीय तहको समन्वयमा खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नतिका कार्यहरू प्रारम्भ गरिएको छ,
- प्रदेशस्तरीय खेलकुद प्रतियोगिताहरू प्रदेश खेलकुद परिषद् मार्फत सञ्चालन भई खेलाडी पहिचान तथा छनोट प्रक्रिया अगाडि बढाइएको छ,
- प्रतिभाशाली खेलाडीलाई सम्मान तथा प्रोत्साहन प्रदान गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ,
- युवा सीप तथा उद्यमशीलता विकाससम्बन्धी तालिम कार्यक्रम सञ्चालनका प्रक्रिया अगाडि बढाईएको,
- "स्वास्थ्यका लागि खेलकुद" कार्यक्रममार्फत समुदायस्तरमा खेलकुद गतिविधि विस्तार गरिएको छ।

*तालिका ३.३३ युवा तथा खेलकुद मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| खर्च शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च तर्फ | १४५४०० | १९७६४ | १३.५९ |
| पुंजीगत खर्च तर्फ | २२७०५० | ८६ | ०.०४ |
| जम्मा | ३७२४५० | १९८५० | ५.३३ |

## ३.१२ सहरी विकास तथा खानेपानी मन्त्रालय

*तालिका ३.३४ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (सहरी विकास तथा खानेपानी मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ७६ | एक घरः एक धाराको अभियानलाई पूरा गर्न प्रदेशका सबै स्थानीय तहको वित्तीय योजना सहितको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) लाई पूर्णता दिई प्राथमिकताका आधारमा आयोजनाहरु कार्यान्वयन गरिनेछ। | लुम्बिनी प्रदेशका ८७ वटा स्थानिय तहहरू वास प्लान तयार भइसकेको साथै एक घरः एक धाराको अभियानलाई पूरा गर्न चालु आ.व.को पौष मसान्तसम्म कुल ४५२१ धारा जडान गरिएको। |
| ७७ | दिगो विकासका लक्ष्य बमोजिमका खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक लक्ष्य हासिल गर्न खानेपानी सुरक्षा योजनामार्फत् स्रोत संरक्षण, पुनर्भरण, खानेपानी गुणस्तर सुधार तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ। | चालु आ.व.मा सरसफाई तथा ढल व्यवस्थापन एवं खानेपानी आयोजना गुणस्तर अभिवृद्धि तथा स्रोत संरक्षण र गुणस्तर सुधार कार्यक्रम अन्तर्गत कुल ५१ वटा आयोजना कार्यान्वयनमा रहेका छन् जस मध्ये कुल २ वटा आयोजना सम्पन्न भइसकेका छन्। |
| ७८ | असी प्रतिशत भन्दा बढी भौतिक प्रगति भएका निर्माणाधीन खानेपानी आयोजनाहरुलाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिनेछ। क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा वर्गीकरण गरी प्राथमिकताका साथ सम्पन्न गर्दै लगिनेछ। | गत आ.व.सम्ममा असि प्रतिशत भन्दा बढी भौतिक प्रगति भएका आयोजनामध्ये १९ वटा आयोजनाहरू सम्पन्न भइसकेका छन्। |
| ७९ | प्रदेशबाट निर्माण भएका खानेपानी आयोजनामा अनिवार्य रुपमा पानी महशुल निर्धारण गरी सङ्कलन गर्न तथा योजनाको सञ्चालन र मर्मत सम्भार स्थानीय उपभोक्ता समितिबाट गर्ने व्यवस्था मिलाइनेछ। पाँचसय भन्दा बढी धारा वितरण भएका खानेपानी योजनाको व्यावसायिक योजना निर्माण तथा कार्यान्वयन अनिवार्य गर्नुका साथै सबै खानेपानी योजनाको दर्ता, नवीकरण, प्रतिवेदन तथा वार्षिक सभा जस्ता कार्यलाई नियमित बनाइनेछ। | खानेपानी संस्थाहरुको व्यवसायीक कार्ययोजना निर्माण कार्यका लागि ६ वटा जिल्लामा कुल ३६ लाख बजेट विनियोजन गरि कार्यान्वयनको पुर्व तयारिको चरणमा रहेको छ। खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूलाई सम्बन्धित स्थानीय तहमा दर्ता एवं नविकरण हुन तथा वार्षिक साधारण सभा एवं लेखापरिक्षण कार्यलाई नियमित गर्न लगाइएको छ। |
| ८० | विद्युतबाट सञ्चालन हुने खानेपानी तथा सरसफाई योजना सामुदायिक खानेपानीको रुपमा निर्माण गरी विद्युत महशुल छुट, टीओडी मिटर लगायत सेन्सर रिमोट अपरेशन सिस्टम जडान गरी सञ्चालन खर्च घटाउने व्यवस्था मिलाइनेछ। वास प्रवर्धनका कार्यक्रममा निजी क्षेत्रसँग समेत साझेदारी तथा सहकार्य गरिनेछ। | सम्बन्धित स्थानीय तहमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूलाई ने.वि.प्रा.बाट विद्युत महशुल छुट एवं टीओडी मिटर जडानका लागि नियमानुसार सामुदायिक खानेपानीको रुपमा सिफारिस गर्ने गरिएको। |
| ८१ | खानेपानी आयोजना निर्माण गर्दा सम्भाव्यताको आधारमा सिँचाइ समेत गर्न सकिने गरी बहुउपयोगी आयोजना निर्माणमा जोड दिइनेछ। | सिँचाइका लागि समेत उपयोगी हुने आयोजनाहरुको तथ्याङ्क सकंलन एवं सम्भाव्यता पहिचानको कार्य भैरहेको। |
| ८२ | छरिएर रहेका बस्तीलाई एकीकृत गर्न र बसाइँसराइलाई निरुत्साहित गर्न घनाबस्ती र सहरउन्मुख क्षेत्रहरुमा बस्ती विकास तथा सहरी पूर्वाधार निर्माण कार्य विस्तार गर्दै लगिनेछ। बाढी, पहिरो, भूकम्प, आगजनी जस्ता प्राकृतिक विपद्बाट प्रभावित एवम् विस्थापितको लागि पुनर्स्थापना र बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ। | छरिएका बस्तिलाई एकिकृत गर्न ३८२ वटा बस्ति विकास कार्यक्रम रहेकोमा २२४ वटा कार्यक्रमको ठेक्का लागेको र १३ वटा सम्पन्न भैसकेको। |

| | | |
|---|---|---|
| ८३ | स्थानीयस्तरमा निर्माण हुने भवन तथा संरचनाको निर्माणमा रैथाने सामग्री र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। स्थानीय मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्धन गर्न परम्परागत वास्तुकला र शैलीयुक्त बस्तीको संरक्षण गरिनेछ। | रैथाने सामाग्री प्रयोग गर्ने गरि बाँके र बर्दियामा जनता आवास कार्यक्रम सञ्चालनमा रहेको। |
| ८४ | मध्यपहाडी लोकमार्ग र हुलाकी सडकको लुम्बिनी प्रदेशस्थित खण्डको उपयुक्त स्थानमा बस्ती विकास र सहरी योजना सहितको आर्थिक कोरिडोरको विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ। | मध्य पहाडी लोकमार्ग र हुलाकी सडक केन्द्रित बस्ती विकास गर्न प्युठान, कपिलवस्तु र नवलपरासी (व.सु.प.)को सम्भाव्यता अध्ययन गरिएको अन्य जिल्लाको क्रमशः गरिने तयारीमा रहेको। |
| ८५ | प्रदेशका प्रत्येक जिल्लामा कम्तिमा एउटा नमूना बस्ती विकासको लागि सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिनेछ। | प्युठान, कपिलवस्तु र नवलपरासी (व.सु.प.) नमुना बस्ति कार्यान्वयनको काम ठेक्का प्रक्रियामा रहेको। |
| ८६ | पाल्पा जिल्लाको रामपुर र स्याङ्जा जिल्लाको चापाकोट क्षेत्र समेटेर एकीकृत सहरी विकासको योजना अघि बढाउन गण्डकी प्रदेश सरकारसँग समन्वय गरी सङ्घीय आयोजनाको रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ। | - |

*तालिका ३.३५ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (सहरी विकास तथा खानेपानी मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२४ | सन् २०३० सम्म स्वच्छ खानेपानीमा सबैको पहुँच पुर्‍याउने लक्ष्य अनुरूप सेवा विस्तार गर्दै लैजाने व्यवस्था मिलाएको छ। स्वच्छ, नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउन निर्माणाधीन बहुवर्षीय र क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिई सम्पन्न हुनेगरी स्रोतको प्रवन्ध गरेको छ। खानेपानी सुरक्षा योजनामार्फत स्रोत संरक्षण, पुनर्भरण, खानेपानी गुणस्तर सुधार तथा सरसफाइका कार्यक्रमलाई प्राथमिकता दिई रकम विनियोजन गरेको छ। | गत आ.व.सम्ममा असि प्रतिशत भन्दा बढी भौतिक प्रगति भएका आयोजनामध्ये १९ वटा आयोजनाहरू सम्पन्न भइसकेका छन् भने हालसम्म १६५ वटा आयोजनाहरू सम्पन्न उन्मुख रहेका छन्। |
| १२५ | "एक घरः एक धारा" को अभियान पुरा गर्न स्थानीय तहसँग सहलगानी तथा सहकार्यको माध्यमबाट खानेपानी सरसफाइ तथा स्वच्छता योजना सञ्चालन गर्न र ८० प्रतिशत भन्दा बढी भौतिक प्रगति भएका २२८ खानेपानी आयोजना सम्पन्न गर्न रु. ७७ करोड ६५ लाख विनियोजन गरेको छ। | एक घरः एक धाराको अभियानलाई पूरा गर्न चालु आ.व.को पौष मसान्तसम्म कुल ४५२१ धारा जडान गरिएको छ। |
| १२६ | गुणस्तरीय खानेपानी सेवाको पहुँच बृद्धि गर्न र परम्परागत पानीका स्रोतहरूको संरक्षण गर्न खानेपानी गुणस्तर सुधार कार्यक्रम तथा स्रोत संरक्षण कार्यक्रमको लागि रु.१० करोड विनियोजन गरेको छ। | खानेपानी सेवाको गुणस्तर अभिबृद्धिका लागि ४ वटा Treatment Plant को निर्माण गर्न ठेक्का निष्काशन भई सम्झौताका चरणमा रहेका छ भने २ वटा Treatment Plant को लागि बोलपत्र आह्वानको तयारि भइरहेको छ। |

| | | |
|---|---|---|
| १२७ | सहर तथा वस्तीलाई गतिशील, स्वच्छ, सुरक्षित, व्यवस्थित र उत्थानशील बनाउने कार्यलाई जोड दिएको छ। पहाडबाट तराई क्षेत्रमा बढ्दो बसाइसराइ न्यूनीकरण गर्न एवम् पहाडी क्षेत्रमा छरिएर रहेको वस्तीलाई एकीकृत गर्न उपयुक्त स्थानको पहिचान गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारी सहितको व्यवस्थित नमुना बस्ती विकास कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु। | सहर तथा बस्तिलाई गतिशिल, स्वच्छ, सुरक्षित, व्यवस्थित र उत्थानशील बनाउन ३८३ वटा बस्ति विकास र ७९७ वटा सहरी पूर्वाधार विकास कार्यक्रममा बजेट विनियोजन गरिएकोमा बस्ति विकासका २२४ कार्यक्रममा ठेक्का लागेका मध्ये १३ वटा कार्यक्रम सम्पन्न भइसकेको साथै सहरी पूर्वाधारमा ४४३ वटा कार्यक्रममा ठेक्का लागेका मध्ये ३९ वटा कार्यक्रम सम्पन्न भएको छ। |
| १२८ | मध्यपहाडी लोकमार्ग र हुलाकी सडकको लुम्बिनी प्रदेशस्थित खण्डको सम्भावित स्थानहरूमा वस्ती विकास र सहरी योजना सहितको आर्थिक कोरिडोर विकासका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेको छु। | प्युठान, कपिलवस्तु र नवलपरासी (व.सु.प.)को सम्भाव्यता अध्ययन भएको। |
| १२९ | प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेशको राजधानीमा रहेका प्रशासनिक भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरी नयाँ भवनबाटै सेवा प्रवाह सुरु गर्ने व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु। | प्रदेश राजधानीको प्रशासनिक भवनको ९५% कार्य सम्पन्न भैसकेको र चालु आ.व.को चैत्र भित्र सम्पन्न गरि हस्तान्तरण गर्ने अवस्थामा रहेको। |
| १३० | स्थानीय निर्माण सामग्री तथा प्रविधिको प्रयोग गरी सुरक्षित आवास निर्माण गर्न तथा परम्परागत बास्तुकत्ता र शैलीयुक्त बस्तीको संरक्षणका लागि प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु। | स्थानिय निर्माण सामाग्री तथा प्रविधि प्रयोग गर्ने गरि बाँके र बर्दियामा जनता आवास कार्यक्रमबाट दलित/विपन्न परिवारका लागि आवास निर्माण भैरहेको। |
| १३१ | स्थानीय तहसँगको सहकार्यमा विपद् र जोखिममा रहेका बस्तीको स्थानान्तरण, प्रभावित क्षेत्रमा आपत्कालिन आश्रयस्थल, विपद् पश्चात पुनःस्थापना र पुनः निर्माणका कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु। | - |

*तालिका ३.३६ सहरी विकास तथा खानेपानी मन्त्रालयको अपेक्षित उपलब्धीको प्रगति*

| क्र.सं. | उपलब्धिको विवरण | वार्षिक अपेक्षित उपलब्धी | प्रगति विवरण (पुस मसान्तसम्म) | कैफियत |
|---|---|---|---|---|
| क | खानेपानी तर्फको | | | |
| १ | खानेपानी आयोजना सम्पन्न हुने लक्ष्य लिएको। | २२८ वटा | कुल १९ खानेपानी आयोजनाहरु सम्पन्न भएको, १६५ वटा आयोजनाको प्रगति ८०% भन्दा धेरै भएको, ३५८ वटा आयोजनाको प्रगति ५०-८०% भएको र ६६७ वटा आयोजनाको प्रगति ५०% भन्दा कम रहेको। | |
| २ | सरकारी कार्यालय, अस्पताल अथवा सार्वजनिक | ४ वटा | आवश्यकता पहिचान एवं माग संकलन गर्ने कार्य भइरहेको। | |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालयमा दिसाजन्य लेदो तथा फोहर पानी प्रशोधन संरचना निर्माण तथा जडान। | | | |
| ३ | खानेपानी आयोजनाहरुमा Treatment Plant जडान कार्य गर्ने कार्य। | ६ वटा | ४ वटा Treatment Plant को ठेक्का निष्काशन भई सम्झौताका चरणमा रहेका छ भने २ वटा Treatment Plant को लागि बोलपत्र आह्वानको तयारी भइरहेको। | |
| ४ | विभिन्न खानेपानी आयोजनाहरुमा मर्मत गर्ने कार्य | ९१ वटा | कुल ३ वटा आयोजनामा मर्मत कार्य सम्पन्न भएको, २८ वटा आयोजनामा मर्मत कार्यको प्रगति ८०% भन्दा धेरै, ५१ वटा आयोजनामा ५०-८०% र ८५ वटा आयोजनामा ५०% भन्दा कम रहेको। | |
| ख | सहरी तर्फको | | | |
| १ | ढल निर्माण | ४० कि.मि. | १९.२८ कि.मि. | |
| २ | ग्रामिण सडक | ८ कि.मि. | ३.४२ कि.मि. | |
| ३ | सडक पिच (Black topped) गर्ने कार्य | १६ कि.मि. | ६.४४ कि.मि. | |
| ४ | पि.सि.सि सडक | ८ कि.मि. | ५.६० कि.मि. | |
| ५ | फुटपाथ | २ कि.मि. | १.४५ कि.मि. | |
| ६ | मर्मत संभार (सरकारी भवन) | १० वटा | १५ वटा | |
| ७ | जनता आवासको घर बन्ने | १०० वटा | - | |

### सहरी विकास तथा खानेपानी मन्त्रालयको पुस मसान्तसम्मको अन्य उपलब्धिहरु

- लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको प्रदेश राजधानी परिसरमा प्रशासनिक भवनहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- आवास व्यवस्था तथा सहरी विकास तर्फका कुल १२८८ मध्ये ५७ वटा आयोजना सम्पन्न गरिएको छ।
- कुल ११ कार्यालय भवन निर्माण गरिएको छ।
- प्रदेशमा विभिन्न कार्यक्रम मार्फत् कुल ४५१९ वटा खानेपानी धारा जडान गरिएको छ।
- कुल ९८ वटा ट्याङ्की, १६ वटा बोरिङ र ७५ वटा इन्टेक निर्माण कार्य सम्पन्न गरिएको छ।

❖ यस मन्त्रालय अन्तर्गतबाट कार्यान्वयन भएका विभिन्न खानेपानी तथा सरसफाइ कार्यक्रमहरू मार्फत् चालु आ.व. को पौष मसान्तसम्म प्रदेशमा कुल ४५२१ घरधुरी एवं २१९७२ जनसंख्या लाभान्वित भएका छन्।

*तालिका ३.३७ सहरी विकास तथा खानेपानी मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | ३२२९८५ | ५६४४३८६ | ५९६७३७१ | २०.९३ | ९.०३ | ९.६८ |
| २०७९/८० | ४३४७७४ | ६५०९३२६ | ६९४४१०० | २०.३१ | १९.८१ | १९.८४ |
| २०८०/८१ | २४२२९२ | ५७०९६६० | ५९५१९५२ | ३०.०१ | २०.०८ | २०.४९ |
| २०८१/८२ | २५९३०० | ५१५००५५ | ५४०९३५५ | २७.५२ | १९.९२ | २०.२९ |
| २०८२/८३ | २६२००० | ५३५८३८० | ५६२०३८० | ३१.७७ | १६.७२ | १७.४२ |

## ३.१३ सामाजिक विकास मन्त्रालय

*तालिका ३.३८ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (शिक्षा तर्फ)*

| बुँदा नं. | नीति (शिक्षा तर्फ) | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १०३ | प्राविधिक एवम् उच्च शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, सर्वसुलभ र समयसापेक्ष बनाउन प्रादेशिक शिक्षा नीति तर्जुमा गरिनेछ। | प्रादेशिक शिक्षा नीति तर्जुमा | प्रारम्भिक तयारीका लागि छलफल भएको |
| १०४ | सामुदायिक विद्यालयप्रति सरोकारवालाको अपनत्व बढाउन "मेरो विद्यालय मेरो दायित्व" अभियानलाई सबै विद्यालयमा विस्तार गरिनेछ। स्थानीय पाठ्यक्रममा सकारात्मक सोच, योग, ध्यान, मानव मूल्य तथा खुसी अभिबृद्धि गर्ने विषय समावेश गर्न प्रोत्साहन गरिनेछ। | मेरो विद्यालय मेरो दायित्व विस्तार कार्यक्रम | नभएको |
| | | स्थानीय पाठ्यक्रममा सकारात्मक सोच योग ध्यान मानव मुल्य तथा खुसी विषय समावेश | प्रकृयामा रहेको |

| | | | |
|---|---|---|---|
| १०५ | प्राज्ञिक अनुसन्धान, वैज्ञानिक सोच र नवप्रवर्तनका लागि विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित (स्टेम) शिक्षालाईविस्तार गर्दै लगिनेछ। उच्च शिक्षामा अनुसन्धानलाई प्रदायक शिक्षण सिकाइको अभिन्न अङ्ग बनाउँदै विद्यार्थीको सहभागितामा गराइने अनुसन्धानका लागि "अनुसन्धान वृत्ति कार्यक्रम" सञ्चालन गरिनेछ। | स्टेममा आधारित सिकाई व्यवस्थापनका लागि शिक्षकको क्षमता विकास तालिम<br>माध्यमिक तहका शिक्षकका लागि प्रविधिमैत्री शिक्षण तालिम | तालिम प्याकेज निर्माणको कार्य भैरहेको |
| १०६ | शैक्षिक गुणस्तर सुधारका लागि उच्च शिक्षामा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ। भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाई विपद्को अवस्थामा पनि शिक्षण सिकाइको निरन्तरता हुने व्यवस्था मिलाइनेछ। | नमुना सामुदायिक क्याम्पस र अन्य सामुदायिक क्याम्पस पूर्वाधार सहयोग कार्यक्रम | प्रस्ताव संकलनको कार्य भएको |
| १०७ | प्रदेश सरकार, औद्योगिक प्रतिष्ठान र उच्च शिक्षा संस्थाहरूको सहकार्यमा जनशक्तिको आवश्यकता प्रक्षेपण गरी तद्रुप जनशक्ति विकास गर्दै जाने व्यवस्था मिलाइनेछ। | जनशक्तिको आवश्यकता प्रक्षेपण | नभएको |
| १०८ | प्रदेश गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्राविधिक विश्वविद्यालयको भौतिक तथा अन्य संरचना विकास गरी प्राविधिक उच्च शिक्षाको उत्कृष्ट केन्द्रको रुपमा विकास गर्दै लगिनेछ। विदेशी विद्यार्थीलाई आकर्षित गर्न छात्रवृत्तिको समेत व्यवस्था गरिनेछ। विश्वविद्यालयबाट उत्पादित जनशक्तिलाई इन्टर्नसीप तथा स्वयंसेवाका लागि परिचालन गर्ने व्यवस्था मिलाइनेछ। | निरन्तर सञ्चालनामा रहेको | |
| १०९ | विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच नभएका तथा पहुँच कम भएका दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, मुक्तकमैया, कम्लहरी,पिछडावर्ग, विपन्न वर्गलगायत लक्षित समुदायको शिक्षामा पहुँच बढाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासको आदान प्रदान गर्ने कार्यमा सहजीकरण गरिनेछ। | विभिन्न प्रकृतिका छात्रवृतिका कार्यक्रम | निवेदन संकलनको कार्य सम्पन्न भएको |
| ११० | "पढ्दै, सिक्दै, कमाउँदै" अवधारणा बमोजिम प्राविधिक शिक्षालय र उच्च शिक्षा प्रदायक संस्थालाई उत्पादन इकाइको रूपमा समेत विकास गर्न स्थानीय तह, शिक्षालय तथा उच्च शिक्षा प्रदायक संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। | प्राविधिक विद्यालय शिक्षालयहरुको साझेदारीमा पढ्दै कमाउँदै कार्यक्रम | पढ्दै सिक्दै कमाउँदै कार्यविधि, २०८२ तयार भएको |
| १११ | "शिक्षासँगै सीप पनि" अभियान अन्तर्गत युवा विद्यार्थीलाई उद्यमशील बनाउन र रोजगारीका अवसरहरु बृद्धि गर्न प्रत्येक विद्यार्थीले सम्बन्धित शैक्षिक संस्था मार्फत् कम्तिमा एउटा नवप्रवर्तनमा आधारित सीपमूलक तालिम लिने व्यवस्था मिलाइनेछ। | कक्षा १२ का विद्यार्थीलाई जीवनोपयोगी सीप तालिम | नभएको |
| ११२ | प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालय मध्येबाट छनौट गरिएको एउटा शिक्षालयलाई नमूनाको रूपमा विकास गर्न शैक्षिक एवम् प्रविधिमैत्री पूर्वाधार तथा संरचना निर्माण कार्यमा सहयोग पुर्‍याईनेछ। | नमुना शिक्षालय विकास कार्यक्रम | कार्यविधि तयार भएको |
| ११३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई निजी, गैरसरकारी क्षेत्र, उद्योगी एवम् व्यवसायीको सहभागितामा बजारको आवश्यकतामा आधारित सीप विकास तालिम, औद्योगिक प्रशिक्षार्थी तालिम, वृत्ति | औद्योगिक प्रशिक्षार्थी तालिम<br>वृत्ति मार्गदर्शन | सञ्चालन भएको<br>सञ्चालन भएको |

| | | | |
|---|---|---|---|
| | मार्गदर्शन, अनौपचारिक तथा अरीतिक सिकाइको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ। | अनौपचारिक तथा अरीतिक सिकाइको परीक्षण र प्रमाणीकरण | सूचना प्रकाशन भएको |
| ११४ | प्रयोगशाला, पुस्तकालय, नवप्रवर्तन इकाइ, उत्पादन इकाइ, ज्ञान व्यवस्थापन इकाइ जस्ता संरचना तथा पूर्वाधारको विकास एवम् विस्तार गरी शिक्षालाई सीप विकास, नवप्रवर्तन र उद्यमशीलता उन्मूख बनाइनेछ। | प्रयोगशाला, पुस्तकालय, नवप्रवर्तन इकाइ, | अख्तियारी पठाइएको विद्यालय छनोटको लागि पत्राचार भएको |
| ११५ | स्थानीय तहसँगको सहकार्यमा शिक्षक तथा विद्यार्थीको प्रतिभा पहिचान एवम् प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। | शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | प्रकृयामा रहेको |
| ११६ | माध्यमिक शिक्षा परीक्षा (SEE) मा प्राप्त नतिजाको आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ। विद्यार्थीको सिकाइ उपलब्धिमा शिक्षकलाई जिम्मेवार र जवाफदेही बनाउँदै लगिनेछ। अवकाशप्राप्त प्राध्यापक तथा शिक्षकको ज्ञान, सीप र अनुभवलाई शैक्षिक उन्नयनमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ। गणित र विज्ञान विषयको नतिजा सुधारका लागि शिक्षकलाई तालिम र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। | सामुदायिक तथा संस्थागत विद्यालय अनुभव आदान प्रदान कार्यक्रम | प्रकृयामा रहेको |
| | | नतिजाका आधारमा विद्यालय प्रोत्साहन कार्यक्रम | अख्तियारी पठाइएको |
| | | गणित विज्ञान शिक्षकको क्षमता विकासका लागि प्राविधिक सहयोग कार्यक्रम | अख्तियारी पठाइएको |
| | | स्थानीय तह अवकास प्राप्त शिक्षकसँगको समन्वयमा एसइइ सुधार कार्यक्रम | प्रकृयामा रहेको |
| ११७ | लुम्बिनी प्राविधिक विश्वविद्यालय, सूचना तथा सनचार प्रविधि प्रतिष्ठान, शिक्षा तालिम केन्द्र र नवप्रवर्तन केन्द्रको प्राविधिक सहयोगमा शिक्षण विधि र पद्धतिमा सुधार तथा रूपान्तरण गर्दै लगिनेछ। | विशेष शिक्षा अन्तर्गत स्मार्ट विद्यालय सञ्चालन | प्रदेशका ७ जिल्लामा कार्यान्वयन गर्ने गरी अख्तियारी पठाएको |
| ११८ | माध्यमिक शिक्षा (कक्षा ११ र १२) र उच्च शिक्षामा अध्ययनरत लक्षित वर्ग, क्षेत्र, लिङ्ग र समुदायका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराई शिक्षामा पहुँच र सहभागिता विस्तार गर्दै लगिनेछ। | सामुदायिक अध्ययनरत मुक्त कमैया कम्लहरी मुस्लिम र दलित समुदायका छात्राहरुलाई कक्षा ११ र १२ मा अध्ययनका लागि मासिक रु. १००० का दरले छात्रवृत्ति | आवदेन संकलनको कार्य सम्पन्न भएको |
| | | सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति | आवेदन संकलन भएको |
| ११९ | विशेष शिक्षा सञ्चालन गर्ने स्रोत कक्षालाई दिँदै आएको सहायतालाई निरन्तरता दिइनेछ। मदरसा, गुरुकुल र गुम्बा जस्ता परम्परागत विद्यालयलाई अन्य विद्यालय सरह नियमन तथा सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ। | मदरसा शिक्षाको प्रोफाइल तयारी र प्रकाशन | नभएको |
| | | परम्परागत विद्यालय (गुरुकुल तथा गुम्बा) को प्रोफाइल तयारी र प्रकाशन | नभएको |

| | | | |
|---|---|---|---|
| १२० | मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहमा सञ्चालित विद्यालयमध्ये विद्यार्थी संख्या धेरै भएका स्कुलमा विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमलाई विस्तार गर्दै लैजाने व्यवस्था मिलाइनेछ। | विद्यालय स्वास्थ्यकर्मी विस्तार कार्यक्रम | जिल्ला छनोट भइ विद्यालय छनोटका कार्य भैरहेको |
| १२१ | साक्षरता, निरन्तर शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई निरन्तरता दिदै साक्षरतालाई जीवनोपयोगी सीपसँग आवद्ध गरिनेछ। नेपाल सरकारसँगको समन्वय र सहकार्यमा अनौपचारिक शिक्षाको समकक्षता निर्धारणका लागि आवश्यक सहजीकरण गरिनेछ। | साक्षर प्रदेश जीवनोपयोगी शिक्षा सीपको लागि कार्यक्रम सञ्चालन | साक्षर प्रदेश घोषणा भएको |
| १२२ | बालबालिकाको शिक्षा पाउने मौलिक हक सुनिश्चित गर्दै स्थानीय तहको समन्वयमा विद्यार्थी संख्या कम भएका विद्यालयलाई मर्जरमा जान प्रोत्साहन गरिनेछ। | विद्यालय मर्जरका लागि स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम | प्रकृयामा रहेको |
| १२३ | सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीलाई सरकारी अस्पतालमा उपचारका लागि छुट एवम् सहुलियत प्रदान गर्न सम्भाव्यता अध्ययन गरिनेछ। | शिक्षक तथा विद्यालय कर्मचारीलाई सरकारी अस्पतालमा उपचारका लागि छुट एवम् सहुलियत प्रदान गर्न सम्भाव्यता अध्ययन | प्रकृयामा रहेको |
| १२४ | आङ्गिक क्याम्पस नभएका जिल्लामा सञ्चालित सामुदायिक क्याम्पसमध्ये बढी विद्यार्थी अध्ययनरत रहेका एक एक वटा क्याम्पसलाई नमूना सामुदायिक क्याम्पसका रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | नमुना सामुदायिक क्याम्पस विकास कार्यक्रम | प्रस्ताव संकलनको कार्य भएको |

*तालिका ३.३९ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (सामाजिक तर्फ)*

| बुँदा नं. | सामाजिक विकास तर्फ | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२७ | स्थानीय तहका महिला जनप्रतिनिधिहरुलाई नेतृत्व विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम | - |
| १२५ | नीति निर्माणमा लैङ्गिक सवालहरुको प्रवोधिकरण सम्बन्धी प्रदेश सभाका महिला सदस्यहरुको अन्तरक्रिया कार्यक्रम | - |
| १३३ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुको अन्तरक्रिया कार्यक्रम | - |
| | लैङ्गिक उत्तरदायी योजना तर्जुमा कार्यक्रम र बजेट सम्बन्धी छलफल | - |
| | स्थानीय तहका सामाजिक विकास महाशाखाका कर्मचारीको क्षमता विकास तालिम | - |
| १२८ | महिला कानून व्यवसायीहरुको क्षमता विकास तालिम | सम्पन्न |
| | लैङ्गिक हिंसा पीडित र प्रभावितहरुका लागि मनोसामाजिक परामर्श तालिम | - |
| | घरेलु हिंसा पीडित महिलाको संरक्षण र पुर्नस्थापनाका लागि सुरक्षित अवास गृह सेफ हाउस सञ्चालन तथा व्यवस्थापन सहयोग | प्रक्रियामा रहेको |
| १३३ | एकल महिलासँगको प्रादेशिक अन्तरक्रिया कार्यक्रम | - |

| | | |
|---|---|---|
| १२८ | संघीय सरकार सँगको सहलगानीमा दाङ्गको घोराहीमा लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको लागि प्रदेश स्तरीय दिर्घाकालिन पुर्नस्थापना केन्द्र निर्माण (बहुवार्षिय) | प्रक्रियामा रहेको |
| १२८ | महिला परिषदबाट सञ्चालन हुने सीप विकास, सशक्तिकरण तथा सामाजिक चेतना जगरण सम्बन्धी विविध कार्यक्रम | प्रक्रियामा रहेको |
| १२५ | अपाङ्गता तथा ज्येष्ठ नागरिकको प्रादेशिक कानुन निर्माण | प्रक्रियामा रहेको |
| | प्रदेश शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन | प्रक्रियामा रहेको |
| १२९ | प्रदेशमा बालबालिकाको स्थिती सम्बन्धी अध्ययन र प्रतिवेदन प्रकाशन | - |
| १२९ | आपतकालिन अवस्थाका बालबालिकाको उद्धार तथा संरक्षणका लागि बालकोष स्थापना र सञ्चालन | - |
| १२९ | प्रदेश स्तरीय किशोरी सञ्जालसँग अन्तरक्रिया तथा छलफल | - |
| १३१ | प्रदेश भित्रका सबै जिल्लाका ज्येष्ठ नागरिक संघसँगको प्रादेशिक अन्तरक्रिया | - |
| | ज्येष्ठ नागरिक सम्बन्धी प्रादेशिक समिति गठन तथा बैठक सञ्चालन | - |
| | प्रदेश स्तरीय ज्येष्ठ नागरिक वृद्धाश्रम निर्माण सम्बन्धी संभाव्यता अध्ययन | - |
| १३२ | विपद् संरक्षण विषयगत क्षेत्रको बैठक सञ्चालन र कार्ययोजना निर्माण | - |
| १२५ | प्रादेशिक स्तरमा विभिन्न विषयगत समितिहरुको बैठक सञ्चालन तथा व्यवस्थापन खर्च | प्रक्रियामा रहेको |
| १३३ | दलित अधिकार प्रवर्द्धनका लागि समितिबाट संचालित हुने विविध कार्यक्रम | विधेयक निर्माण भई प्रकृयामा रहेको |
| १३३ | सामाजिक न्याय र समावेशिताको आधारशिलाको रुपमा दलितको परम्परागत ज्ञान सीप हस्तकला तथा सिर्जनात्मक कलाको संरक्षण प्रवर्द्धन गर्दै आधुनिक उद्यमशिलता सँग जोड्ने विविध कार्यक्रम संचालन | प्रक्रियामा रहेको |
| | संघ संस्थासँगको समन्वयमा दोभाषे जनशक्ति व्यवस्थापन | प्रक्रियामा रहेको |
| | साङ्केतिक भाषामा समाचार प्रसारणका लागि सञ्चार संस्थासँग समन्वय | सम्झौता भई कार्यान्वयनमा रहेको |
| १३० | सडक मानवमुक्त प्रदेश निर्माणका लागि सहयोग | कार्यविधि निर्माण को मस्यौदा तयार भई प्रक्रियामा रहेको |
| १२९ | बालअधिकार समितिको चौमसिक बैठक | एक पटक बसेको |

*तालिका ३.४० बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (शिक्षा तर्फ)*

| बुँदा नं. | बजेट बक्तव्यमा भएको | सम्बन्धित कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| ७३ | गुणस्तरीय र आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध गरेको छु। सीपमूलक र प्राविधिक शिक्षा विस्तार गरी रोजगारीका अवसर सिर्जना गरिनेछ। उच्च शिक्षालाई अनुसन्धानमूलक, नवप्रवर्तनमुखी र व्यावसायिक बनाउँदै लैजाने व्यवस्था मिलाएको। | स्मार्ट विद्यालय कार्यक्रम, प्रविधिमैत्री शिक्षक तालिम कार्यक्रम, कक्षा १२ का विद्यार्थीका लागि सीपमुलक तालिम कार्यक्रम | कार्यविधि तर्जुमा कार्य सम्पन्न भई प्याकेज निर्माणको क्रममा रहेको |

| | | | |
|---|---|---|---|
| ७४ | शिक्षामा लक्षित वर्ग र समुदायको पहुँच बढाउन छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न ७ करोड ५० लाख विनियोजन गरेको। | विद्यालय तह कक्षा ११ र १२ तथा उच्च शिक्षा छात्रवृतिका कार्यक्रम | निवेदक संकलनको कार्य सम्पन्न भएको |
| ७५ | मेरो विद्यालय मेरो दायित्व अभियानलाई सबै विद्यालयमा विस्तार गर्दै लैजाने व्यवस्था मिलाएको छु। सामुदायिक विद्यालयको गुणस्तर सूधार गर्न शैक्षिक जागरण, प्रतिभा पहिचान र शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम र सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न रु. ५ करोड विनियोजन गरेको छु। | मेरो विद्यालय मेरो दायित्व, नतिजाका आधारमा विद्यालय प्रोत्साहन, गणित विज्ञान विषय शिक्षकहरुको प्राविधिक क्षमता विकास कार्यक्रम | प्रक्रियामा रहेको |
| ७६ | विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित (स्टेम शिक्षा) लाई विस्तार गर्दै लगिनेछ। उच्च शिक्षामा अनुसन्धान, वैज्ञानिक सोच र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै अनुसन्धान वृत्ति कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको। | स्टेममा आधारित सिकाई व्यवस्थापनका लागि शिक्षकको क्षमता विकास तालिम | तालिम प्याकेज निर्माणको क्रममा रहेको |
| ७७ | पढ्दै सिक्दै, कमाउँदै र शिक्षासँगै सीप पनि भन्ने नारालाई सार्थक तुल्याउन सीपमुलक तालिम तथा इन्टर्नसिपमा सहभागी गराउँदै उद्यमशीलता उन्मुख गराउने तथा स्वयंसेवकको रूपमा परिचालन गराउन रु २ करोड ५० लाख | प्राविधिक विद्यालय शिक्षालय तथा सामुदायिक क्याम्पसहरुको साझेदारीमा पढ्दै कमाउँदै कार्यक्रम | कार्यविधि निर्माणको कार्य सम्पन्न भएको |
| ७८ | प्रदेश गौरवको आयोजनाको रूपमा रहेको लुम्बिनी प्राविधिक विश्वविद्यालयको भौतिक तथा अन्य संरचना विकास गरी प्राविधिक शिक्षाको उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न रु ११ करोड विनियोजन भएको। | निरन्तर कार्यान्वयनमा रहेको | |
| ७९ | स्थानीय तहसँगको समन्वय र सहकार्यमा गरिवीको सघनता भएका स्थान लक्षित सीपमूलक तालिम, आय आर्जन र रोजगारीका विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको। | | |
| ८० | अवकाशप्राप्त प्राध्यापक तथा शिक्षकको ज्ञान, सीप र अनुभवलाई शैक्षिक उन्नयनमा उपयोग गर्ने व्यवस्था मिलाउनुको साथै गणित र विज्ञान विषयको नतिजा सुधारका लागि शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको। | स्थानीय तह अवकास प्राप्त शिक्षकसँगको समन्वयमा एसइइ सुधार कार्यक्रम | प्रक्रियामा रहेको। |
| ८१ | राप्ती प्राविधिक शिक्षालयको भौतिक पूर्वाधार निर्माणका लागि रकम रु ६ करोड विनियोजन गरेको। | निरन्तर रहेको | कार्यान्वयन प्रक्रियामा रहेको। |

*तालिका ३.४१ बजेट वक्तव्यको पुस मसान्त सम्मको प्रगति (सामाजिक तर्फ)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२७ | स्थानीय तहका महिला जनप्रतिनिधिहरुलाई नेतृत्व विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम | - |
| १२५ | नीति निर्माणमा लैङ्गिक सवालहरुको प्रवोधिकरण सम्बन्धी प्रदेश सभाका महिला सदस्यहरुको अन्तरक्रिया कार्यक्रम | - |
| १३३ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुको अन्तरक्रिया कार्यक्रम | - |
| | लैङ्गिक उत्तरदायी योजना तर्जुमा कार्यक्रम र बजेट सम्बन्धी छलफल | - |
| | स्थानीय तहका सामाजिक विकास महाशाखाका कर्मचारीको क्षमता विकास तालिम | - |
| १२८ | महिला कानून व्यवसायीहरुको क्षमता विकास तालिम | सम्पन्न |
| | लैङ्गिक हिंसा पीडित र प्रभावितहरुका लागि मनोसामाजिक परामर्श तालिम | - |
| | घरेलु हिंसा पीडित महिलाको संरक्षण र पुर्नस्थापनाका लागि सुरक्षित अवास गृह सेफ हाउस सञ्चालन तथा व्यवस्थापन सहयोग | प्रक्रियामा रहेको |
| १३३ | एकल महिलासँगको प्रादेशिक अन्तरक्रिया कार्यक्रम | - |
| १२८ | संघीय सरकार सँगको सहलगानीमा दाङ्गको घोराहीमा लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको लागि प्रदेश स्तरीय दिर्घाकालिन पुर्नस्थापना केन्द्र निर्माण (बहुवार्षिय) | प्रक्रियामा रहेको |
| १२८ | महिला परिषदबाट सञ्चालन हुने सीप विकास, सशक्तिकरण तथा सामाजिक चेतना जगरण सम्बन्धी विविध कार्यक्रम | प्रक्रियामा रहेको |
| १२५ | अपाङ्गता तथा ज्येष्ठ नागरिकको प्रादेशिक कानुन निर्माण | प्रक्रियामा रहेको |
| | प्रदेश शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन | प्रक्रियामा रहेको |
| १२९ | प्रदेशमा बालबालिकाको स्थिती सम्बन्धी अध्ययन र प्रतिवेदन प्रकाशन | - |
| १२९ | आपतकालिन अवस्थाका बालबालिकाको उद्धार तथा संरक्षणका लागि बालकोष स्थापना र सञ्चालन | - |
| १२९ | प्रदेश स्तरीय किशोरी सञ्जालसँग अन्तरक्रिया तथा छलफल | - |
| १३१ | प्रदेश भित्रका सबै जिल्लाका ज्येष्ठ नागरिक संघसँगको प्रादेशिक अन्तरक्रिया | - |
| | ज्येष्ठ नागरिक सम्बन्धी प्रादेशिक समिति गठन तथा बैठक सञ्चालन | - |
| | प्रदेश स्तरीय ज्येष्ठ नागरिक वृद्धाश्रम निर्माण सम्बन्धी संभाव्यता अध्ययन | - |
| १३२ | विपद् संरक्षण विषयगत क्षेत्रको बैठक सञ्चालन र कार्ययोजना निर्माण | - |

| | | |
|---|---|---|
| १२५ | प्रादेशिक स्तरमा विभिन्न विषयगत समितिहरुको बैठक सञ्चालन तथा व्यवस्थापन खर्च | प्रक्रियामा रहेको |
| १३३ | दलित अधिकार प्रवर्द्धनका लागि समितिबाट संचालित हुने विविध कार्यक्रम | विधेयक निर्माण भई प्रकृयामा रहेको |
| १३३ | सामाजिक न्याय र समावेशिताको आधारशिलाको रुपमा दलितको परम्परागत ज्ञान सीप हस्तकला तथा सिर्जनात्मक कलाको संरक्षण प्रवर्द्धन गर्दै आधुनिक उद्यमशिलता सँग जोड्ने विविध कार्यक्रम संचालन | प्रक्रियामा रहेको |
| | संघ संस्थासँगको समन्वयमा दोभाषे जनशक्ति व्यवस्थापन | प्रक्रियामा रहेको |
| | साङ्केतिक भाषामा समाचार प्रसारणका लागि सञ्चार संस्थासँग समन्वय | सम्झौता भई कार्यान्वयनमा रहेको |
| १३० | सडक मानवमुक्त प्रदेश निर्माणका लागि सहयोग | कार्यविधि निर्माण को मस्यौदा तयार भई प्रकृयामा रहेको |
| १२९ | बालअधिकार समितिको चौमसिक बैठक | एक पटक बसेको |

## सामाजिक विकास मन्त्रालयको पुस मसान्तसम्मको उपलब्धी

- अपाङ्गता रोकथाम तथा पूर्नस्थापना कार्यविधि,२०८२ प्रदेश सरकार मन्त्रिपारिषद्बाट स्वीकृत
- दलित अधिकार सम्बन्धी विधेयक सदनमा पेश,
- सहयोगापेक्षी सडक आश्रित मानव मुक्त प्रदेश निर्माण कार्यविधि, २०८२, सैद्धान्तिक सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
- स्मार्ट विद्यालय सञ्चालन कार्यविधि, २०८२
- विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
- पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- नमुना विद्यालय शिक्षालय कार्यक्रम व्यवस्थापन कार्यविधि, २०८२
- नमुना सामुदायिक क्याम्पस तथा अन्य क्याम्पसको पूर्वाधार विकास छनोट मापदण्ड, २०८२
- थारु प्रथाजनीत प्रणाली मुल्य मान्यता तथा असल अभ्यासलाई संस्थागत गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सहमतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश
- नवप्रवर्तनकेन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश।

*तालिका ३.४२ सामाजिक विकास मन्त्रालयको पुस मसान्तसम्मको वित्तीय प्रगति (रु.हजारमा)*

| आर्थिक वर्ष | चालु तर्फको बजेट | पुँजीगत तर्फको बजेट | जम्मा बजेट | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | १९३३२२९ | ८१४८३० | २७४८०५९ | १३.८१ | १२.२४ | १३.३५ |
| २०७९/८० | २०९२९९१ | ७२०५५३ | २८१३५४४ | २१.४१ | १७.७७ | २०.४८ |
| २०८०/८१ | २४८८५४० | ३९९२१० | २८८७७५० | १८.१७ | ११.०८ | १७.१९ |
| २०८१/८२ | १६९३७०८ | ११५०५२५ | २८४४२३३ | १४.७८ | ५.६० | ११.०६ |
| २०८२/८३ | २३५४८७४ | १२६२६६३ | ३६१७५३७ | १०.०७ | ४.०० | ७.९५ |

## ३.१४ स्वास्थ्य मन्त्रालय

*तालिका ३.४३ नीति तथा कार्यक्रमको पुस मसान्तसम्मको प्रगति (स्वास्थ्य मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४० | सुरक्षित मातृत्व अभियान अन्तर्गत ANC to PNC निशुल्क प्याकेज , दुर्गम स्थानको लागि निशुल्क हवाई उद्दार सेवा संचालनका लागि नेपाल सरकारसंग समन्वय गरिनेछ. सेवाग्राहीको चाप, भौगोलिक अवस्था, दक्ष स्वास्थ्यकर्मीको उपलब्धताको आधारमा सुरक्षित प्रसुती सेवालाई संघ र स्थानीय तहसँगको समन्वयमा रणनीतिक स्थान संचलनका लागि प्रोत्साहन गरिनेछ. जनसंख्या व्यवस्थापनका लागि परिवार योजना कार्यक्रमलाई निरन्तरता दिईनेछ. स्थानीय तह संगको समन्वयमा ग्रामिण अल्ट्रा साउण्ड देव र दक्ष प्रसुतिकर्मी सेवालाई अभियानको रुपमा अगाडि बढाईनेछ। | "सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८२/८३ तर्जुमा भई सोहीअनुसार विभिन्न कार्यालयहरुमा आवश्यक बजेट बाँडफाँड भई कार्यक्रम कार्यन्वयनमा रहेको। |
| १४१ | "मानसिक स्वास्थ्यमा सुधार:स्वस्थ नागरिक लुम्बिनीको आधार" भन्ने नाराका साथ बढ्दो मानसिक स्वास्थ्यको समस्या तथा आत्महत्याको रोकथाम र उपचारको लागि स्वास्थ्य संस्था र समुदायस्तरमा योग, ध्यान तथा मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८१-२०८६) कार्यान्वयन गरिनेछ। विद्यालय नर्स तथा रोभिङ नर्स कार्यक्रमलाई क्रमशः सबै स्थानीय तहसम्म विस्तार गरिनेछ। | लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८१-२०८६) बमोजिम योग, ध्यान तथा मनोसामाजिक परामर्श लगायतका कार्यहरु निरन्तर कार्यान्वयनमा रहेको। |

| | | |
|---|---|---|
| १४२ | "मेरो स्वास्थ्यः मेरो जिम्मेवारी" भन्ने तथ्यलाई आत्मसात् गर्दै स्वस्थकर जीवनशैलीका लागि शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक स्वास्थ्य प्रवर्धन गर्न ध्यान, योग र खुल्ला व्यायामशाला, स्वास्थ्यका लागि खेलकुद, स्थानीय कृषि उपज तथा रैथाने बालीको उपभोग तथा भान्सा सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ। बढ्दो नसर्ने रोगको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखी क्रमशः सबै स्थानीय तहमा विस्तार गर्दै लगिनेछ। विद्यालयमा "विद्यार्थी स्वास्थ्य क्लब" गठन तथा परिचालन र स्वास्थ्य परीक्षणको अभिलेखीकरण प्रणाली विकास गर्दै लगिनेछ। | संक्रामक रोग न्यूनीकरण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन मार्गदर्शन २०८२/०८३ तर्जुमा भई सोहीअनुसार विभिन्न कार्यालयहरुमा आवश्यक बजेट विनियोजन गरी कार्यक्रम कार्यन्वयनमा रहेको। चालु आ.व. मा १५ वटा खुला ब्यायामशाला निर्माण गर्न बजेट विनियोजन गरी कार्यान्वयनमा रहेको। |
| १४३ | रापती प्रादेशिक अस्पताललाई दुई सय शैय्याको अस्पतालमा स्तरोन्नति गरी सेवा विस्तार गरिनेछ। पचास शैय्यामा सञ्चालनमा रहेका पूर्वाधार तथा मापदण्ड पूरा गरेका अस्पतालहरुलाई क्रमशः स्तरोन्नति गर्दै लगिनेछ। अस्पतालहरुमा स्वास्थ्य प्रवर्धन कक्ष, बाँझोपन व्यवस्थापन सेवा, जन्मजात विकलाङ्ग परीक्षण सेवा, नवजात शिशु सघन उपचार इकाइ, जलन उपचार कक्ष, स्तनपान व्यवस्थापन इकाइ, आमाको दुग्ध संकलन बैङ्क, निःशुल्क रक्तसञ्चार सेवा र जेष्ठ नागरिक उपचार सेवा तथा प्रसामक सेवा विस्तार गर्दै लगिनेछ। दुर्गम तथा बिरामीको चाप रहेको स्थानमा विशेषज्ञ एवम् शल्यक्रिया सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। | रापती प्रादेशिक अस्पताललाई दुई सय शैय्याको अस्पतालमा स्तरोन्नतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको र प्रक्रियामा रहेको। न्युनतम सेवा मापदण्डको मुल्यांकन गरी अस्पतालहरुको सुदृढीकरण गरिएको। विभिन्न दुर्गम क्षेत्रमा शिविर संचालनको तयारी भईरहेको। |
| १४४ | प्रदेश मातहतका अस्पतालमा सञ्चालनमा रहेको डाईलाइसिस सेवालाई विस्तार गर्दै लगिनेछ। मुटुको भल्भ प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा प्रति व्यक्ति दुई लाख रुपैयाँको सहुलियत र आँखाको नानीको निःशुल्क प्रत्यारोपण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। | हाल सम्म निम्न बमोजिम क्यान्सर, मुटुको भल्भको उपचार र मृगौला प्रत्यारोपणको लागि सहुलियत प्रदान गरिएकोः क्यान्सर : ६७४, मुटुको भल्भ : ७ र मृगौला प्रत्यारोपण : २१ |
| १४५ | "मोबाइल एपको प्रभावकारी प्रयोग, स्वास्थ्य सेवाको उच्चतम उपयोग" भन्ने नाराका साथ लुम्बिनी प्रदेशको प्रमुख स्वास्थ्य समस्याका रुपमा रहेको महिला तथा बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको निरन्तर निगरानीका लागि सामुदायिक स्वास्थ्य सूचना प्रणाली कार्यक्रम लाई विस्तार गरिनेछ। | चालु आ.व.मा नवलपरासी (व.सुस्ता पश्चिम) जिल्लामा कार्यक्रम विस्तार गरिएको। |
| १४६ | मदिरा, सुर्तिजन्य तथा लागु औषधको दुर्व्यसनी नियमन तथा नियन्त्रण लागि विद्यमान कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्दै "हरेक नीतिमा स्वास्थ्य" को विषय समावेशका लागि पैरवी गरिनेछ। स्वस्थकर आहारका लागि प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। | हरेक नीतिमा स्वास्थ्यः कार्यान्वयन प्रारूप तयारीको लागि प्राविधिक कार्यदल निर्माण गरी आवश्यक कार्यको सुरुवात गरिएको। |
| १४७ | सिकलसेल, थालासेमिया र हेमोफिलिया रोगको सचेतना, स्क्रिनिङ्ग र बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। बिरामीहरुको तथ्यांकका लागि HDHMIS को विकास गरी कार्यन्वयन गरिनेछ। बर्दिया जिल्लामा रोगको उपचारका लागि निर्मित अस्पताल भवनमा सेवा सञ्चालनको लागि समन्वय तथा सहजीकरण गरिनेछ। | सिकलसेल, थालासेमिया र हेमोफिलिया रोगको स्क्रिनिङ्ग सुचिकृत स्वास्थ्य संस्थाबाट निरन्तर भईरहेको |

| | | |
|---|---|---|
| १४८ | लुम्बिनी प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा मेडिकल शिक्षा अध्यापनका लागि सम्भाव्यता अध्ययन गर्न सङ्घीय सरकारसँग सहकार्य गरिनेछ। प्रदेश मातहतका अस्पतालहरुबाट प्रदान गरिने गुणस्तरीय स्वास्थ्य सेवाका लागि जनशक्ति पदपूर्ति, औषधी तथा स्वास्थ्यजन्य सामग्री, औजार उपकरणहरुको उचित व्यवस्थासहित शल्यक्रिया सेवा व्यवस्थित गर्ने तथा विस्तारित स्वास्थ्य सेवा (EHS) लाई प्रभावकारी रुपमा संचालन गरिनेछ। अस्पताल फार्मेसिहरु थप व्यवस्थितगरि संचालन गरिनेछ। | स्वास्थ्य सेवाका लागि जनशक्ति पदपूर्ति, औषधी तथा स्वास्थ्यजन्य सामग्री, औजार उपकरणहरुको उचित व्यवस्थासहित शल्यक्रिया सेवा व्यवस्थित गर्ने तथा विस्तारित स्वास्थ्य सेवा (EHS) लाई प्रभावकारी रुपमा संचालन गर्न सहकार्य भईरहेको |
| १४९ | स्वास्थ्य संस्थाहरुमा सुशासन, पारदर्शिता र जवाफदेही सेवाको सुनिस्चितताको लागि विद्युतीय प्रविधिको उपयोग गरी प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनेछ। स्वास्थ्य संस्थालाई शान्ति क्षेत्रको रुपमा सञ्चालन एवम् व्यवस्थापन गरिनेछ। स्वास्थ्यसम्बन्धी समस्याको अध्ययन, अनुसन्धान तथा खोज कार्यलाई प्रोत्साहन गरिनेछ। | मन्त्रालय र मातहतका चार पांग्रे सवारीसाधनहरुको निरन्तर जी.पी.एस. अनुगमन गरिएको। स्वास्थ्य अनुसन्धानका लागि आवश्यक बजेट विनियोजन गरिएको। |
| १५० | चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिबृद्धि, वृत्ति विकास तथा स्थायित्वको लागि विकास साझेदार, वित्तीय तथा शैक्षिक संस्थासँग सहकार्य गरिनेछ। प्रदेश मातहतका दुर्गम क्षेत्रका अस्पतालमा चिकित्सकीय सेवाहरु परिचालनका लागि प्रोत्साहन उपलब्ध गराउन सम्भाव्यता अध्ययन गरिनेछ। निजी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवामा सहजीकरण गर्दै विपन्न नागरिकका लागि निःशुल्क सेवाको सुनिश्चितता गरिनेछ। | निजी अस्पतालहरुलाई संचालन अनुमति दिंदा र नविकरण गर्दा नै १०% शैया विपन्न तथा असहायहरुलाई निःशुल्क उपलब्ध गराउने कानूनी प्रावधान कार्यान्वयन भएको सुनिश्चित गर्ने गरिएको |
| १५१ | मलेरिया, डेंगी, कालाजार, कुष्ठरोग लगायत उष्ण प्रदेशीय उपेक्षित रोगहरु तथा क्षयरोग, हेपाटाइटिस र एच.आई.भी. एड्सको समयमै व्यवस्थापन तथा केशमा आधारित सर्भिलेन्सलाई प्रभावकारी रुपमा संचालनका लागि समन्वय तथा सहजीकरण गरिनेछ। सर्पदंश उपचार सेवामा सबैको पहुँच हुने गरी सुदृढ एवं विस्तार गरिनेछ। | केशमा आधारित सर्भिलेन्सलाई प्रभावकारी रुपमा संचालन गरिएको |

*तालिका ३.४४ बजेट वक्तव्यको पुस मसान्तसम्मको प्रगति (स्वास्थ्य मन्त्रालय)*

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८९ | आधारभूत र आकस्मिक स्वास्थ्य सेवालाई सुलभ र गुणस्तरीय बनाइनेछ। स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि, उपकरण र जनशक्ति आपूर्तिको व्यवस्था मिलाइनेछ। निःशुल्क वितरण गरिने औषधिका लागि रु. ३ करोड र उपकरणका लागि रु.१२ करोड बजेट विनियोजन गरेको छु। | निःशुल्क वितरण गरिने औषधि तथा उपकरणहरु खरिदका लागि बोलपत्र आह्वान भएको मौज्दातमा रहेका औषधि तथा उपकरणहरु नियमित वितरण भैरहेको |

| | | |
|---|---|---|
| ९० | उच्च मातृ तथा नवजात शिशु मृत्युदरलाई कम गर्न "सुरक्षित मातृत्व अभियान अन्तर्गत निःशुल्क पूर्व प्रसुतीदेखि उत्तर प्रसुती सेवा प्याकेज, दुर्गम स्थानमा निःशुल्क हवाइ उद्धार सेवा कार्यक्रमका लागि रु १० करोड विनियोजन गरेको | "सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८२/८३ तर्जुमा भई सोहीअनुसार विभिन्न कार्यालयहरुमा आवश्यक बजेट बाँडफाँट भई कार्यक्रम कार्यन्वयनमा रहेको। |
| ९१ | मानसिक स्वास्थ्यमा सुधारः स्वस्थ जीवनको आधार" भन्ने नाराका साथ बढ्दो मानसिक स्वास्थ्यको समस्या तथा आत्महत्याको रोकथाम र उपचारको लागि नागरिक आरोग्य कार्यक्रम, जीवनशैली परिवर्तन, योग शिविर सञ्चालन र मनोसामाजिक परामर्श लगायतका कार्यक्रमका लागि रु. २ करोड विनियोजन गरेको छ। | जीवनशैली परिवर्तन, योग शिविर सञ्चालन जस्ता क्रियाकलापहरु आयुर्वेद स्वास्थ्य केन्द्रमार्फत संचालनमा रहेको। |
| ९२ | मुटुको भल्भ प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा प्रति व्यक्ति दुई लाख रूपैयाँको सहुलियतलाई निरन्तरता दिएको छ। यसको लागि रु.१० करोड विनियोजन गरेको छ। आँखाको नानीको निःशुल्क प्रत्यारोपण र डाईलाइसिस सेवा विस्तारका लागि बजेट विनियोजन गरेको छ। निःशुल्क रक्तसञ्चार सेवालाई निरन्तरता दिएको छ। | हाल सम्म निम्न बमोजिम क्यान्सर, मुटुको भल्भको उपचार र मृगौला प्रत्यारोपणको लागि सहुलियत प्रदान गरिएकोः क्यान्सर : ६७४ जना, मुटुको भल्भ : ७ जना र मृगौला प्रत्यारोपण : २१ जना। सबै सरकारी अस्पतालबाट (हाल सम्म २७६३ जना) निःशुल्क रक्तसंचार सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको। |
| ९३ | राप्ती प्रादेशिक अस्पतालको क्षमता विकास गरी दुई सय शैय्यामा स्तरोन्नति गर्न रु.५ करोड विनियोजन गरेको छ। प्रदेश राजधानीस्थित भालुवाङ अस्पतालमा विशेषज्ञ सेवा तथा चौबिसै घण्टा आकस्मिक सेवा सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छ। | भालुवाङ अस्पतालमा विशेषज्ञ सेवा तथा चौबिसै घण्टा आकस्मिक सेवा सञ्चालनमा रहेको। राप्ती प्रादेशिक अस्पताललाई दुई सय शैय्याको अस्पतालमा स्तरोन्नतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको र प्रक्रियामा रहेको। |
| ९४ | सिकलसेल एनिमिया, थालासेमिया र हेमोफिलिया रोगको सचेतना र स्क्रिनिङ्गको लागि आवश्यक रकम छुट्याएको छ। | नियमित रुपमा सरकारी अस्पतालहरु मार्फत निःशुल्क स्क्रिनिङ्ग भैरहेको। |
| ९५ | पचास शैय्यामा सञ्चालनमा रहेका अर्घाखाँची अस्पताल सन्धिखर्क, भिम अस्पताल भैरहवा र बर्दिया अस्पतालको भवन निर्माणका लागि बजेट विनियोजन गरेको छ। | भिम अस्पतालका लागि वार्षिक रु.२०००००००० र अर्घाखाँची अस्पतालको लागि रु.१०००००००० विनियोजन गरिएको।<br>बर्दिया अस्पतालको नक्सा निर्माण भई बहुवर्षीय योजना स्वीकृतिका लागि प्रक्रियामा रहेको। |
| ९६ | निर्माणाधीन स्वास्थ्य कार्यालय प्युठान, रुकुम (पूर्व) अस्पताल, ट्रमा सेण्टर, लमहीको लागि रु.८ करोड विनियोजन गरेको छ। साथै, प्रदेशस्तरीय सरुवा रोग अस्पताल, कपिलवस्तुको लागि आवश्यक रकम व्यवस्था गरेको छ। | स्वास्थ्य कार्यालय प्युठान, को बहुबर्षिय योजना स्वीकृतिका लागि प्रक्रियामा रहेको।<br>रुकुम (पूर्व) अस्पताल निर्माण सम्पन्न भई हस्तान्तरणको भैसकेको।<br>ट्रमा सेण्टर, लमहीको लक्ष्य अनुरुप कार्य भैरहेको पर्याप्त रकम विनियोजन गर्ने सकेमा चालु आ.व. मै कार्य सम्पन्न हुने। |

| | | |
|---|---|---|
| | | २०% रकम रोक्का राख्नुपर्ने भएकोले प्रदेशस्तरीय सरुवा रोग अस्पताल, कपिलवस्तुको वन रोयल्टी भुक्तानी प्रक्रियामा कठिनाई भई भुक्तानी रोकिएको। |
| ९७ | पोषणका सूचकहरू राष्ट्रिय औसतभन्दा कमजोर भएका कपिलवस्तु, बाँके, बर्दिया, रुपन्देही र दाङमा पोषण विशेष कार्यक्रम सञ्चालनका लागि रु.८ करोड व्यवस्था गरेको छ। महिला तथा बालबालिकाको स्वास्थ्य तथा पोषणको निरन्तर निगरानीका लागि सामुदायिक स्वास्थ्य कार्यक्रममा डिजिटल स्वास्थ्य सूचना प्रणाली सञ्चालनका लागि बजेट विनियोजन गरेको छ। | महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम सञ्चालन मार्गदर्शन २०८२/०८३ तर्जुमा भई सोहीअनुसार विभिन्न कार्यालयहरुमा आवश्यक बजेट बाँडफाँड भई कार्यक्रम कार्यन्वयनमा रहेको। |
| ९८' | दुर्गम तथा बिरामीको चाप रहेको स्थानमा विशेषज्ञ एवम् शल्यक्रिया सेवा सहितको स्वास्थ्य शिविर कार्यक्रमका लागि रकम विनियोजन गरेको छ। | दुर्गम स्थानमा विशेषज्ञ एवम् शल्यक्रिया सेवा सहितको स्वास्थ्य शिविर संचालनका लागि आवश्यक तयारी भैरहेको। |
| ९९ | प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरीमा विशेषज्ञ सेवा र लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवललाई विशेषज्ञ चिकित्सालयको रुपमा स्तरोन्नति गर्न रु.३ करोड विनियोजन गरेको छ। | आयुर्वेद चिकित्सालय, बुटवलको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा विशेषज्ञको दरबन्दी कायम गर्न पहल गरिएको। |
